# रूपमती उपन्यासको लैङ्गिक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग दर्शनाचार्य तह तेस्रो सत्रको पाठ्यांश सङ्केत ६०९ र ६१० को मौखिक प्रतिरक्षाको प्रयोजनका लागि
प्रस्तुत

## शोधसार

**शोधनिर्देशक**
**प्रा. केशव सुवेदी**
**नेपाली केन्द्रीय विभाग**

**प्रस्तुतकर्ता**
**दीपक कुमार पोखरेल**
**क्रमाङ्क : १३**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय,
कीर्तिपुर, काठमाडौं

**२०७१**

शोधनिर्देशक
प्रा. केशव सुवेदी

# रूपमती उपन्यासको लैङ्गिक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय नेपाली केन्द्रीय विभाग दर्शनाचार्य तह
तेस्रो सत्रको ६०९ र ६१० औं पत्रको
पाठ्यांशको प्रयोजनका लागि
प्रस्तुत

**शोधप्रबन्ध**

**प्रस्तुतकर्ता**
**दीपक कुमार पोखरेल**
**क्रमाङ्क : १३**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय,
कीर्तिपुर, काठमाडौं
२०७१

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य (एम्.फिल्.) तहको शोधकार्यका लागि दीपक कुमार पोखरेलले **रूपमती उपन्यासको लैङ्गिक अध्ययन** शीर्षकको शोध प्रबन्ध मेरो निर्देशनमा तयार पार्नुभएको हो । विभागद्वारा निर्धारित समयमा दर्ता गरिएको शीर्षक अनुरूप तयार पारिएको प्रस्तुत शोध पत्रको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७१/०५/२२

======================
=

प्रा. केशव सुवेदी
(शोध निर्देशक)
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर ।

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
**नेपाली केन्द्रीय विभाग**
कीर्तिपुर, काठमाडौं

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग अन्तर्गत दर्शनाचार्य तहका छात्र दीपक कुमार पोखरेलद्वारा पाठ्यांश नं. ६०९ र ६१० को प्रयोजनका लागि तयार पारिएको **रूपमती उपन्यासको लैङ्गिक अध्ययन** शीर्षकको यो शोध प्रबन्ध आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

१) प्रा.डा. देवीप्रसाद गौतम ......................................
विभागीय प्रमुख

२) प्रा. केशव सुवेदी ........................................
शोध निर्देशक

३) प्रा.डा. राजेन्द्रप्रसाद पौडेल .........................................
आन्तरिक परीक्षक

४) प्रा. मोहनराज शर्मा .........................................
बाह्य परीक्षक

मिति : २०७१/०८/२५

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधप्रबन्ध मैले आदरणीय गुरु **प्रा. केशव सुवेदी**को कुशल निर्देशनमा तयार पारेको हुँ । यसको तयारीका क्रममा प्राध्यापन तथा विविध व्यावहारिक कार्यको व्यस्तता बिच पनि आफ्नो अमूल्य समय दिई शोधकार्यमा अभिप्रेरित गर्नाका साथै सचेत र सजग गराउँदै निरन्तरता प्रदान गरी प्रस्तुत शोधपत्रलाई यस रूपमा ल्याउन समुचित मार्ग निर्देशन गरिदिनु हुने शोधनिर्देशक श्रद्धेय गुरूप्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतमप्रति म कृतज्ञ छु । त्यसै गरी शोधपत्रको तयारीका क्रममा सहयोग, सुझाउ र प्रेरणा दिनुहुने नेपाली केन्द्रीय विभागका आदरणीय गुरुहरूप्रति आभार प्रकट गर्दछु । यस शोध लेखन कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सल्लाह र सुझाव दिने गुरुहरू प्रा. राजेन्द्र सुवेदी, डा. नारायण चालिसे, प्रा.डा. ताराकान्त पाण्डेको सहयोग मेरा लागि सदैव स्मरणीय रहनेछ । यो शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक सामग्री उपलब्ध गराउने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै यस शोधग्रन्थ तयारीका लागि आर्थिक सहयोग प्रदान गर्ने विश्वविद्यालय अनुदान आयोगप्रति कृतज्ञता प्रकट गर्दछु ।

यहाँसम्मको अध्ययनका लागि प्रेरणा दिनुहुने पिता केदारनाथ पोखरेल र ममतामयी माता लक्ष्मीदेवी पोखरेल र दाजु सन्तोषकुमार पोखरेल, सीताराम पोखरेल र भाउजूहरू कला पोखरेल र उमा पोखरेलप्रति म आभारी छु । यस शोधपत्रलाई छिटो-छरितो र सजग रूपमा टङ्कन गर्ने युनिभर्सल फोटोकपी एण्ड कम्प्युटर सेन्टर नयाँ बजार कीर्तिपुरका सुभाष खत्रीलाई पनि धन्यवाद दिन चाहन्छु ।

........................

दीपक कुमार पोखरेल
नेपाली केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर, काठमाडौँ

शैक्षिक सत्र : २०६९/०७०
क्रमाङ्क : १३
मिति : २०७१/०९/०६

# रूपमती उपन्यासको लैङ्गिक अध्ययन

## शोध सार

प्रस्तुत शोधकार्यमा रूपमती उपन्यासलाई लैङ्गिक अध्ययन सम्बन्धी मान्यताको आधारमा विश्लेषण गरिएको छ । लैङ्गिक अध्ययनका विविध आधारमध्ये लैङ्गिक शक्ति सम्बन्ध र लैङ्गिक उत्पीडन सम्बन्धी मान्यताको आधारमा रूपमती उपन्यासको विश्लेषण गरिएको छ । पाश्चात्य साहित्य समालोचनाको विकासमा सन् १९६० पछि चर्चा आएको उत्तर आधुनिकतावादी समालोचना पद्धतिको विकाससँगै साँस्कृतिक अध्ययन सम्बन्धी मान्यता स्थापना भएको पाइन्छ । साँस्कृतिक अध्ययन छाता सङ्गठनको रूपमा विकसित हुने क्रममा लैङ्गिक अध्ययनलाई पनि एक पाटोको रूपमा विकास गरियो । सिमोन द बुमायर, केट मिलेट, एलेन सोवाल्टर, एलेन मुर्स आदि अभियन्ताहरूले सञ्चालन गरेको नारीवादी आन्दोलन, मेन्स स्टडिज टास्क ग्रुप (MSIG) ले सञ्चालन गरेको पुरुषवादी आन्दोलनको विकाससँगै, सन्दिग्धतावादी अध्ययन, ट्रान्सजेन्डर द्वैत, लिङगी, अन्तरलिङ्गी, पुरुष समलिङ्गी (गे) नारी समलिङ्गी (लेस्वियन) आदि विविध मान्यतालाई समावेश गरी लैङ्गिक अध्ययन सम्बन्धी समालोचना प्रणालीको विकास भएको पाइन्छ । लैङ्गिक अध्ययन सम्बन्धी विविध समालोचना पद्धति मध्ये नारीवादी लैङ्गिक अध्ययन र पुरुषवादी लैङ्गिक अध्ययनको पद्धतिको मात्र उपयोग यस शोधकार्यमा गरिएको छ । यो शोध साहित्य विषयक शोध भएकाले व्याख्यात्मक र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ ।

प्रस्तुत शोधकार्यको मूल समस्या रूपमती उपन्यासमा लैङ्गिक शक्ति सम्बन्धको अवस्था के कस्तो रहेको छ ? र रूपमती उपन्यासका पात्रहरू के कसरी लैङ्गिक उत्पीडनका सिकार भएका छन् ? भन्ने हो भने यसको उद्देश्य रूपमती उपन्यासको लैङ्गिक शक्ति सम्बन्ध केलाउनु र रूपमती उपन्यासको लैङ्गिक उत्पीडनको स्थितिको विश्लेषण गर्नु हो । यस शोधकार्यमा उपन्यासको विश्लेषणका लागि लैङ्गिक अध्ययनको लैङ्गिक शक्ति सम्बन्ध लैङ्गिक उत्पीडन, प्रभुत्व प्रतिनिधित्व र पहिचान सम्बन्धी मान्यताको उपयोग गरिएको छ । नारीवादी लैङ्गिक अध्ययन पद्धति र पुरुषवादी लैङ्गिक अध्ययन पद्धतिलाई यस शोधमा मुख्य सैद्धान्तिक आधारको रूपमा उपयोग गरिएको छ । सैद्धान्तिक आधार निर्धारणका लागि नारीवाद, पुरुषवाद सम्बन्धी र लैङ्गिक अध्ययन सम्बन्धी पुस्तकहरू र इन्टरनेटको समेत उपयोग गरिएको छ । यस शोधकार्य सम्पन्न गर्नको लागि

पुस्तकालयीय कार्यलाई प्रमुख रूपमा प्रयोग गरिएको छ । यस शोध कार्यमा रूपमती उपन्यासलाई प्राथमिक स्रोतको सामग्री र रूपमती उपन्यासको विश्लेषण भएका समीक्षा, टिप्प्पणी, शोध आदिलाई द्वितीयक स्रोतको सामग्रीको रूपमा उपयोग गरिएको छ । रूपमती उपन्यासको अध्ययन विश्लेषणको प्रक्रिया लामो समयदेखि चलिआएको पाइन्छ । यस उपन्यासलाई आदर्शवादी, यथार्थवादी कोणबाट र विधा तात्विक आधारमा विश्लेषण गर्ने पुस्तक र शोध कार्यको कमी छैन । यस उपन्यासमा लैङ्गिक असमानता, नारी जातीमाथिको शोषण, पुरुषमाथिको शोषण, समलैङ्गिक र विषमलैङ्गिक शोषणका आधारहरू प्रशस्त भए पनि लैङ्गिक अध्ययन सम्बन्धी मान्यताको आधारमा विश्लेषण नभएको कारण यस नवीन मान्यताको आधारमा कृतिको विश्लेषण गर्नु औचित्यपूर्ण र सान्दर्भिक देखिन्छ । रूपमती उपन्यासको विश्लेषण गर्दा लैङ्गिक अध्ययनका आधारमा मात्र केन्द्रित रहनु यस अध्ययनको मुख्य सीमा हो ।

प्रस्तुत शोध प्रबन्धलाई सुव्यवस्थित रूपमा प्रस्तुत गर्न यसको संरचनामा पनि विशेष ध्यान दिइएको छ । शोध प्रबन्धको प्रस्तुतिका क्रममा यस शोध प्रबन्धलाई जम्मा छ वटा परिच्छेदमा विभाजन गरिएको छ । रूपमती उपन्यासको लैङ्गिक अध्ययन शीर्षकको यस शोधप्रबन्धलाई यसरी परिच्छेदमा विभाजन गरिएको छ :

**परिच्छेद एक :** पहिलो परिच्छेदमा शोध प्रबन्धको परिचय खण्ड प्रस्तुत गरिएको छ । यसमा शोध शीर्षकको परिचय, समस्या कथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, सीमाङ्कन, सामग्री सङ्कलन विधि, सामग्री विश्लेषण विधि र ढाँचा र शोध प्रबन्धको रूपरेखाबारे उल्लेख गरिएको छ ।

**परिच्छेद दुई :** दोस्रो परिच्छेदमा लैङ्गिक अध्ययन सम्बन्ध सैद्धान्तिक मान्यतालाई प्रस्तुत गरिएको छ । यस परिच्छेदमा लैङ्गिक अध्ययनको प्रारम्भ र विकासबारे चर्चा गरी मूलभूत मान्यताहरूबारे प्रकाश पारिएको छ । नारीवादी लैङ्गिक अध्ययन, पुरुषवादी लैङ्गिक अध्ययन र सन्दिग्धतावादी लैङ्गिक अध्ययनलाई मूलभूत मान्यताको रूपमा चर्चा गरिएको छ । यस परिच्छेदमा लैङ्गिक अध्ययन र सांस्कृतिक अध्ययनका बिचको सम्बन्धको निरूपण गर्दै उपन्यास विश्लेषणको आधार तय गरिएको छ ।

**परिच्छेद तिन** : तेस्रो परिच्छेदमा रूपमती उपन्यासमा उपस्थित पात्रहरूको लैङ्गिक चिनारी प्रस्तुत गरिएको छ । उपन्यासका पात्रहरूलाई लिङ्गका आधारमा वर्गीकरण गरी पुरुष पात्रहरू र नारी पात्रहरूलाई भिन्न अलग अलग रूपमा चिनाइएको छ ।

**परिच्छेद चार** : चौथो परिच्छेदमा शोध प्रबन्धको पहिलो शोध समस्याको रूपमा रहेको रूपमती उपन्यासमा लैङ्गिक शक्ति सम्बन्धको अवस्थाबारे विश्लेषण गरिएको छ । यस अन्तर्गत पारिवारिक शक्ति सम्बन्ध र अन्तर पारिवारिक शक्ति सम्बन्ध उप शीर्षक रहेका छन् । पारिवारिक शक्ति सम्बन्ध अन्तर्गत पति र पत्नी बिचको, सासू र बुहारी बिचको, देउरानी र जेठानी बिचको, दाजु र भाइ बिचको र नोकर मालिक बिचको शक्ति सम्बन्धको चर्चा गरिएको छ । त्यस्तै अन्तर पारिवारिक शक्ति सम्बन्ध अन्तर्गत नेपाल परिवार र लुइँटेल परिवारका बिचको र नेपाल परिवार र बराल परिवारका बिचको शक्ति सम्बन्ध बारे विश्लेषण गरिएको छ ।

**परिच्छेद पाँच** : पाँचौ परिच्छेदमा दोस्रो शोध समस्याको समाधान गरिएको छ । दोस्रो शोध समस्याको रूपमा रहेको रूपमती उपन्यासमा लैङ्गिक उत्पीडनको अवस्थाबारे विश्लेषणात्मक समाधान प्रस्तुत गरिएको छ । रूपमती उपन्यासमा लैङ्गिक उत्पीडनबारे अध्ययन गर्ने क्रममा पतिद्वारा बुहारीप्रति गरिएको र मालिकद्वारा नोकरप्रति गरिएको लैङ्गिक उत्पीडनबारे चर्चा गरिएको छ ।

**परिच्छेद छ** : छैटौ परिच्छेदमा शोधको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ र अन्तमा सन्दर्भ सामग्री सूची खण्डमा शोधकार्यको प्रयोजनका लागि प्रयोगमा ल्याइएका कृति तथा पत्रपत्रिकाको सूची समावेश गरिएको छ । छ परिच्छेदमा संरचित रूपमती उपन्यासमा लैङ्गिक अध्ययन शीर्षकको यस शोधप्रबन्धको निष्कर्षलाई बुँदागत रूपमा यसरी प्रस्तुत गरिएको छ :

क. प्रस्तुत शोधप्रबन्धमा स्थापित साहित्यिक सिद्धान्तको आधारमा रूपमती उपन्यासको विश्लेषण गरिएको छ। तसर्थ यसमा निगमनात्मक विधिको प्रयोग भएको छ ।

ख. रुपमती उपन्यास नारीपात्र केन्द्रित उपन्यास भए पनि पितृसत्तावादी विचारको परिचालकको रूपमा नारीहरूको उपस्थिति भएको उपन्यास हो ।

ग. उपन्यासका नारीपात्रहरू पितृसत्तावादी सामाजिक संरचनाको नियमः कानुनबाट हेजेमोनाइन्ड छन् ।

घ. पितृसत्तावादी सामाजिक संरचनामा पनि पुरुषहरू नारीबाट शोषित र पीडित छन् ।

==========

==========

=

**दीपक कुमार पोखरेल**

दर्शनाचार्य तह

तेस्रो सत्र

## विषय परिचय

### परिच्छेद : एक

### शोध परिचय

१.१ विषय परिचय १

१.२ समस्याकथन २

१.३ उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा ३

१.४.१ रूपमती उपन्याससँग सम्बन्धित पूर्वकार्यको समीक्षा ३

१.४.२ सैद्धान्तिक पर्याधारसँग सम्बन्धित पूर्वकार्यको समीक्षा ६

१.५ शोधको औचित्य र महत्त्व ९

१.६ शोधको सीमाङ्कन ९

१.७ शोधविधि १०

१.७.१ सामग्री सङ्कलन विधि/कार्य १०

१.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार/ढाँचा १०

१.८ शोधप्रबन्धको संरचना ११

### परिच्छेद : दुई

### लैङ्गिक अध्ययनको सैद्धान्तिक आधार

२.१ विषय परिचय १३

२.२ लैङ्गिक अध्ययनको परिचय र परिभाषा १३
२.३ लैङ्गिक अध्ययनको प्रारम्भ र विकास १५
२.४ लैङ्गिक अध्ययनका मूलभूत मान्यता १९
२.४.१ नारीवादी लैङ्गिक अध्ययन १९
२.४.२ पुरुषवादी लैङ्गिक अध्ययन २२
२.४.३ सन्दिग्धतावादी लैङ्गिक अध्ययन २३
२.५ लैङ्गिक अध्ययन र सांस्कृतिक अध्ययन २३
२.६ उपन्यासको लैङ्गिक विश्लेषणको आधार २६
२.६.१ शक्ति सम्बन्ध २७
२.६.२ लैङ्गिक उत्पीडन २८
२.६.३ प्रभुत्व २९
२.६.४ प्रतिनिधित्व र पहिचान ३०
२.७ निष्कर्ष ३१

**परिच्छेद तिन**

**रूपमती उपन्यासका पात्रहरूको लैङ्गिक चिनारी**

३.१ विषय परिचय ३३
३.२ रूपमती उपन्यासका पात्रहरूको लैङ्गिक चिनारी ३३
३.२.१ नारी पात्रहरूको चिनारी ३३
३.२.२ पुरुष पात्रहरूको चिनारी ३८
३.३ निष्कर्ष ४३

**परिच्छेद चार**

**रूपमती उपन्यासमा शक्ति सम्बन्ध**

४.१ विषय प्रवेश ४४
४.२ पारिवारिक शक्ति सम्बन्ध ४४
४.२.१ पति र पत्नी बिचको शक्ति सम्बन्ध ४५
४.२.२ सासू र बुहारी बिचको शक्ति सम्बन्ध ४९
४.२.३ देउरानी र जेठानी बिचको शक्ति सम्बन्ध ५२
४.२.४ नोकर र मालिक बिचको शक्ति सम्बन्ध ५४

४.२.५ दाजु र भाइ बिचको शक्ति सम्बन्ध ५५
४.३ अन्तर पारिवारिक शक्ति सम्बन्ध ५७
४.३.१ नेपाल परिवार र लुइँटेल परिवारका बिचको शक्ति सम्बन्ध ५७
४.३.२ नेपाल परिवार र बराल परिवारका बिचको शक्ति सम्बन्ध ५९
४.४ निष्कर्ष ६०

## परिच्छेद : पाँच

## रूपमती उपन्यासमा लैङ्गिक उत्पीडन


५.१ विषय प्रवेश ६२

५.२ रूपमती उपन्यासमा लैङ्गिक उत्पीडन ६२

५.२.१ पतिद्वारा पत्नीप्रति गरिएको लैङ्गिक उत्पीडन ६३

५.२.२ पत्नीद्वारा पतिप्रति गरिएको लैङ्गिक उत्पीडन ६५

५.२.३ सासूद्वारा बुहारीप्रति गरिएको लैङ्गिक उत्पीडन ६७

५.२.४ मालिक/मालिक्नीद्वारा नोकर/नोकर्नीहरूप्रति गरिएको लैङ्गिक उत्पीडन ७०

५.३ निष्कर्ष ७२


## परिच्छेद : छ
## सारांश र निष्कर्ष


६.१ सारांश ७४

६.२ निष्कर्ष ७५

**सन्दर्भ सामग्री सूची**

परिच्छेद : एक

# शोध परिचय

## १.१ विषय परिचय

**रूपमती** उपन्यासको लैङ्गिक अध्ययन गर्नु यस शोधको मुख्य विषय हो । **रूपमती** उपन्यासका लेखक रुद्रराज पाण्डे (वि.सं. १९५७-२०४३) हुन् । उनका **रूपमती** (१९९१) **चप्पाकाजी** (१९९३), **प्रायश्चित्त** (१९९३), **प्रेम** (२००५), **हेरफेर** (२०५०) उपन्यासहरू प्रकाशित छन् । पाण्डेले धार्मिक, पौराणिक, नैतिक, औपदेशिक र रम्याख्यानात्मक स्रोतका अनूदित आख्यान परम्परालाई तोड्दै नेपाली उपन्यासको आधुनिक कालको प्रवर्तन गरेको मानिन्छ । उनले आदर्शोन्मुख यथार्थवादी उपन्यास लेखन मार्फत नेपाली उपन्यास परम्परामा आधुनिक कालको आरम्भ गरेका हुन् । उनले नेपालमा शिक्षाको क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान दिएका छन् ।

**रूपमती** उपन्यासमा वि.सं. १९९० पूर्वको पितृसत्तात्मक सामाजिक संरचनामा टिकेको नेपाली समाजको चित्रण गरिएको छ । आदर्शोन्मुख यथार्थवादी धरातलमा लेखिएको **रूपमती** नायिका प्रधान उपन्यास हो । बहत्तर महिनामा विवाह भएकी **रूपमती**को जीवनकथा नै **रूपमती** उपन्यासको मुख्य विषय हो । यस उपन्यासमा वि.सं.१९९० पूर्वको नेपाली समाजको तस्विर प्रस्तुत गरिएको छ । तत्कालीन नेपाली समाजको मानसिकतालाई यस उपन्यासले चित्रण गरेको छ । त्यस समयका मानिसहरूको सोचाइ, जीवनशैली, बानी व्यवहार यस उपन्यासमा आएका छन् । पितृसत्तात्मक राज्य सत्ताले लादेको पुरुषवादी विचारलाई नारीहरूले कसरी बोकेर हिँडेका छन् भन्ने कुरा उपन्यासमा समेटिएको छ । उपन्यासमा विषमलैङ्गिक विभेद भन्दा समलैङ्गिक विभेद सशक्त देखिन्छ । नेपाली समाजको अन्तरङ्ग भन्दा बहिरङ्ग पक्षलाई उपन्यासले प्रस्तुत गरेको छ । समाजका विविध बन्धन भित्र उपन्यासका पात्रहरू बाँधिएका छन् । **रूपमती** उपन्यासको यथार्थवादी र आदर्शवादी कोणबाट अध्ययन विश्लेषण भए पनि लैङ्गिक मान्यताका आधारमा अध्ययन विश्लेषण हुन सकेको छैन । त्यसैले लैङ्गिक अध्ययन सम्बन्धी सान्दर्भिक र औचित्यपूर्ण देखिन्छ ।

लैङ्गिक अध्ययन अङ्ग्रेजी जेन्डर स्टडिज (Gender studies) को नेपाली रूपान्तर हो । साहित्य समालोचनाको क्षेत्रमा साँस्कृतिक अध्ययनको एक पाटोका रूपमा यसको

अध्ययन गरिन्छ । यसमा उत्तरआधुनिकताका विभिन्न सिद्धान्तका साथै मार्क्सवाद, नारीवाद, पुरुषवाद, सग्दिधतावाद, सवाल्टर्न आदि सिद्धान्तको पनि उपयोग गरिन्छ । यसमा महिला र पुरुषको प्राकृतिक पक्षको नभई साँस्कृतिक पक्षको अध्ययन गरिन्छ । यसले तत्कालीन समाजका लैङ्गिक मान्यता र लैङ्गिक भूमिकालाई कृतिमार्फत कसरी अभिव्यक्त गरिएको छ र त्यसमा लेखकको विचार कस्तो छ भन्ने कुराको अध्ययन गर्दछ । तत्कालीन समाजका महिला र पुरुष लैङ्गिक विभेदका सिकार कसरी बनेका छन् र त्यसका कारण के के हुन् भनी प्रस्ट पार्ने काम लैङ्गिक अध्ययनमा गरिन्छ । यस शोधप्रबन्धमा लैङ्गिक अध्ययनका विविध पाटो मध्ये लैङ्गिक शक्ति सम्बन्ध र लैङ्गिक उत्पीडन सम्बन्धी मान्यताका आधारमा **रूपमती** उपन्यासको विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

**रूपमती** उपन्यासको लैङ्गिक अध्ययन गर्नु यसको मुख्य समाधेय विषय हो । उपन्यासमा पितृसत्तात्मक संरचनाको कारण उत्पीडनमा परेका नारीको अवस्था र कठोर स्वभावका नारीको कारण उत्पीडित पुरुषको अवस्थाको चित्रण गरिएको छ । सो अवस्थामा उपन्यासमा लैङ्गिक शक्ति सम्बन्ध र लैङ्गिक उत्पीडनकोबारे अध्ययन विश्लेषण गर्नु यस शोधको मुख्य प्राज्ञिक समस्या हो । यिनै अनुसन्धेय समस्याहरूलाई निम्न प्रश्नावलीमा प्रस्तुत गरिएको छ :

(क) **रूपमती** उपन्यासमा लैङ्गिक शक्ति सम्बन्धको अवस्था के-कस्तो रहेको छ ?

(ख) **रूपमती** उपन्यासका पात्रहरू के कसरी लैङ्गिक उत्पीडनको सिकार भएका छन् ?

## १.३ उद्देश्य

माथि उल्लिखित समस्याहरूको समाधानमा केन्द्रित रही **रूपमती** उपन्यासको लैङ्गिक अध्ययन गर्नु यस शोधकार्यको मुख्य उद्देश्य रहेको छ । यस मुख्य उद्देश्यसँग सम्बन्धित निम्न लिखित उद्देश्य प्राप्तिका लागि यो शोधकार्य गरिएको छ :

(क) **रूपमती** उपन्यासमा लैङ्गिक शक्ति सम्बन्धलाई केलाउनु,

(ख) **रूपमती** उपन्यासमा लैङ्गिक उत्पीडनको स्थितिको विश्लेषण गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

**रूपमती** उपन्यासको लैङ्गिक अध्ययन शीर्षकमा यो शोधकार्य केन्द्रित छ । '**रूपमती** उपन्यासको कृतिपरक अध्ययन' शीर्षकमा शोधकार्य र **रूपमती** उपन्यासमा आदर्शवाद, आदर्शोन्मुख यथार्थवाद आदि कोणबाट तथा उपन्यासको विधातात्विक कोणबाट विभिन्न समीक्षा, टिप्पणी, समालोचनात्मक अध्ययन भएका छन् । प्रस्तुत शोधकार्य पूर्ववर्ती शोधकार्य र समालोचनात्मक लेखहरूभन्दा नितान्त भिन्न प्रकृतिको छ । **रूपमती** उपन्यासका सम्बन्धमा अहिलेसम्म भएका अध्ययनहरूमध्ये प्रस्तुत शोध समस्यासँग मिल्दाजुल्दा पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक पर्याधारसँग सम्बन्धित अध्ययनहरूलाई कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ ।

### १.४.१ रूपमती उपन्याससँग सम्बन्धित पूर्वकार्यको समीक्षा

**रूपमती** उपन्यासका विषयमा प्रशस्त अध्ययन अनुसन्धानहरू भए पनि लैङ्गिक अध्ययनको दृष्टिकोणबाट भने अध्ययन भएको छैन । अन्य विविध कोणबाट भएको अध्ययनमा लैङगिक उत्पीडनको विषयमा सामान्य चर्चा भएको छ । सो अध्ययन र विश्लेषणका कार्यलाई यहाँ कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

प्रतापचन्द्र प्रधान (२०३९-२०४०) ले *वाङ्मय* पूर्णाङ्क ३ को 'आधुनिक नेपाली उपन्यासको प्रतिष्ठापन र रूपमती उपन्यास' शीर्षक लेखमा **रूपमती** उपन्यासले वि.सं. १९९० सम्मको नेपाली समाजको सामाजिक यथार्थको रोचक अभिव्यञ्जना प्रस्तुत गरेको उल्लेख गरेका छन् । उनले उपन्यासको घटना व्यापारले नेपाली समाजको वास्तविकतालाई प्रस्तुत गर्ने क्रममा सीमित पारिवारिकतादेखि व्यापक सामाजिकता तर्फको अभिमुखता र नेपाली समाजको अन्तरङगी मानसिक धरातलको उत्खनन गर्नु भन्दा बहिरङ्गी सामाजिक चित्र उतारेको उल्लेख गरेका छन् । उनले **रूपमती** उपन्यासले सासू बुहारीको झगडा, पुराना र नयाँ पुस्ताको द्वन्द्व, घर घरानाको तुलना र विभिन्नतालाई चर्चा गर्दै नेपाली समाजको घर गृहस्थीको चित्रण गर्दै तत्कालीन सङ्क्रमणशील समाजका समलैङ्गिक र विसमलैङ्गिक उत्पीडनको अवस्था बारे चर्चा गरिएको छ ।

कृष्णहरि बराल (२०४६) ले मधुपर्क मासिक पूर्णाङ्क २४४ मा 'रूपमती उपन्यास : आधुनिकताको प्रश्न' शीर्षक लेखमा नेपाली उपन्यासमा आधुनिकताको आरम्भ **रूपमती** उपन्यासबाट नभएको ठहर गरेका छन् । यस क्रममा उनले **रूपमती** उपन्यासमा मुख्य विषयको रूपमा रहेको सासू बुहारीको झगडा हुनु हुन्न भन्ने चाहन्छन् तर त्यसको निदान उपन्यासमा नभएको तर्क पेश गरेका छन् । बरालले रूपमतीलाई सासूले जगल्ट्याउँदा त्यसको प्रतिवाद गर्नुको सट्टा आमाको बोलीमा लोली मिलाउने शर्मा अन्धविश्वासद्वारा थिलथिलिएका पात्र हुन् भन्ने ठोकुवा गरेका छन् । बरालले हविलाल शर्मालाई अन्धविश्वासी पात्र भएको तर आदर्श पात्रको रूपमा चित्रण गरिएको उल्लेख गरेका छन् । सासूले जति अत्याचार गरेपनि बुहारीले सहनु पर्छ भन्ने धारणा अवैज्ञानिक हो भन्दै बरालले उपन्यासकी बराल पुत्रीलाई मापाकी पात्रको रूपमा उभ्याएका छन् । उनले बरालपुत्रीको 'सके राख्नु नसके माइत पठाइदिनु खान नपाएर आएका होइनौ, एउटा जागीरको बन्दोबस्त नगरी कति दिन हिड्ने हो ? सधै मैले माइताबाट धानेर पुग्दैन क्यारे ?' आदि कथनका आधारमा उनलाई स्वभाविक पात्रको रूपमा चर्चा गरेका छन् । उनले उपन्यासमा छोरोवादको वकालत गरिएको र छोरीलाई हेय ठानिएको उल्लेख गरेका छन् । लैङ्गिक विभेदको अवस्थालाई उनले आफ्नो लेखको मुख्य विषय बनाएका छन् ।

कृष्णचन्द्रसिंह प्रधान (२०४३) ले *नेपाली उपन्यास र उपन्यासकार समालोचनात्मक ग्रन्थ*मा रुद्रराज पाण्डेको उपन्यासकारीताबारे चर्चा गरेका छन् । उनले **रूपमती** उपन्यासमा सासू बज्यैहरूले गर्ने गरेका चेवा चर्चामा साँच्चै नै उनीहरूको लोलोपोतो, उल्क्याउने र भिडाउने सङ्कीर्ण मनोभावनाको महिला समाज प्रदर्शित रहेको उल्लेख गरेका छन् । पाण्डेले उपन्यासमा स्थूल सत्यभन्दा समाजको गहनतामा पसेर पारिवारिक जीवनमा सामूहिकता वरण गर्ने सहयात्रा सहितको सहज र संवेद्य विस्मृतिलाई उजागर गरेको प्रधानले चर्चा गरेका छन् । उपन्यासमा प्रचलित सामाजिक मान मर्यादा र नैतिक आचरणहरूलाई पछ्याई राख्ने मान्यताभित्र प्रगति विरोधी रुढीबूढी प्रचलनहरू सुधार्ने ढिपी रहेको प्रधानले उल्लेख गरेका छन् । प्रधानले **रूपमती**का समस्या, त्रुटिहरू र तिनको समाधानमा सामाजिक दृष्टिकोण छ, सामूहिकता छ, यथार्थताहरूले सामाजिक वस्तुस्थितिको झल्को दिए पनि वास्तवमा उपन्यासमा व्यक्ति प्रमुख भएको र समाज गौण भएको विचार व्यक्त गरेका छन् । यस समालोचनामा व्यक्ति प्रधान रहेको यस उपन्यासको लैङ्गिक अध्ययन गर्ने क्रममा व्यक्तित्व प्रदान गर्ने समाजले खेलेको भूमिका सम्बन्धी विचारको उपयोग गरिएको छ ।

विष्णुप्रसाद चापागाईं (२०६१)ले '**रूपमती** उपन्यासको कृतिपरक अध्ययन' शीर्षक स्नातकोत्तर शोधपत्रमा **रूपमती** उपन्यासको विधातात्त्विक अध्ययन गरेका छन् । यस क्रममा चापागाईंले उपन्यासका मुख्य पात्र हविलाल शर्मालाई शिक्षित, सुसंस्कृत, बहुपत्नी प्रथाको विरोध गर्ने आदर्श दाजुको रूपमा प्रस्तुत गरेका छन् । हविलाल अशिक्षित रूपमतीलाई हेय दृष्टिले हेर्दछ, जुन उसको कमजोरी पक्ष हो भनी चापागाईंले उल्लेख गरेका छन् । तत्कालीन समाजले उसलाई आदर्श पुरुषको दृष्टिकोणले हेरेको छ भन्ने चापागाईंले उल्लेख गरेका छन् । त्यस्तै रूपमतीलाई उपन्यासको तत्कालीन समाजले रूपवती, गुणवती, नम्र र हार्दिक स्वभावकी पात्रको रूपमा उभ्याएको छ । धीरता र सहनशीलता **रूपमती**का सबल पक्ष हुन् भन्दै चापागाईंले रूपमती क्रान्तिकारी चरित्रका रूपमा आउन नसकेको चर्चा गरेका छन् । उनले रूपमतीलाई आदर्श हिन्दू नारीको प्रतिनिधित्व गर्ने वर्गीय चरित्र तथा रविलाल र बरालपुत्रीलाई पश्चातापमा जलेका पात्रको रूपमा चर्चा गरेका छन् । रविलाल र बरालपुत्री दुबैलाई दाजु भाउजूको आदर्शपूर्ण व्यवहारले परिवर्तन गरेको छ र अन्तमा अनुकूल पात्रका रूपमा परिवर्तित भएको चर्चा गरेका छन् । चापागाईंले रूपमती र बरालपुत्री जन्मे हुर्केको परिवेशले उनीहरूको स्वभावमा विविधता देखा परेको चर्चा गरेका छन् । बरालपुत्री गाउँमा अशिक्षित परिवारमा जन्मिएको कारण धनमा बढी जोड दिन्छे भने रूपमती सहरको शिक्षित परिवारमा जन्मिएको कारण सु-संस्कृत र शिष्ट रहेको चर्चा चापागाईंले गरेका छन् ।

राजेन्द्र सुवेदी (२०६४)ले *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति* पुस्तकमा रुद्रराज पाण्डेको **रूपमती** उपन्यासको आदर्शवादी मान्यताबाट चर्चा गरेका छन् । आदर्शवादी मान्यताबाट विश्लेषणका क्रममा लैङ्गिक विभेदका कारण देखिएको समस्यालाई पनि सुवेदीले उल्लेख गरेका छन् । रविलाल घरको कान्छो छोरो भएर पुलपुलिएको, पठनपाठनमा स्वाँठ, टोलछिमेकको दादा भएको, बरालपुत्री छोरीछोरी पाए बापत सबैबाट उपेक्षित हुनु परेको घटनालाई सुवेदीले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् । उनले उपन्यासका पात्रहरू कार्यवाहक रूपमा नियुक्त कामदारजस्ता छन्; स्वयम्को अहम् र स्वायत्तबोध कसैमा छैन, उनीहरू नियतताको कडा आदेशमा परिचालित छन् भन्दै पितृसत्तात्मक सामन्ति समाजको दासको रूपमा पात्रहरू उपन्यासमा देखा परेको चर्चा गरेका छन् । सासू मण्डलीको अतिवादी चिन्तनले नारीमाथि नारीको शोषण गर्ने परम्परालाई मलजल गरेको सुवेदीले

उल्लेख गरेका छन् । उनले पितृसत्तावादी सामाजिक संरचनाको कारण नारी र पुरुष दुवैले उत्पीडनको सिकार हुनु परेको उल्लेख गरेका छन् ।

कृष्णहरि बराल र नेत्र एटम (२०५६) ले *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* पुस्तकमा आदर्शोन्मूख यथार्थवादी उपन्यासको रूपमा **रूपमती** उपन्यासको चर्चा गरेका छन् । उनीहरूले नारीको चरित्र र आदर्शलाई केन्द्रविन्दु बनाएर लेखिएको **रूपमती** उपन्यासले पुरुषले नारीमाथि गर्ने शोषणको चित्रण गरेको उल्लेख गरेका छन् । उपन्यासले नेपाली नारीहरूलाई **रूपमती** जस्तै आदर्श बन्ने प्रेरणा र बरालपुत्रीभैँ नहुन सुझाव दिएको उल्लेख उनीहरूले गरेका छन् । उनीहरूले उपन्यासमा नारीहरूमाथि सहानुभूति देखाएर उनीहरूलाई अझै चुलोचौकाको घेराभित्र रहन सम्झाएको उल्लेख गरेका छन् । यस अध्ययनमा लैङ्गिक अध्ययन सम्बन्धी केही सूचनाहरू प्रस्तुत गरिएको छ ।

### १.४.२ सैद्धान्तिक पर्याधारसँग सम्बन्धित पूर्वकार्यको समीक्षा

लैङ्गिक अध्ययन पाश्चात्य समालोचना परम्परामा विकसित सिद्धान्त हो । नारीवादी, पुरुषवादी र सन्दिग्धतावादी सिद्धान्तको केन्द्रमा लैङ्गिक अध्ययनको विकास भएको पाइन्छ । नेपाली साहित्यको समालोचना विधामा लैङ्गिक अध्ययनका अवधारणाबारे केही सैद्धान्तिक प्रकृतिका टीका टिप्पणी हुँदै आएका छन् । नेपाली साहित्यमा लैङ्गिक अध्ययनका सम्बन्धमा भएका लेख, समालोचनात्मक टिप्पणीलाई यहाँ कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

कृष्ण गौतम (२०५९) द्वारा लिखित आधुनिक आलोचनाः अनेक रूप अनेक पठन पुस्तकमा प्रह्लाद नाटकको विविध कोणबाट विश्लेषण गर्ने क्रममा नारीवादको आधारमा पनि विश्लेषण गरिएको छ । त्यस क्रममा उनले नारीवादी समालोचनाको प्रारम्भ र विकासका साथै नारीवादी समालोचनाको मूलभूत मान्यताको चर्चा गरेका छन । उनले नारीवादी समालोचनाको प्रमुख बुँदाको रूपमा पितृसत्ता र पुलिङ्गकेन्द्र वाद, यौन र लिङ्ग, स्त्रीलेखनको खोजमेल र अध्ययनको चर्चा गरेका छन् । उनले स्त्री समलैङ्गिक अवधारणाको पनि चर्चा गरेका छन् ।

मिरा मिश्र र विन्दु पोखेल (२०६७) द्वारा लिखित 'समाजीकरण तथा लैङ्गिकता' शीर्षक लेखमा समाजीकरणको अवधारणा तथा लैङ्गिकतागत समाजीकरणको बारेमा चर्चा गरिएको छ । यस लेखमा बालबालिकालाई सामाजीकरण गर्ने क्रममा सानैदेखि लैङ्गिक

विभेदमूलक क्रियाकलाप गरिने र ती क्रियाकलापलाई सामान्य रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै पितृसत्ता र नारीवादका आधारभूत अवधारणाको चर्चा पनि यहाँ गरिएको छ ।

विन्दु पोखेल र मिरा मिश्र (२०६७) द्वारा लिखित 'परिवार तथा लैङ्गिकता' शीर्षक लेखमा परिवार र लैङ्गिकताको परिभाषा, प्रकार र यी दुई बिचको सम्बन्धबारे चर्चा गरिएको छ । महिला र पुरुषको भिन्न सामाजिक परिचय नै लैङ्गिकता हो भन्दै परिवारमा घरभित्र र बाहिरका कामको आधारमा महिला र पुरुषको विभेद गरिने सामाजिक परम्पराको चर्चा यहाँ गरिएको छ । प्राथमिक स्तरमा महिला र पुरुषको सम्बन्ध कसरी स्थापित हुन्छन् ? भन्ने विषयमा यहाँ चर्चा गरिएको छ ।

रमेशप्रसाद भट्टराई (२०६८) ले *रत्न बृहत् नेपाली समालोचना ग्रन्थ*मा 'लैङ्गिक समालोचना' शीर्षक लेखमा लैङ्गिक अध्ययन सम्बन्धी मान्यतालाई प्रस्तुत गरेका छन् । उनले लैङ्गिक समालोचनाको परिचय, प्रारम्भ र विकासका साथै अध्ययन क्षेत्र र मूलभूत मान्यताहरूको चर्चा गरेका छन् । उनले लैङ्गिक समालोचनामा नारीवाद, पितृसत्ता, सामाजिक लिङ्ग लैङ्गिकता, पुलिङ्गता र सामाजिक लिङ्गभेदको अध्ययन गर्न सकिने धारणा प्रस्तुत गरेका छन् । भट्टराईले लैङ्गिक अध्ययनको एउटा विषयको रूपमा रहेको नारीवाद महिला सम्बन्धी विचार, दर्शन र राजनीति हो भन्दै यसले नारीलाई केन्द्रमा राखेर नारीको पक्षमा बोल्ने र लेख्ने कार्य गर्दछ भन्ने धारणा प्रस्तुत गरेका छन् । त्यस्तै पितृसत्ता जीववैज्ञानिक निर्मिति नभएर सांस्कृतिक निर्मिति हो भन्दै महिलाको श्रमशक्तिको शोषण, प्रजनन अधिकार, नारी लैङ्गिकता र अधिकार, सम्पत्तिमाथिको पहुँच जस्ता कुराले समाजमा पितृसत्ता बलियो बनेको हुँदा महिलामाथि हुने शोषण र दमनका सबै प्रकारका स्रोत बन्द गर्नुपर्छ भन्ने मान्यता लैङ्गिक अध्येताहरूको छ भन्ने मान्यतालाई प्रस्तुत गरेका छन् । उनले निर्धारण गरेको लैङ्गिक अध्ययनका क्षेत्रहरू मध्ये नारीवाद र पितृसत्ता सम्बन्धी धारणाको उपयोग यस शोधमा गरिएको छ ।

सञ्जीव उप्रेती (२०६८) ले *सिद्धान्तका कुरा* पुस्तकको 'जेन्डर अध्ययन' शीर्षक लेखमा लैङ्गिक अध्ययनको एक पाटो नारीवादको चर्चा गरेका छन् । नारीवादी अध्ययनको सन्दर्भमा उनले विभिन्न किसिमका आन्दोलन र नारीवादी विचारकको प्रसङ्गहरू उल्लेख गर्दै तात्त्विकतावादी र निर्माणवादी तर्कको चर्चा गरेका छन् । यस क्रममा उनको लेखमा

समलिङ्गी सम्बन्धी मान्यतालाई पनि प्रस्तुत गरिएको छ । उनको यस लेखमा ट्रान्सजेन्डर र सन्दिग्धतावादी अवधारणाको समेत चर्चा गरिएको छ ।

ज्ञानु पाण्डेले *नेपाली उपन्यासमा लैङ्गिकता* (२०६९) पुस्तकमा लैङ्गिक सिद्धान्तको सामान्य रूपमा चर्चा गर्दै स्वास्नी मान्छे, अनुराधा, सुभद्रा बज्यै, तीन घुम्ती, तरुनी खेती, उसको लोग्ने र बिरालो, समानान्तर आकाश, मानसी, सुसम चण्डिका सिक्काका दुई पाटा, बदलिँदो क्षितिज र अनावृत उपन्यासको लैङ्गिक अध्ययन गरेकी छन् ।

रजनी ढकाल (२०६९) ले जुही त्रैमासिक पत्रिकाको नारी अङ्कको 'नेपाली नारी उपन्यासमा लैङ्गिकता' शीर्षक लेखमा लैङ्गिकता सम्बन्धी अध्ययनका लागि विभिन्न आधारहरू निर्माण गरेकी छन् । उनले जैविक रूपमा पुरुष र महिला अलग भएपछि समाजले तिनमा लगाउने अनेक नियम र भूमिकाले लैङ्गिकताको निर्माण हुने गर्दछ भन्ने धारणा प्रस्तुत गरेकी छन् । उनले नारी उपन्यासकारद्वारा लिखित उपन्यासहरूको विश्लेषण गर्ने क्रममा पितृसत्तात्मक सत्ताको विरोध, विद्रोही नारी चरित्रको आह्वान, आर्थिक अधिकारशून्य अवस्थामाथि प्रकाश, महिलाको यौनिकताको सम्बोधन, प्रजनन अधिकार र मातृत्व चेतनाको अभिव्यक्ति जस्ता आधारहरूको निर्माण गरी तिनै आधारमा विभिन्न उपन्यासको विश्लेषण गरेकी छन् ।

सुधा त्रिपाठी (सन् २०१२) ले *नारीवादी सौन्दर्य चिन्तन*मा पाश्चात्य साहित्यमा विकसित नारीवादको सैद्धान्तिक अवधारणाको चर्चा गरेकी छन् । त्रिपाठीले नारीवादको पृष्ठभूमि र विकासक्रमका विविध चरणहरूलाई प्रस्तुत गर्दै उदार नारीवाद, आमूल नारीवाद, समाजवादी नारीवाद, मार्क्सवादी नारीवाद आदि नारीवादको प्रकारको चर्चा गरेकी छन् ।

राधिका गुरागाइँ (२०७०) ले 'प्रेमपिण्ड नाटकको लैङ्गिक अध्ययन' शीर्षकमा दर्शनाचार्य तहको शोधकार्य गरेकी छन् । उनको यस शोधप्रबन्धमा लैङ्गिक अध्ययनको एक पाटो नारीवादी लैङ्गिक अध्ययनलाई आधार मानी कृतिको विश्लेषण गरिएको छ । गुरागाईले आन्तिनियो ग्राम्ची, आल्थुसर, फुकोको दार्शनिक चिन्तनको उपयोग गरी प्रतिनिधित्व, पहिचान, प्रतिरोध, शक्ति सम्बन्ध र लैङ्गिक उत्पीडनको आधारमा कृतिको विश्लेषण गरेकी छन् ।

माथि उल्लिखित **रूपमती** उपन्याससँग सम्बन्धित पूर्वाध्ययनहरू लैङ्गिक अध्ययन एवम् साँस्कृतिक अध्ययनका सम्बन्धमा प्रकाश पार्ने उद्देश्यले गरिएका कार्यहरू होइनन् ।

त्यसैले तिनमा सान्दर्भिक रूपमा मात्र **रूपमती** उपन्यासमा व्यक्त लैङ्गिक सँस्कृतिका सम्बन्धमा टिप्पणी गरिएको छ । ती टिप्पणीहरूबाट **रूपमती** उपन्यासमा लैङ्गिक उत्पीडन व्यक्त भएको कुराको सङ्केत पाइन्छ । तिनै सङ्केतहरूले यस उपन्यासको लैङ्गिक अध्ययन गर्न मद्दत गर्ने छन् ।

## १.५ शोधको औचित्य र महत्त्व

**रूपमती** उपन्यासको लैङ्गिक अध्ययन सम्बन्धी यो शोधकार्य प्राज्ञिक ज्ञानको विषय हो । नेपाली साहित्यमा लैङ्गिक अध्ययनले भर्खरै मात्र चर्चा पाउन थालेको छ । अनुसन्धानात्मक ढङ्गले अध्ययन गर्ने कार्यको आरम्भ भएको छ । लैङ्गिक अध्ययन सम्बन्धी मान्यताको आधारमा **रूपमती** उपन्यासको विश्लेषण गरिने भएकाले यो कार्य प्राज्ञिक दृष्टिले उपयुक्त छ । रूपमती उपन्यासको लैङ्गिक अध्ययन गर्दा नवीन ज्ञानको उन्मेष हुने भएकोले यो शोधको औचित्य स्वतः पुष्टि भएको छ । यस शोधकार्यबाट उपन्यासको लैङ्गिक अध्ययन गर्ने पद्धतिका साथै लैङ्गिक अध्ययन सम्बन्धी शोधकर्ता, प्राज्ञिक वर्ग, जिज्ञासु पाठक लगायतका ज्ञानार्थीलाई ज्ञानात्मक लाभ हुने हुनाले पनि यो शोध औचित्यपूर्ण छ ।

## १.६ शोधको सीमाङ्कन

**रूपमती** उपन्यासको लैङ्गिक अध्ययन शीर्षकको प्रस्तुत शोध प्रबन्धमा **रूपमती** उपन्यासलाई अन्य कुनै सैद्धान्तिक आधारमा विश्लेषण नगरी लैङ्गिक दृष्टिले मात्र अध्ययन गरिएको छ । यस क्रममा नारीवादी र पुरुषवादी लैङ्गिक अध्ययनको कोणबाट रूपमती उपन्यासको विश्लेषण गरिएको छ ।

## १.७ शोधविधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र विश्लेषणको सैद्धान्तिक आधार तथा ढाँचा पर्दछन् । यी दुवै पक्षका बारेमा क्रमशः तलका उपशीर्षकहरूमा चर्चा गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि/कार्य

प्रस्तुत शोधमा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ । यसका लागि पुस्तकालयलाई सामग्री सङ्कलनको प्रमुख आधार मानिएको छ । उपन्यासकार

रुद्रराज पाण्डेको **रूपमती** उपन्यास प्राथमिक स्रोतबाट र उपन्यासको अध्ययनमा केन्द्रित पूर्वाध्ययनका सामग्रीहरूलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार/ढाँचा

यस शोधकार्यको मुख्य सैद्धान्तिक पर्याधार लैङ्गिक अध्ययन पद्धति हो । साँस्कृतिक अध्ययनको एक पाटोका रूपमा रहेको यस पद्धतिभित्र लैङ्गिक उत्पीडन र लैङ्गिक शक्ति सम्बन्धलाई विश्लेषणको मुख्य आधार बनाइएको छ । यस शोधकार्यमा **रूपमती** उपन्यासको लैङ्गिक अध्ययन गर्न मुख्य दुईवटा आधार निर्माण गरिएको छ । ती हुन्- लैङ्गिक शक्ति सम्बन्ध र लैङ्गिक उत्पीडन । यिनै आधारमा रूपमतीको विश्लेषण गरिएको छ । आवश्यकता अनुसार यहाँ नारीवादी अध्ययन पद्धति, मार्क्सवादी अध्ययन पद्धति र पुरुषवादी लैङगिक अध्ययन पद्धति, प्रभुत्व सम्बन्धी मान्यताको उपयोग गरिएको छ । साथै नारी र पुरुषका बिचको शक्ति सम्बन्धको अध्ययन गर्न फुकोको शक्ति सम्बन्धी चिन्तन, आल्थुसरको बिचारधारा सम्बन्धी मान्यता र ग्राम्चीको प्रभुत्व सम्बन्धी मान्यताको उपयोग गरिएको छ । माथि समस्या कथनमा उल्लेख गरिएका शोध समस्याको समाधान गर्न निम्न अनुसारको ढाँचा तयार गरिएको छ :

समस्या नं. क. को विश्लेषण निम्न लिखित ढाँचाका आधारमा गरिएको छ :

(अ) पारिवारिक शक्ति सम्बन्ध

- पति र पत्नी बिचको शक्ति सम्बन्ध
- सासू र बुहारी बिचको शक्ति सम्बन्ध
- देउरानी र जेठानी बिचको शक्ति सम्बन्ध
- नोकर र मालिक बिचको शक्ति सम्बन्ध
- दाजु र भाइ बिचको शक्ति सम्बन्ध

(आ) अन्तर पारिवारिक शक्ति सम्बन्ध

- नेपाल परिवार र लुइँटेल परिवार बिचको शक्ति सम्बन्ध
- नेपाल परिवार र बराल परिवार बिचको शक्ति सम्बन्ध

समस्या नं. ख को विश्लेषण निम्न लिखित ढाँचाका आधारमा गरिएको छ :

(अ) पतिद्वारा पत्नीप्रति गरिएको लैङ्गिक उत्पीडन

(आ) पत्नीद्वारा पतिप्रति गएिको लैङ्गिक उत्पीडन

(इ) सासूद्वारा बुहारीप्रति गरिएको लैङ्गिक उत्पीडन

(ई) मालिक/मालिक्नीद्वारा नोकर/नोकर्नीप्रति गरिएको लैङ्गिक उत्पीडन

## १.८ शोधप्रबन्धको संरचना

प्रस्तुत शोधपत्र निम्नानुसारका छ परिच्छेदमा संरचित छ :

### परिच्छेद १– शोध परिचय

यस परिच्छेदले शोधको परिचय दिइएको छ । त्यसभित्र सम्बन्धित विषयको परिचय दिई शोधका मुख्य समस्याको निर्धारण गरिएको छ । ती समस्या समाधानका लागि उपयुक्त विधि/प्रक्रियाको निर्धारण गरिएको छ र शोधको मुख्य उद्देश्यको निर्क्योल गरिएको छ ।

### परिच्छेद २– लैङ्गिक अध्ययनको सैद्धान्तिक पर्याधार

यसमा लैङ्गिक अध्ययनको आरम्भ र विकासका साथै मुख्य तीन अध्ययन परम्परा (पुरुषवादी, नारीवादी र सन्दिग्धतावादी) को चर्चा गरिएको छ । यस परिच्छेदमा उपन्यास विश्लेषणको आधार निर्धारण गरी लैङ्गिक अध्ययनका मूलभूत मान्यताको स्थापना प्रस्तुत गरिएको छ ।

### परिच्छेद ३– रूपमती उपन्यासमा पात्रहरूको चिनारी

प्रस्तत परिच्छेदमा **रूपमती** उपन्यासका उपस्थित पात्रहरूको चिनारी दिइएको छ । उपन्यासका नारी र पुरुष पात्रहरूलाई लैङ्गिक रूपमा परिचित तुल्याउने काम यस परिच्छेदमा गरिएको छ ।

### परिच्छेद ४– रूपमती उपन्यासमा शक्ति सम्बन्ध

प्रस्तुत परिच्छेदमा पारिवारिक शक्ति सम्बन्ध र अन्तर पारिवारिक शक्ति सम्बन्धको चर्चा गरिएको छ । पारिवारिक शक्ति सम्बन्ध अन्तर्गत पति र पत्नी बिचको, सासू र बुहारी बिचको, देउरानी र जेठानी बिचको, मालिक र नोकर बिचको र दाजु र भाइ बिचको शक्ति सम्बन्धको चर्चा गरिएको छ भने अन्तर पारिवाीरक शक्ति सम्बन्ध अन्तर्गत नेपाल परिवार र बराल परिवारका बिचको र नेपाल परिवार र लुइँटेल परिवारका बिचको शक्ति सम्बन्धको चर्चा गरिएको छ ।

**परिच्छेद ५– रूपमती उपन्यासमा लैङ्गिक उत्पीडन**

प्रस्तत परिच्छेदमा लैङ्गिक उत्पीडनमा परेका पात्रहरूको चर्चा गरिएको छ । यस क्रममा पतिद्वारा पत्नीप्रति, पत्नीद्वारा पतिप्रति, सासूद्वारा बुहारीप्रति र नोकरप्रति गरिएको लैङ्गिक उत्पीडनको चर्चा गरिएको छ ।

**परिच्छेद ६– सारांश तथा निष्कर्ष**

यस परिच्छेदमा प्रथमतः प्रस्तुत शोध प्रबन्धको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

अन्त्यमा सन्दर्भ सामग्री सूची प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# लैङ्गिक अध्ययनको सैद्धान्तिक आधार

## २.१ विषय परिचय

साहित्यमा लिङ्गको उपस्थिति वा प्रतिबिम्बनलाई विश्लेषण गर्ने समालोचना पद्धतिलाई लैङ्गिक अध्ययन भनिन्छ । लैङ्गिक अध्ययनले समाजमा महिला र पुरुषको प्रतिनिधित्व कसरी भएको छ वा कसरी हुनुपर्छ भन्ने कुराको विश्लेषण गर्छ । यसले महिला र पुरुषको जैविक पक्षको नभई सामाजिक र सांस्कृतिक पक्षको अध्ययन र विश्लेषण गर्दछ । यसमा महिला र पुरुषको समान रूपमा अध्ययन गरिन्छ । सांस्कृतिक अध्ययनको एक शाखाको रूपमा विकसित यस अध्ययन पद्धतिमा महिला र पुरुषको अतिरिक्त तेस्रो लिङ्गको समेत अध्ययन गरिन्छ । यस समालोचना पद्धतिमा साहित्यिक कृतिमा व्यक्त तत्कालीन समाजको लैङ्गिक धारणा र लेखकको लैङ्गिक दृष्टिकोणको समेत विश्लेषण गरिन्छ । यस परिच्छेदमा लैङ्गिक अध्ययनको परिचय, प्रारम्भ, लैङ्गिक अध्ययन र सांस्कृतिक अध्ययनका बिचको चर्चाको साथै उपन्यासको लैङ्गिक विश्लेषणको आधार तय गरिएको छ ।

## २.२ लैङ्गिक अध्ययनको परिचय र परिभाषा

समाजमा रहेका लिङ्गहरूको सामाजिक र सांस्कृतिक पक्षको अध्ययन गर्ने शास्त्रलाई लैङ्गिक अध्ययन भनिन्छ । अङ्ग्रेजी भाषाको 'जेन्डर स्टडीज' शब्दको नेपाली रूपान्तरका रूपमा लैङ्गिक अध्ययन पदावलीको प्रयोग भएको पाइन्छ । लैङ्गिक अध्ययनमा महिला र पुरुषको जैविक र प्राकृतिक पक्षको नभई सामाजिक सांस्कृतिक पक्षको अध्ययन र विश्लेषण गरिन्छ । यसले महिला र पुरुषलाई समाजले प्रदान गरेको भूमिकाको अध्ययन गर्दछ । "यसले साहित्यमा महिला र पुरुषको चित्रण कसरी भएको छ भन्ने कुराको खोजी गर्छ, समाजमा प्रस्तुत लैङ्गिक अवस्थाको प्रतिबिम्वनको विश्लेषण गर्छ र लैङ्गिक विभेदका कारण पहिल्याई त्यस्ता कारणलाई छर्लङ्ग्याउने काम गर्छ (भट्टराई, २०६८ : २६०) ।" यसले समाजमा उत्पीडनमा परेका महिला र पुरुषका बिचको शक्ति सम्बन्ध पनि केलाउँछ । लैङ्गिक अध्ययनमा नारीवादलाई केन्द्र मानेर अध्ययन विश्लेषण गर्ने गरिएको पाइन्छ तर सिद्धान्ततः यसले नारीवाद, पुरुषवाद र सन्दिग्धतावादको समान रूपले अध्ययन गर्दछ । नारावादी अध्ययनको विकासको क्रममा सन् १९७०/८० को दशकमा लैङ्गिक अध्ययनले

आफ्नो भिन्न पद्धतिको निर्माण गरेको हो । पछिल्लो समयमा समलैङ्गिक समालोचना, ट्रान्सजेन्डर समालोचना लगायतका अन्य पद्धतिको अध्ययनमा यसले आफ्नो विषय क्षेत्र विस्तार गरेको छ । विथम्यान कलेज एन्ड युनिभर्सिटीद्वारा प्रकाशित प्रतिवेदनमा नारीवादी लैङ्गिक अध्ययन, पुरुषवादी लैङ्गिक अध्ययन र सन्दिग्धतावादी अध्ययनलाई लैङ्गिक अध्ययनको मुख्य तिन पाटोका रूपमा स्वीकार गरिएको छ । त्यस्तै इरेनवम अरूणले **जेन्टर स्टडिज** पुस्तकमा पनि नारीवाद, पुरुषवाद र सन्दिग्धतावादलाई नै लैङ्गिक अध्ययनको विषय क्षेत्रको रूपमा प्रस्तुत गरेका छन् । नारीवाद, पुरुषवाद र सन्दिग्धतावाद सबैले मुख्य रूपमा आफ्नो अधिकारको प्राप्तिको लागि एउटा आन्दोलनको रूपमा यी अध्ययन पद्धतिलाई अगाडि बढाएको पाइन्छ । समाज विकासको लामो समयसम्म विभेदपूर्ण लैङ्गिक संरचना कै कारण महिलाहरूको विकास पुरुष सरह हुन नसकेको हो । पितृसत्तात्मक सोचको प्रतिकारमा र पुरुष समान अधिकारको पक्षमा वकालत गर्दै नारीवादको आरम्भ भएको हो । “यो महिलाको जीवनको आवश्यकताले जन्मिएको सिद्धान्त हो (त्रिपाठी, सन् २०१२: ३०) ।” त्यस्तै पुरुषहरूले आफ्नो अधिकारको लागि सञ्चालन गरेको आन्दोलनको रूपमा सन् १९८० को दशकमा पुरुषवादी (Masculism) लैङ्गिक अध्ययनको आरम्भ भएको पाइन्छ । नारीवाद र पुरुषवाद दुवैले आफ्नो प्रतिनिधित्व र पहिचानको सुनिश्चितताको लागि आवाज उठाएको पाइन्छ । त्यस्तै तेस्रो लिङ्गीको पनि आफ्नो पहिचान र प्रतिनिधित्वको लागि आवाज उठाएको पाइन्छ । यी सम्पूर्ण आन्दोलनले आफ्नो लैङ्गिक पहिचानको लागि आवाज उठाएका हुन् । यी तिनै पक्षको समग्र अध्ययन गर्ने शास्त्रको रूपमा लैङ्गिक अध्ययनको आरम्भ भएको हो । यसभित्र मुख्य रूपमा प्रतिनिधित्व, पहिचान, लैङ्गिक उत्पीडनको अवस्था, शक्ति सम्बन्ध, विभेदपूर्ण सामाजिक सांस्कृतिक संरचनाको अध्ययन गरिन्छ । यसले समाजमा विद्यमान लैङ्गिक विभेदको कारण खोजी समतामा आधारित समाज निर्माणमा जोड दिन्छ ।

लैङ्गिक अध्ययनमा पुरुष र महिलाको सामाजिक र सांस्कृतिक पक्षको अध्ययन विश्लेषण गरिन्छ । यसलाई विभिन्न तवरले परिभाषित गरिएको पाइन्छ । जुलिया क्लिम्स मोसीले लैङ्गिक अध्ययनलाई नारी र पुरुषको भूमिकाहरूको अध्ययन गर्ने शास्त्रको रूपमा चर्चा गरेकी छन् । उनले लैङ्गिकतालाई भूमिकाहरूको सेट जसले रङ्गमञ्चमा लगाइने मुखुण्डोले झैं अरु मानिसहरू हामी स्त्रीलिङ्गी है हामी पुलिङ्गी हौं भन्ने अर्थ बताउँछ (मोसी, सन् १९९३ : २) भनी परिभाषित गरेकी छन् । कमला भसिनले महिलन र पुरुषको

सामाजिक तथा सांस्कृतिक पहिचानको सन्दर्भमा लैङ्गिक अध्ययनलाई परिभाषित गरेकी छन् । उनले समाजले महिला र पुरुषलाई कस्तो प्रकारको भूमिका अधिकार, श्रोत साधन दिन्छ र उनीहरूलाई कस्तो किसिमको व्यवहार तथा मानसिकताको विकास सिकाउँछ, ती कुराको अध्ययन लैङ्गिक समालोचनाले गर्नुपर्ने धारणा प्रस्तुत गरेकी छन् (भसिन, सन् २००० : १) । लैङ्गिक अध्ययन सम्वन्धि उपरोक्त परिभाषाहरूलाई मनन गर्दै समग्रमा भन्नु पर्दा लैङ्गिक अध्ययन भनेको नारी वा पुरुषले सामाजिक सांस्कृतिक रूपमा प्राप्त भूमिकाको अध्ययन विश्लेषण गर्ने समालोचना प्रणाली हो ।

## २.३ लैङ्गिक अध्ययनको प्रारम्भ र विकास

लैङ्गिक अध्ययन मार्क्सवाद र नारीवादी अध्ययनको पृष्ठभूमिमा विकसित समाजशास्त्रीय अध्ययन पद्धति हो । मार्क्सवादले महिला मुक्तिको आन्दोलनलाई ठोस धरातल प्रदान गरेको पाइन्छ । मार्क्सको पुँजी पुस्तकमा महिला पराधीनताको विरुद्ध आवाज उठाउनुका साथै मुक्तिको मार्ग समेत पहिल्याएको पाइन्छ । महिला र पुरुषको बिचको समानताको अवधारणा र समाजमा विद्यमान पुरुष हैकमका बारेमा सर्वप्रथम एङ्गेल्सको कृति परिवार, निजी सम्पति र राज्यको उत्पति (सन् १८८४) मा पर्याप्त चर्चा भएको छ । एङ्गेल्सको उक्त पुस्तकमा महिला मुक्ति आन्दोलनलाई वर्गीय आन्दोलनसँग जोड्ने काम गरिएको छ । महिला दमनको कारणको खोजी गरिएको उक्त पुस्तकमा समाजमा वर्गीयताको अन्त्य नभई महिला मुक्ति असम्भव भएको तथ्य प्रस्तुत गरिएको छ । “लैङ्गिक समालोचनाको यो मार्क्सवादी पद्धति नै लैङ्गिक विश्लेषणको पहिलो पद्धति हो (भट्टराई, २०६८ : २६१) ।” यस पद्धतिले परम्परागत मूल्यहरू सामाजिक, सांस्कृतिक आधारमा निर्धारित हुन्छन् भन्ने कुरालाई देखाएको छ । मार्क्सवादको यही पृष्ठभूमिमा स्थापना भएको लैङ्गिक अध्ययनको विकास नारीवादी लैङ्गिक अध्ययन, पुरुषवादी लैङ्गिक अध्ययन, सन्दिग्धतावादी लैङ्गिक अध्ययन लगायत अन्य विविध रूपमा भएको छ ।

नारीको हकहितका लागि गरिएको आन्दोलनको उपज नै नारीवादी लैङ्गिक अध्ययन हो । यस अध्ययन पद्धतिको विकास सन् १९६० को दशकमा भएको पाइन्छ । सन् १९६० को दशकपूर्व पनि नारीवादी आन्दोलनका विभिन्न कार्यक्रमहरू सञ्चालन भएको पाइन्छ । सन् १८४८ मा नारीवादी अध्ययनको आरम्भ न्युयोर्कको सेनेका फल्स नामक शहरमा भएको महिला सम्मेलनबाट भएको हो (त्रिपाठी, सन् २०१२ : १८) । यसपछि निरन्तर

रूपमा विभिन्न क्रियाकलाप मार्फत नारीवादी आन्दोलन अघि बढेको हो । यो आन्दोलन क्रमशः अमेरिकाबाट युरोपतिर सरेको पाइन्छ । सन् १९४९ मा फ्रान्सेली लेखक सिमोन द बुभायरको **द सेकेन्ड सेक्स** पुस्तक प्रकाशन भएको थियो । उक्त पुस्तक मार्फत बुभायरले आधुनिक नारीवादको आधारभूत समस्यालाई अगाडि सारेकी छन् (त्रिपाठी, सन् २०१२ : ७०) । यस पुस्तकमा बुभायरले नारीवादी आन्दोलनलाई बौद्धिक र प्राज्ञिक वहसको विषयको रूपमा प्रस्तुत गरेकी छन् । बुभायरले नारीलाई समाजमा दोस्रो दर्जाको नागरिकको रूपमा प्रस्तुत गरिएको र पितृसत्तात्मक सोचको कारण नारीमाथि दमन भएको धारणालाई मुख्य रूपमा प्रस्तुत गरेकी छन् । बुभायरले नारीवादी साहित्य चिन्तनको सूत्रपात र नेतृत्व गरेपछि नारीवादी साहित्य समालोचनाको सचेत विकास भएको हो (शर्मा र लुइटेल, २०६१ : ३७३) । यसरी नारीवादी आन्दोलनलाई सशक्त रूपमा अगाडि बढाउने कार्य बुभायरबाट भएको पाइन्छ । कृष्ण गौतमले बुभायरको उक्त पुस्तकलाई स्त्रीवादको आधुनिक युगको गीताको उपाधि दिएका छन् (गौतम, २०५९ : ३६५) । बुभायरले महिलाहरू जन्मले होइन सामाजिक भूमिकाले लैङ्गिक विभेदमा परेका हुन् भन्ने कुरालाई उजागर गरेकी छन् । यसरी लिखित साहित्यको रूपमा नारीवादी आन्दोलनले निरन्तरता पाइरहँदा सन् १९६० को दशकमा नारीवादी समालोचना र सिद्धान्तको विकास भयो । नारीवादी समालोचक एलेन सोवाल्टरले नारीवादको विकासलाई तीन चरणमा विभाजन गरेकी छन् । ती हुन् : (क) नारीवादी समालोचना (Feminist Critique) (ख) गाइनो समालोचना (Gynocritics) (ग) लिङ्ग सिद्धान्त (Gender Theory) (इरेनवम, सन् २०११ : १११) । यस दशकमा नारीवादी समालोचनाले बौद्धिक र प्राज्ञिक महत्त्व प्राप्त गरेको छ । साहित्यिक क्षेत्रमा नारी लेखन र लैङ्गिक भिन्नतालाई प्रस्ट पार्न ऐतिहासिक, जीववैज्ञानिक, मनोवैज्ञानिक र सांस्कृतिक व्याख्याहरू पनि यसै अवधिमा भएको हो । यस अवधिमा लैङ्गिक संचेतनाको साथ नारीवादी आन्दोलन अगाडि बढेको पाइन्छ । समान कामको लागि समान पारिश्रमिकता जस्तो नाराले समानतावादी नारीवादको प्रारम्भ गरेको हो (टोलान, सन् २००७ : ३२०) । यस अवधिमा प्रकाशित मुख्य कृतिहरू बेट्टी फ्राईडनको **ए फेमिनिन मिस्टिक** (सन् १९६३) मेरी इलमनको **थिङकिङ एबाउट उमन** (सन् १९६८) आदि हुन् ।

लैङ्गिक अध्ययनको विकासमा सन् १९६० पछि नारीवाद बौद्धिक नारीवादको रूपमा सिद्धान्तीकृत भएको हो । सन् १९७० को दशकमा वेलायतमा भिरागो (Virago) नामक प्रकाशन र द वमनस प्रेस (The Woman's Press) को स्थापनाले नारी लेखकका कृतिहरूलाई

खोजी खोजी प्रकाशन गरी नारी लेखनलाई प्रोत्साहन गरेको पाइन्छ । यही प्रकाशन संस्थाबाट प्रकाशित केट मिलेटको **सेक्सुअल पोलिटिक्स** (सन् १९७७) नारीवादको अध्ययनको लागि महत्त्वपूर्ण कृति मानिन्छ । एलेन मुर्सको **लिटेररी उमन** (सन् १९७६), प्याट्रिसिया मेयर स्प्याक्सको **द फिमेल इम्याजिनेसन** (सन् १९७५), जर्माइन ग्रिरको **द फिमेल इनुच** (सन् १९७०), एरिका जंगको **फियर एन्ड फ्लाइङ** (सन् १९७३) आदि पुस्तकहरू यस अवधिमा प्रकाशन भएको पाइन्छ । सन् १९७० र सन् १९८० को दशकमा नारीवादका विभिन्न धारहरूको विकास भएको छ । यस अवधिमा आएर नारीवादी अध्ययन परम्परा सांस्कृतिक अध्ययन भएको हो । यस अवधिमा नारीवादीहरूको झुकाव डेरिडाको 'भिन्नताको राजनीति' फुकेको 'सङ्कथनको निर्माण', 'लैङ्गिकता', लकाँनको मनोविश्लेषण सिद्धान्त र मार्क्सवादतर्फ बढेको छ । यी अध्ययनहरूले नारीवादलाई सांस्कृतिक अध्ययनतर्फ उन्मुख गरेको हो । सन् १९८० को दशकमै नारीवादबाट समलिङ्गी नारीवादको आरम्भ भएको हो । नारी समलिङ्गी र पुरुष समलिङ्गीको अध्ययनको आरम्भ सन् १९८० को दशकमा भए पनि सन् १९९० मा सन्दिग्धतावादी सिद्धान्तको रूपमा दुवै किसिमका समलिङ्गी अध्ययन हुन थालेको हो । यसरी "लैङ्गिक समानताको कुरा गर्दा पुरुषका साथै तेस्रो लिङ्गीहरूको अवस्थाको पनि अध्ययन हुनु पर्ने तर्कहरू आएपछि लैङ्गिक अध्ययन नारीवाद भन्दा भिन्न सैद्धान्तिक मान्यता बोकेर अघि बढेको पाइन्छ (गुरागाईं, २०७० : १५) ।" नारीवादी अध्ययनको यस चरणमा आएर लैङ्गिक अध्ययन सम्बन्धी मान्यताले व्यापक रूप धारण गऱ्यो र यसभित्र पुरुषवादी लैङ्गिक अध्ययन र सन्दिग्धतावादले स्थान पाएको हो ।

पुरुषको हक र अधिकारको निम्ति आरम्भ गरिएको अध्ययन पद्धतिलाई पुरुषवादी लैङ्गिक अध्ययन (Masculism) भनिन्छ । सन् १९८० को दशकमा द अमेरिकन मेन्स स्टडिज एसोसियसन (AMSA) ले पुरुषवादी अध्ययन प्रणालीको आरम्भ गरेको हो । मेन्स स्टडिज टास्क ग्रुप (MSTG) स्थापना गरी लिङ्गभेद विरुद्ध अध्ययन गर्नको लागि मार्टिन एकर, सेफर्ड ब्लिस, ह्यारी ब्रोड, सम फेमियानो मार्टिन फिवर्ट र मिचेन मेस्नर जस्ता व्यक्तिहरू सक्रिय भएको पाइन्छ (इरेनवम, सन् २०११ : ११९) । यसरी आरम्भ भएको पुरुषवादी लैङ्गिक अध्ययन प्रणालीलाई विकसित तुल्याउन वारेन फारेल (सन् १९४३) को योगदान उल्लेखनीय छ । उनको **द लिबरटेड म्यान** (सन् १९७४), **द मिथ अफ मेल पावर** (सन् १९९३), **वमन कान्ट ह्यर ह्याट मेन डन्ट से** (सन् १९९९), **डज फेमिनिस्ट डिस्क्रीमिनेट अगेन्स्ट मेन** ? (सन् २००८) कृति पुरुषवादी लैङ्गिक अध्ययनका महत्त्वपूर्ण

ग्रन्थ हुन् । उनी पुरुषवादी लैङ्गिक अध्ययन पद्धतिका नेतृत्वकर्ता हुन् । त्यस्तै पुरुषवादी लैङ्गिक अध्ययन पद्धतिको विकासमा ब्लाजिना क्रिसको **द कल्चर ल मिथ अफ मास्कुलिनीटी** (सन् २००३), आर.डब्लु. कनेलको **मास्कुलिनीटी** (सन् १९९५) र **द मेन एन्ड द बोइज** (सन् २०००), जेफ हर्न, एच.जे. डेभिट र मोर्गजको **मेन मास्कुलिनीटी एन्ड सोसियल थ्यौरी** (सन् १९९०) आदि समालोचना ग्रन्थको महत्त्वपूर्ण योगदान पाइन्छ । पुरुषवादी लैङ्गिक अध्ययन मुख्य रूपमा लैङ्गिक समानताको पक्षमा केन्द्रित रहेको छ । नारीबाट दमनमा परेका पुरुषको अध्ययन गर्नु यसको मुख्य विषय हो । पुरुषवादलाई प्रगतिवादी र पैतृक पुरुषवादका विभाजन गरिएको छ (इसेनवम, सन् २०११ : १२६) । नागरिक अधिकारको अपहेलना गरी एक पक्षीय (नारी पक्षीय) भएर निर्माण गरिएको निमय, कानुनको विरोध यस वादमा गरिन्छ; जुन कानुनले पुरुषलाई होच्याएको छ वा दोस्रो स्थानमा राखेको छ । नारी हिंसामा लाग्ने पुरुषलाई कानुनी कारवाही भए झैं पुरुष हिंसामा संलग्न महिला/नारीलाई पनि कानुनी कारवाही गर्नु पर्छ भन्ने यिनीहरूको माग हो । यसमा पितृसत्ता, मातृसत्ता, पौरुषत्व र अन्य सामाजिक सांस्कृतिक सिद्धान्तलाई समावेश गरी अध्ययन गरिएको पाइन्छ ।

लैङ्गिक अध्ययनको विकासमा सन् १९८०/९० को दशकमा पुरुष समलिङ्गी समालोचना (गे क्रिटिसिजम) नारी समलिङ्गी समालोचना (लेस्वियन क्रिटिसिजम) को विकास भएको पाइन्छ । त्यस्तै ट्रान्स जेन्डर, द्वैत लिङ्गी (Bisexual) अन्तर लिङ्गी (Intersexual) जस्ता प्रणालीको विकास पनि यसै अवधिमा भएको छ । “स्त्री र पुरुष समलिङ्गीलाई हेर्ने बेग्लाबेग्लै सिद्धान्त विकसित भएका छन् भने यी दुवैलाई हेर्ने सिद्धान्तको रूपमा सन्दिग्धताको सिद्धान्त आएको छ (शर्मा, २०६६ : ३५७) ।” यसरी सन्दिग्धताको सिद्धान्त छाता सिद्धान्तको रूपमा स्थापित भएको छ । नारीवादी र पुरुषवादी नाराहरू गुञ्जिरहेको अवस्थामा समलिङ्गी सम्बन्धी अवधारणाले विश्लेषणको नयाँ पाटो उजागर गरेको छ । यस नवीन धारणाले स्त्री, पुरुष, नारीत्व र पुरुषत्व जस्ता विरोधाभासी अवधारणालाई चुनौती दिएको तर्क सञ्जीव उप्रेतीको छ (उप्रेती, २०६८ : २५२) । यस सिद्धान्त मुख्य रूपमा यौनिक अनुकूलन र लैङ्गिक पहिचान बिचको सम्वन्धको खोजी गरिन्छ । यस समालोचना प्रणालीमा तेस्रो लिङ्गीहरूको समस्या, भावना र विचारको पनि गहिरो अध्ययन गरिन्छ ।

लैङ्गिक अध्ययनको विकासको क्रमलाई हेर्दा आरम्भ नारीवादबाट भएको पाइन्छ भने पुरुषवादी लैङ्गिक अध्ययन, सन्दिग्धतावादी अध्ययन लगायत अन्य विभिन्न सिद्धान्तले लैङ्गिक अध्ययनको वर्तमान स्वरूप निर्धारणमा महत्त्वपूर्ण भूमिका खेलेको छ । लैङ्गिक अध्ययनको क्षेत्रमा पछिल्लो समयमा विकसित लैङ्गिकता, लैङ्गिक पहिचान, समलिङ्गी समालोचना, पुरुषवादी लैङ्गिक अध्ययन आदि विविध पद्धतिको विकासले यसलाई सांस्कृतिक अध्ययनको एक शाखाको रूपमा स्थापित गरेको हो ।

## २.४ लैङ्गिक अध्ययनका मूलभूत मान्यता

लैङ्गिक अध्ययन पाश्चात्य साहित्य समालोचनाको क्षेत्रमा बीसौं शताव्दीमा स्थापित मान्यता हो । लैङ्गिक अध्ययन पछिल्लो समयमा छाता समालोचना सिद्धान्तको रूपमा स्थापित हुँदै गए पनि मुख्य रूपमा नारीवादी लैङ्गिक अध्ययन, पुरुषवादी लैङ्गिक अध्ययन र सन्दिग्धतावादी लैङ्गिक अध्ययनमा केन्द्रित रही यहाँ लैङ्गिक अध्ययनको मूलभूत मान्यताको चर्चा गरिएको छ ।

### २.४.१ नारीवादी लैङ्गिक अध्ययन

लैङ्गिक अध्ययनको प्रारम्भ नारीवादी लैङ्गिक अध्ययनबाट भएको हो । अधिकार प्राप्तिको आन्दोलनबाट आरम्भ भई साहित्य र समालोचनाको क्षेत्रमा नारीवाद स्थापित भएको पाइन्छ । समाजमा विद्यमान लैङ्गिक विभेदका कारण नारी जातिमाथि हुने गरेको शोषण र दमनको विरोधमा नारीवाद मुख्य रूपमा केन्द्रित रहेको छ । नारीवादीहरू दमनात्मक र असमान नरनारी सम्वन्धमा परिवर्तनको अपेक्षा गर्दछन् । यसले पितृसत्ताको विरोध गरी नारीलाई पुरुषको थिचोमिचोबाट मुक्त गराउन मार्ग प्रशस्त गरेको छ । यसले लामो समयदेखि केन्द्रमा रहेको साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्न चिन्ह खडा गर्दै पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र सामाजिक स्वरूपको विरोध गर्दछ । नारीहरूलाई शक्तिहीन बनाउने कार्य सामाजिक सांस्कृतिक संरचनाले गरेको हो भन्ने नारीवादीहरूको ठहर छ । नारीवाद त्यस्तो आन्दोलन हो; जसले नारीलाई मुक्ति दिन, उठाउन र आत्म निर्भर बनाउन बल दिन्छ (गौतम, २०५९ : ३४४) ।

समाजमा नारीहरू पीडित छन्, आफ्ना अधिकारबाट वञ्चित छन् । ती अधिकार विहीन नारीहरूले पुरुष समान अधिकार प्राप्त गर्नुपर्छ भन्ने धारणा नारीवादीहरूको पाइन्छ । साहित्यमा चित्रित नारीको स्थिति, अवस्था, पुरुष शासित समाजबाट भोगेको पीडा, नारीका

छोरी बुहारी, पत्नी, आमा, सासू आदि स्वरूपको व्याख्या र विवेचना नारीवादी समालोचनाले गर्दछ । डेभिड लजका अनुसार नारीवादी समालोचनाले तिन काम गर्छ (१) साहित्यमा नारीलाई होच्याउने रुढिलाई छर्लङ्ग्याएर देखाउनु (२) साहित्यको भाले इतिहासमा संशोधनको दरकार छ भन्ने स्पस्ट्याउनु (३) नारीले लेखेको साहित्यको खोजमेल गर्नु र नयाँ व्याख्या गर्नु (गौतम, २०५९ : ३४६) । यसरी नारीलाई केन्द्रमा राखेर अध्ययन गर्ने काम नारीवादी लैङ्गिक अध्ययनमा गरिन्छ । कृतिमा नारीको चरित्र चित्रण कसरी भएको छ ? लिङ्गको आधारमा भएका विभेदको खोजी गर्छ र त्यसको कारक निर्धारण गर्दछ । केट मिलेटले विभेदको मुख्य कारण पितृसत्तात्मक सामाजिक संरचना हो (बराल, २०६४ : १४१) भन्ने धारणा व्यक्त गरेकी छन् । "नारीवादले मुख्य रूपमा किनारामा रहेका महिलाको अस्तित्वलाई केन्द्रमा ल्याउने काम गर्छ (त्रिपाठी, सन् २०१२ : ३१) ।" समाजको प्रतिविम्वको रूपमा रहेको साहित्यमा सिमान्तकृत अवस्थामा रहेका नारीलाई केन्द्रमा ल्याई भिन्न पहिचान स्थापित गर्न नारीवादी समालोचना सक्रिय रहेको पाइन्छ । यस समालोचना पद्धतिको विकास भए पछि एकाधिकारको रूपमा रहेको पितृसत्तामा प्रश्न चिन्ह खडा भयो र समालोचनाको नयाँ दृष्टिकोण आरम्भ भयो । उनीहरू साहित्यको विश्लेषणमा यौन र लिङ्गलाई प्राथमिकता दिन थाले । नारीवादीहरू लिङ्गलाई सामाजिक निर्माणको रूपमा व्याख्या गर्दछन् । लिङ्गबाट नै शक्तिको असमानता उत्पन्न भएको नारीवादीको ठहर छ । कृष्ण गौतमले नारीवादी समालोचनाको निम्न तिन तह चर्चा गरेका छन् :

(क) साहित्यमा नारीहरू कसरी चित्रित भएका छन् ?

(ख) नारी कसरी लेख्छन् ?

(ग) साहित्य समालोचनामा जीव वैज्ञानिक, भाषा वैज्ञानिक, मनोवैज्ञानिक, समाज वैज्ञानिक, ऐतिहासिक तथा राजनीतिक आदि निर्धारक शक्तिको परीक्षण गर्छन् (गौतम, २०५९ : ३४७-३४९)

उल्लेखित तहमा पहिलो चरणमा नारीवादीहरू लिखित साहित्यमा नारीको चरित्र चित्रण गर्ने क्रममा प्राप्त नारीको भूमिकामा असन्तुष्ट हुन्छन् । त्यसपछि नारी पात्रलाई कृतिमा सम्मानपूर्वक स्थान दिई सृजना गर्दछन् । पुरुष लेखनमा नारीहरूको भूमिका पुरुषको अनुगामिनीको रूपमा, पुरुषमा आश्रित, पुरुषको भोग्य वस्तुका रूपमा मात्र भए पछि नारीवादीहरू पुरुष लेखनको विरोधमा उत्रिएको पाइन्छ । त्यसपछि नारीवादीहरू नारी

लेखनको पक्षमा अगाडि बढे । एलेन सोवाल्टरको गाइनो क्रिटिक सम्बन्धी अवधारणाले नारीवादी लैङ्गिक अध्ययनलाई अझ सशक्त रूपमा प्रस्तुत गरेको पाइन्छ । उनले लेखकका रूपमा, पाठकका रूपमा र विषयवस्तुका रूपमा महिलाको उपस्थितिको खोजी गर्ने कार्य नारीवादी अध्ययनले गर्ने धारणा प्रस्तुत गरेकी छन् (त्रिपाठी, सन् २०१२ : ७२) । यसरी विविध क्रममा आफ्ना मान्यताहरूको विकास गरेको पाइन्छ ।

नारीवादी लैङ्गिक अध्ययन सन् १९८० को दशकपछि नारी समलिङ्गवादतर्फ उन्मुख भएको हो । नारी समलैङ्गिकता नै नारी जीवनको सर्वोत्तम रूप हो भन्ने धारणा लिएर अगाडि बढेको पाइन्छ । नरको नारीसित, नारीको नरसित मात्र यौन सम्बन्ध उचित हुन्छ भन्ने पितृसत्तावादी सीमारेखालाई नष्ट पार्दै नारीवादका समलिङ्गीहरू आफ्नै यौनको मान्छेसित गोप्य सम्बन्ध बाँधिन रमाउँछन् (गौतम, २०५९ : ३५७) । समलिङ्गी नारीवादीको यो अवधारणालाई उग्रवादी भएको आरोप समेत लागेको छ । नारीवादी लैङ्गिक अध्ययनले पुरुष शोषित समाजमा नारीहरूको जीवनको पराधीनतालाई देखाएर नरनारीको सीमित लैङ्गिक घेरालाई नाघ्दै व्यापक मानव चेतनाको विकासतिर सम्भावना खोज्ने काम गर्दछ (गौतम, २०५९ : ३४७) । यसले साहित्यमा प्रयुक्त विषयवस्तुमा केन्द्रित भएर अध्ययन विश्लेषण गर्दछ । साहित्यको विधा तत्त्वका आधारमा हेर्दा विषयवस्तु र पात्रको अध्ययन र विश्लेषणमा नारीवादी लैङ्गिक अध्ययन केन्द्रित रहन्छ । साहित्य समालोचनाको क्रममा नारीवादी लैङ्गिक अध्ययनले बहुलवादलाई स्वीकार गर्दछ । मार्क्सवाद, संरचनावाद, मनोविश्लेषण, विनिर्माणवाद आदि विभिन्न अवधारणालाई आधार मानी समालोचना गर्ने हुँदा यसलाई बहुलवादी समालोचना भनिन्छ ।

### २.४.२ पुरुषवादी लैङ्गिक अध्ययन

पुरुषवादी लैङ्गिक अध्ययन लैङ्गिक अध्ययनको एक महत्त्वपूर्ण पक्ष हो । यस अध्ययनमा पुरुषको हक अधिकारको पक्षमा वकालत गरिन्छ । यस अध्ययन पद्धति मुख्य रूपमा पुरुष, पुरुषत्व, लिङ्ग र राजनीतिमा केन्द्रित रहन्छ । नारीवादी आन्दोलनले स्थापित गरेको पुरुष विरोधी अवधारणालाई यस अध्ययन पद्धतिले अध्ययनको केन्द्र बनाएको छ । नारीवादी आन्दोलनले समाजको राजनीतिक, आर्थिक, न्यायिक, सामाजिक आदि विविध क्षेत्रमा प्रभाव पाऱ्यो । त्यसको परिणाम स्वरूप नारी मैत्री र पुरुष विरोधी क्रियाकलापहरूलाई वैधानिकता प्रदान गर्ने कार्य हुन थाल्यो । एक पक्षीय कानुन निर्माण हुन थालेको पृष्ठभूमिमा पुरुषवादी लैङ्गिक अध्ययनको आरम्भ भएको हो । यस अध्ययनले

राजनीतिक, आर्थिक र सामाजिक अधिकार र सहभागितामा समानताको अपेक्षा गर्दछ । यस अध्ययनमा पुरुष सहभागिता र पुरुषको मूल्यको खोजी गरिन्छ । यसलाई कहिलेकाहीँ पुरुष अधिकार, पितृको अधिकार र पुरुष मुक्तिको रूपमा पनि व्याख्या गरिन्छ । पुरुषवादी मनोविज्ञानको अनुशासन विपरीत पुरुषवादी अध्ययनको पाठ्यक्रमले पुरुषको अधिकार, पुरुषवाद, नारीवादी सिद्धान्त, सन्दिग्धतावादी सिद्धान्त, मातृसत्ता, पितृसत्ता र अन्य सामान्य रूपमा पुरुष र पौरुषत्वको सामाजिक ऐतिहासिक र सांस्कृतिक विषयको समकालीन सन्दर्भलाई समावेश गरी छलफल गर्दछ (इरेनवम, सन् २०११ : ११९) । पुरुषवादीहरू वारम्वार पुरुष विशेष अधिकार विषयको परिधिमा छलफल गरी रहन्छन् । पुरुषवादलाई प्रगतिवादी पुरुषवाद (Progressive Masculism) र पैतृक पुरुषवाद (Patriarchal Masculism) मा विभाजन गरी अध्ययन गरिएको पाइन्छ । प्रगतिवादी पुरुषवादले नारीवाद र पुरुषवादलाई एक अर्काको पूरकको रूपमा हेर्दछ । यसले दुवै (नारीवाद र पुरुषवाद) ले लैङ्गिक विभेदको कारण खोजी त्यसलाई सच्याउनु पर्ने धारणा राख्दछ । वारेन फारेलले पुरुषवादले पुरुष हिंसाको असहानुभौतिक चित्रणमा जोड दिएका छन् । त्यस्तै पुरुष हिंसाको घटनालाई वास्ता नगर्ने तर महिला हिंसाको घटनालाई संवेदनशील रूपमा प्रस्तुत गर्ने परम्पराको विरोध गरी पुरुष हिंसाको घटनालाई पनि गम्भिरतापूर्वक हेरिनु पर्ने आग्रह पुरुषवादको पाइन्छ । यसले साहित्यको समालोचनामा मुख्य रूपले पुरुष पात्रको पक्षमा वकालत गर्छ । समालोचनाको निम्ति मार्क्सवाद संरचनावाद लगायत विविध आयामको उपयोग गर्ने हुँदा यसलाई बहुलवादी समालोचना भनिन्छ ।

### २.४.३ सन्दिग्धतावादी लैङ्गिक अध्ययन

सन्दिग्धतावादी लैङ्गिक अध्ययन भन्नाले यौनिक अनेकताको अध्ययन भन्ने बुझिन्छ । यो यौनिक अनुकूलन र लैङ्गिक पहिचानसँग सम्बन्धित रहन्छ । यो अध्ययन मुख्य रूपमा नारी समलिङ्गी (Lesbian) पुरुष समलिङ्गी (Gay) द्वैत लिङ्गी (Bisexual) ट्रान्सजेन्डर र अन्तर लिङ्गी (Intersex) मा केन्द्रित रहन्छ । यस अध्ययनले लैङ्गिक पहिचानलाई पुनः परिभाषित गर्दछ । समलिङ्गी सम्बन्धको अध्ययनलाई सिटी कलेज अफ सन फ्रान्सिसको अमेरिकामा पहिलो पटक पाठ्यक्रम निर्माण गरी अध्यापन कार्य आरम्भ भएको पाइन्छ । यसका अध्येताहरूले फुकोलाई प्रेरणाको स्रोत मानेका छन् । फुकोको **द हिस्ट्री अफ सेक्सुआलिटी** (सन् १९७६) मा लैङ्गिकता सम्बन्धी अवधारणा प्रस्तुत भएको पाइन्छ । त्यसपछि सन्दिग्धतावादी अध्ययनलाई जुडिथ वटलर (सन् १९५६) लउरेन वर्लेन्ट

(सन् १९५७) माइकल वार्नर आदिले अगाडि बढाएको पाइन्छ । यस अध्ययनले समाजमा विद्यमान लैङ्गिक वर्गीकरणलाई चुनौती दिदैं लैङ्गिक पहिचान स्थापित गर्ने काम यस अध्ययनले गरेको हो । यो अध्ययन मुख्य रूपमा समलिङ्गी साहित्य समालोचनामा केन्द्रित रहन्छ ।

## २.५ लैङ्गिक अध्ययन र सांस्कृतिक अध्ययन

सांस्कृतिक अध्ययनको एक पाटोका रूपमा लैङ्गिक अध्ययनको विकास भएको हो । सांस्कृतिक अध्ययन छाता सिद्धान्तको रूपमा स्थापित भएको छ । यसमा साहित्य समालोचनाको क्षेत्रमा पछिल्लो समयमा विकसित विभिन्न सिद्धान्त र समालोचना पद्धति समाहित भएको पाइन्छ । उत्तर आधुनिकतावादको थालनीसँगै सांस्कृतिक अध्ययनको औपचारिक आरम्भ भएको हो । वेलायतबाट आरम्भ भएर अमेरिका हुँदै विश्वभरि यसको विस्तार भएको पाइन्छ । यसरी विकसित सांस्कृतिक अध्ययनसँग लैङ्गिक अध्ययन कसरी सम्बन्धित छ भन्ने बारेमा स्पष्ट हुनु आवश्यक देखिन्छ । तसर्थ यहाँ सांस्कृतिक अध्ययन र लैङ्गिक अध्ययनको सम्बन्धका बारेमा चर्चा गरिएको छ ।

सामान्यतः संस्कृतिले मानव समाजको जीवन शैली, चाडवाड, क्रियाकलाप, कलाकौशल र व्यवहार भन्ने अर्थ प्रदान गर्दछ । संस्कृति ल्याटिन भाषाको Cultura शब्दबाट विकसित अङ्ग्रेजी भाषाको Culture शब्दको नेपाली रूपान्तर हो । यसको अर्थचाहिँ परिष्कार वा जोताइ हुन्छ । परिष्कार भनेको कुनै वस्तुलाई राम्ररी खार्ने र उन्नत बनाउने काम वा कुनै कुरामा रहेको कमी र त्रुटिलाई हटाएर अझ राम्रो र सुन्दर बनाउने काम हो (चापागाईं, २०५९ : १०१) । संस्कृतिको शाब्दिक अर्थको विस्तार हुँदै गएको छ । समाजशास्त्री टाइलरका अनुसार मानिसले प्राकृतिक रूपमा स्वतः हस्तान्तरण भएर आएका सिप तथा गुण भन्दा बाहेक बाँच्नका लागि जे जति प्रयत्न गर्दछ त्यो सम्पूर्ण संस्कृति हो । यसरी संस्कृतिलाई सिकिएको व्यवहारको रूपमा व्याख्या गरिएको छ । मानिसले व्यक्त गरेका भाषा, साहित्य, कला, धर्म, दर्शन, राजकाज, समाज व्यवस्था आदिमा संस्कृति झल्कन्छ । संस्कृति समाजको खान-पान, रहन-सहन, आचार-व्यवहार, चिन्तन-मनन, यथार्थ र आदर्श सवैमा व्याप्त हुन्छ (चापागाईं, २०५९ : १) । जीवनको हरेक पाटोमा व्याप्त संस्कृति अन्तर्गत लैङ्गिक संस्कृतिको अध्ययनको क्रममा लैङ्गिक अध्ययनको विकास

भएको हो । लैङ्गिक अध्ययनले संस्कृतिमा लैङ्गिकताको अवस्था के छ भन्ने कुराको खोजी गर्दछ ।

पाश्चात्य साहित्य र समालोचनाको क्षेत्रमा सन् १९६० को दशक पछिको अवधिलाई उत्तर आधुनिक युग मानिन्छ । यसै अवधिमा औपचारिक रूपमा सांस्कृतिक अध्ययनको आरम्भ भएको हो । सन् १९६४ मा बेलायतको वर्मिङघम विश्वविद्यालयमा स्थापित 'सेन्टर फर कन्टेम्पोररी कल्चरल स्टडिज' नामक अध्ययन केन्द्रको स्थापनासँगै सांस्कृतिक अध्ययनको औपचारिक आरम्भ भएको हो । रेमण्ड विलियम, रिचार्ड होगार्ट, स्टुआर्ट हल र इ.पि. थम्पसनले यस अध्ययन केन्द्रको स्थापना गरेका हुन् । यस केन्द्रले सन् १९७२ मा 'वर्किङ पेपर्स इन कल्चरल स्टडिज' नामक पुस्तक प्रकाशन गरी आफ्नो मुख्य उद्देश्य निर्धारण गरी अगाडि बढेको पाइन्छ । फ्रान्सेली चिन्तन लुइस आल्थुसर (सन् १९१८-१९९०) र इटालियन चिन्तक आन्तोनियो ग्राम्ची (सन् १८९१-१९३७) को संरचनावादी मार्क्सवाद र प्रभुत्व सम्बन्धी मान्यताको पृष्ठभूमिमा बेलायती सांस्कृतिक अध्ययनको आरम्भ भएको हो । मार्क्सवादमा संरचनावादलाई भित्र्याउने आल्थुसरले विचारधारा (आइडियोलजी) लाई संस्कृति निर्माणको मुख्य तत्त्व मानेका छन् (गुरागाई, २०६९ : १८) । आल्थुसरले विचारधारालाई त्यस्तो अन्यथा पहिचान हो जसमा वास्तविक अवस्थाको छद्म प्रस्तुति हुन्छ भनी व्याख्या गरेका छन् । विचारधाराले चलि आएका सामाजिक मान्यतालाई जनाउँछ जसलाई हामी सत्य भनेर स्वीकार गर्छौं, मानिरहेका हुन्छौं । हामीले ती मान्यतालाई किन सत्य सम्झदैं आत्मसात गर्छौं भन्ने कुरो हामी आफैलाई पनि चेतना नहुन सक्छ (उप्रेती, २०६८ : १६५) । विचारधाराले संस्कृतिको उत्पादनका साथै हामी को हौँ वा हामी के हौं भन्ने चेतना समेत दिन्छ भन्ने आल्थुसरको मान्यता रहेको छ । उनका अनुसार आर्थिक आधार जत्ति कै महत्त्व कानुन, धर्म, शिक्षा, कला, साहित्य जस्ता समाजका विचारधारात्मक उपकरणहरूको रहेको छ । आल्थुसरले आर्थिक आधारमा नगई पनि सांस्कृतिक अध्ययन गर्न सकिन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । उनको यस धारणाबाट सांस्कृतिक अध्ययन प्रभावित भएको पाइन्छ ।

आन्तोनिओ ग्राम्ची (सन् १८९१-१९३७) ग्राम्चीको प्रभुत्व सम्बन्धी मान्यताले बेलायती सांस्कृतिक अध्ययनलाई महत्त्वपूर्ण प्रभाव पारेको छ । ग्राम्चीको **प्रिजन नोटबुक्स** नामक पुस्तकमा प्रभुत्व सम्बन्धी मान्यता प्रस्तुत भएको छ । बल प्रयोग नगरी पनि समाज भित्रका विभिन्न वर्गलाई प्रभुत्वले बाँधेको हुन्छ भन्ने विचार प्रभुत्वको केन्द्रीय मान्यता हो ।

प्रभुत्व एक किसिमको वैचारिक र सांस्कृतिक प्रक्रिया हो । सोभ्रो दमन वा बलले मान्छेमाथि शासन गर्न सकिन्न भन्ने मान्यतामा आधारित प्रभुत्वले शासक वर्गीय विचारधारालाई स्थापित गर्ने लक्ष्य राखेको हुन्छ (भट्टराई, २०६८ : ५७) । विचारधाराको माध्यमबाट शासक वर्गले आफ्नो प्रभुत्व कायम राख्दछ भन्ने ग्राम्चीको धारणा पाइन्छ । ग्राम्चीको यस मान्यताको प्रयोग प्रारम्भमा वर्गहरूको सम्बन्ध विश्लेषणमा प्रयुक्त भए पनि पछि लिङ्ग, लैङ्गिक अध्ययन आदिको विश्लेषणमा पनि उपयोगी सिद्ध भएको छ (बार्कर, २००० : ३५१) । प्रभुत्व सम्बन्धी मान्यताको प्रयोग लैङ्गिक प्रभुत्व र पितृसत्तात्मक समाजको विचारधाराले महिलामा र नारीवादी समाजको विचारधाराले पुरुष प्रति गरेको उत्पीडनको खोजीको सन्दर्भमा गरिन्छ ।

अमेरिकी सांस्कृतिक अध्ययनमा उत्तर संरचनावादी विचारमा फुको र ज्याक डेरिडाका मान्यताको उपयोग गरिन्छ । फुकोले सङ्कथनका तीन पक्ष शक्ति, सत्य र प्रतिनिधित्वको चर्चा गरेका छन् (उप्रेती, २०६८ : ३७) । उनले सत्य तथ्यमा होइन शक्तिमा आधारित हुन्छ : शक्तिले ज्ञानको निर्धारण गर्छ भन्ने मान्यता प्रस्तुत गरेका छन् । उनको शक्ति सम्बन्धी अवधारणाको उपयोग लैङ्गिक अध्ययनमा पनि प्रयोग गरिन्छ । लैङ्गिक शक्ति सम्बन्ध, महिलाको शरीर र यौनिकताको दुरूपयोग कसरी भएको छ भन्ने सन्दर्भमा लैङ्गिक अध्ययनमा यस मान्यताको उपयोग गरिन्छ । सांस्कृतिक अध्ययन छाता समालोचना सिद्धान्तको रूपमा स्थापित भएको छ । यस समालोचना सिद्धान्तको मुख्य क्षेत्रहरू निम्नानुसार छन् :

(क) स्थान र भूगोल

(ख) लैङ्गिक अध्ययन

(ग) लैङ्गिकता र यौनिकता

(घ) विचारधारा

(ङ) उपभोक्ता संस्कृति र फेसन अध्ययन

(च) संगीत र लोकप्रिय संस्कृति

(छ) संचार (मिडिया अध्ययन)

(ज) भूमण्डलीकरण

(झ) दृष्य संस्कृति

(ञ) जातीयता, जनजातीयता

(ट) राष्ट्रवादोत्तर भूमण्डलीयता

(ठ) उत्तर औपनिवेशिकता

यसरी सांस्कृतिक अध्ययनको क्षेत्र व्यापक बन्दै गएको छ । समाजमा विद्यमान संस्कृतिले नै समाजमा नारी र पुरुषको लक्षण निर्धारण गर्ने भएको कारण लैङ्गिक अध्ययन सांस्कृतिक अध्ययनको रूपमा स्थापित भएको हो । सांस्कृतिक अध्ययनमा झैं लैङ्गिक अध्ययनमा पनि प्रतिनिधित्व, पहिचान, प्रतिरोध, प्रभुत्व जस्ता पक्षहरूको अध्ययन र विश्लेषण गरिन्छ । लैङ्गिक अध्ययनमा नारीवादी लैङ्गिक अध्ययन, पुरुषवादी लैङ्गिक अध्ययन र सन्दिग्धतावादी लैङ्गिक अध्ययनको मूलभूत मान्यतालाई उपयोग गरी कृतिको विश्लेषण गरिन्छ ।

## २.६ उपन्यासको लैङ्गिक विश्लेषणको आधार

साहित्यको लैङ्गिक अध्ययन विभिन्न दृष्टिकोणबाट गर्न सकिन्छ । तीमध्ये नारीवादी, पुरुषवादी र सन्दिग्धतावादी दृष्टिकोण प्रचलनमा रहेको पाइन्छ । लैङ्गिक अध्ययनमा कृतिभित्र महिला र पुरुष, पुरुष र पुरुष, महिला र महिला बिचको शक्ति सम्बन्धको अवस्था कस्तो छ ? लैङ्गिक उत्पीडनको अवस्था कस्तो रहेको छ ? भन्ने कुराको खोजी गरिन्छ । प्रस्तुत शोधकार्यमा **रूपमती** उपन्यासमा यिनै पक्षको खोजी गरिएको छ । **रूपमती** उपन्यासमा तेस्रो लिङ्गीको उपस्थिति नभएको कारण यहाँ नारीवादी र पुरुषवादी मान्यतालाई आधार बनाई कृतिको विश्लेषण गरिएको छ ।

कृति विश्लेषणका निम्ति उपयुक्त सैद्धान्तिक आधारहरूको छनोट गर्नु आवश्यक हुन्छ । यस शोधकार्यमा **रूपमती** उपन्यासको लैङ्गिक अध्ययनका लागि सांस्कृतिक अध्ययन र लैङ्गिक अध्ययनमा प्रचलित शक्ति सम्बन्ध, लैङ्गिक उत्पीडन, प्रभुत्व, पहिचान र प्रतिनिधित्व जस्ता मान्यतालाई मुख्य आधार बनाइएको छ । यी मुख्य आधारहरूको चर्चा यहाँ गरिएको छ ।

### २.६.१ शक्ति सम्बन्ध

लैङ्गिक अध्ययन सांस्कृतिक अध्ययनको एक पाटो हो । सांस्कृतिक अध्ययनमा जस्तै लैङ्गिक अध्ययनमा पनि शक्ति सम्बन्धको बारेमा व्याख्या गरिन्छ र त्यसको उपयोग पनि गरिन्छ । यसमा फ्रान्सेली चिन्तक मिसेल फुको (सन् १९२६-१९८४) को शक्ति सम्बन्धी मान्यताको उपयोग गरिन्छ । सामान्य अर्थमा मानव समाजमा रहेको व्यक्तिको अस्तित्व नै

उसको शक्ति हो (गुरागाईं, २०७० : २६) । व्यक्तिले समाजमा आफ्नो अस्तित्व कत्तिको कायम गर्न सक्छ त्यस आधारमा उसको शक्तिको मापन गरिन्छ । जान रोवर्टसनका अनुसार शक्ति भनेको निर्णय प्रक्रियामा प्रभावकारी सहभागिता हुनु हो (ढकाल, २०६७ : ४४) । शक्तिको खेल हरेक क्षेत्रमा हुन्छ । एउटा सानो परिवारदेखि राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशमा शक्तिको प्रभाव पर्दछ । जो निर्णायक तहमा रहन्छ, शक्ति उसैमा केन्द्रित रहन्छ । पुरुष प्रधान समाजमा पितासँग आय आर्जन गर्ने शक्ति भएकाले परिवार भित्रको आर्थिक र राजनीतिक शक्तिको बागडोर पनि प्राय : घरको मुख्य मुली पुरुषसँगै हुन्छ (उप्रेती, २०६८ : ४२८) । त्यस्तै महिला प्रधान समाजमा परिवारको शक्ति केन्द्रमा महिला नै रहेको पाइन्छ । उनीहरूमा निहित शक्तिको उपयोग दमनात्मक र सिर्जनात्मक दुवै किसिमको हुने फुकोको ठहर छ । मार्क्सवादी दृष्टिकोणमा शक्ति शासकमा केन्द्रित रहन्छ र त्यसको माध्यमबाट शासक शोषणमा क्रियाशील हुन्छ । शक्तिलाई दमनको साधन बनाउँछ । फुकोको विचारमा शक्ति सिर्जनात्मक पनि हुन्छ । उनले शक्तिको निर्माणमा ज्ञान र सत्ताको भूमिका महत्त्वपूर्ण रहने बताएका छन् । शक्ति सधैं एकै ठाउँमा मात्र सीमित रहँदैन भन्ने फुकोके भनाइमा जहाँ शक्तिको अभ्यास देखा पर्छ त्यहाँ नै त्यसको प्रतिकारको सम्भावना पनि साथसाथै मौलाउँछ (उप्रेती, २०६८ : ४१) र नयाँ नयाँ शक्तिको उदय हुन्छ । यस्ता शक्तिको केन्द्रको रूपमा व्यक्ति, जाति, समुदाय, लिङ्ग, वर्ग र राष्ट्र समेत रहेको पाइन्छ । यसरी हेर्दा व्यक्तिगत अन्तर सम्बन्ध, जातिगत अन्तर सम्बन्ध, समुदायगत अन्तर सम्बन्ध, लिङ्गगत अन्तर सम्बन्ध अीद विविध क्षेत्रका अन्तर सम्बन्धलाई शक्ति सम्बन्धका आधारमा विश्लेषण गर्न सकिन्छ । यस शोधमा लिङ्गगत अन्तर सम्बन्धमा शक्तिको भूमिका बारे अध्ययन गरिएको छ । लिङ्गगत सम्बन्ध अन्तर्गत पुरुष र महिला, पुरुष र पुरुष, महिला र महिलाका बिचमा रहेको सहकार्य र प्रतिस्पर्धा मूलक सम्बन्ध बारे अध्ययन गरिएको छ । शक्तिको वितरण लिङ्गगत आधारमा कसरी भएको छ भन्ने कुराको खोजी गर्ने काम लैङ्गिक अध्ययनमा गरिन्छ ।

### २.६.२ लैङ्गिक उत्पीडन

कुनै पनि व्यक्ति महिला वा पुरुष भएको कारण कष्टपूर्ण जीवन बाँच्न बाध्य छ भने त्यसलाई लैङ्गिक उत्पीडन भनिन्छ । लैङ्गिक उत्पीडनको सिकार पुरुषको तुलनामा महिला बढी भएको पाइन्छ । चन्द्रा भद्राले महिला लैङ्गिक उत्पीडनमा पर्नुका निम्न कारणबारे चर्चा गरेकी छन् :

(क) अछुतको रूपमा गरिने व्यवहार

(ख) मानवीय मूल्यको आधार

(ग) महिलामाथि पितृसत्तात्मक नियन्त्रण

(घ) हिँडडुलमा नियन्त्रण

(ङ) शरीर तथा प्रजननमा नियन्त्रण

(च) श्रम तथा आयमा नियन्त्रण

(छ) यौनिकतामा नियन्त्रण

(ज) पारिवारिक सम्पति, आर्थिक स्रोत तथा प्राकृतिक संशाधनमा नियन्त्रण

(झ) विचारधारा तथा विवेकमा नियन्त्रण (भद्रा, २०६७ : ३४-३७) ।

त्यस्तै यौन हिंसाका विभिन्न घटनाक्रमले पनि महिलामाथि भएका लैङ्गिक उत्पीडनलाई पुष्टि गर्दछ । यस्ता किसिमका उत्पीडनलाई शारीरिक र मानसिक उत्पीडनका रूपमा व्याख्या विश्लेषण गरिएको पाइन्छ । यिनै उत्पीडनका विरुद्धमा नारीवादी र पुरुषवादी आन्दोलन भएको पाइन्छ । लैङ्गिक उत्पीडनका विरुद्धमा भएका यस्ता आन्दोलनले समानताको पक्षमा आफ्ना आवाज उठाएको पाइन्छ ।

### २.६.३ प्रभुत्व

अङ्ग्रेजी भाषाको ‘हेजेमोनी’ शब्दलाई नेपालीमा प्रभुत्व भनिन्छ । हेजेमोनी शब्दलाई इटालीका मार्क्सवादी चिन्तक आन्तोनिओ ग्राम्ची (सन् १८९१-१९३७) ले प्रयोगमा ल्याएका हुन् । ग्राम्चीले बिना बल प्रयोग पनि समाज भित्रका विभिन्न वर्गलाई वर्चश्वले बाँधेको हुन्छ भन्ने धारणा ब्यक्त गरेका छन् । ग्राम्चीले त्यो वर्चश्व त्यति बेला प्राप्त हुन्छ जब उच्च वर्गले बौद्धिक र नैतिक नेतृत्व सिर्जना गरेर आर्थिक शक्ति प्राप्त गर्छन् । यस्तो नेतृत्व प्राप्त गर्नका लागि श्रमजीवी वर्गसँग सहमति गरिन्छ र एउटा सामान्य साझा मान्यता विकास गरिन्छ । समाजमा एउटा यस्तो अवस्थाको निर्माण हुन्छ जतिबेला श्रमिकहरू हामी शोषित भएका, ठगिएका छौं भन्ने थाहा पाउँदैनन् । ग्राम्चीका विचारमा प्रभुत्व एक किसिमको वैचारिक र सांस्कृतिक प्रक्रिया हो (भट्टराई, २०६५ : ५७) । शासक वर्गले हिंसा वा बलका आधारमा राज्यका सवै पक्ष र खासगरी तल्लो वर्गलाई नियन्त्रण गर्न सक्दैन । ट्रेड युनियनहरूको विकास तथा अन्य दबाबका कारण शासक वर्गले नागरिक अधिकार बढाउँछ, शैक्षिक सुविधाहरू प्रदान गर्न र शासनलाई सहमतिका आधारमा सञ्चालन गर्ने आधार तयार पार्छ । उसले बौद्धिक वर्गको समर्थन जुटाउँछ र यसकै माध्यमबाट विचारधारा र

शासनको पुष्टि गर्ने आधार तयार पारी वर्गीय दमनलाई प्रभावकारी र स्थिर बनाउँछ । यस्ता कार्यहरूलाई उसले सञ्चार माध्यम, धार्मिक स्थल वा धर्मगुरु, विद्यालय र परिवारका माध्यमबाट सम्प्रेषण गर्छ । शासन सञ्चालनको यस प्रक्रियालाई ग्राम्चीले प्रभुत्वको रूपमा व्याख्या गरेका छन् ।

प्रभुत्व सम्बन्धी अवधारणा सांस्कृतिक अध्ययनको महत्त्वपूर्ण पक्ष हो । यसलाई उत्तर औपनिवेशिकवादी, नारीवादी तथा समलैङ्गिक समालोचकले समेत प्रयोग गरेका छन् (उप्रेती, २०६८ : १७२) । यसलाई एउटा परिवारमा पिताको कानुनको रूपमा प्रस्तुत गरिन्छ । समाजमा पितृसत्ताको प्रभुत्वलाई कायम राख्न पाप र धर्म, नैतिकता र अनुशासनको नाममा विभिन्न किसिमका नियम बनाइन्छ र प्रभुत्वलाई वैधानिकता प्रदान गरिन्छ । यस्ता नियम कानुनले समाजमा लैङ्गिक विभेदलाई प्रश्रय दिन्छ र लैङ्गिक विभेदको सृजना गर्छ । पछिल्लो समयमा यस्ता किसिमका व्याख्या र विश्लेषण गर्ने र ति नियम, कानुन मिथ्या र भ्रामक रहेको प्रमाण लैङ्गिक अध्ययनका अध्येताहरूले चर्चा गरेका छन् । यस शोधमा लैङ्गिक प्रभुत्वको सन्दर्भमा ग्राम्चीको मान्यताको उपयोग गरिएको छ ।

### २.६.४ प्रतिनिधित्व र पहिचान

सांस्कृतिक अध्ययनमा प्रचलित प्रतिनिधित्व र पहिचान सम्बन्धी अवधारणाको प्रयोग लैङ्गिक अध्ययनको क्षेत्रमा पनि गरिन्छ । लैङ्गिक अध्ययनमा यसलाई लैङ्गिक प्रतिनिधित्व र लैङ्गिक पहिचानको सन्दर्भमा गर्ने गरिन्छ । प्रतिनिधित्वको मुख्य विषय समाजको संरचना कसरी निर्माण भएको छ र त्यसमा जनताको प्रतिनिधित्व कसरी भएको छ (बार्कर, सन् २००० : ८) भन्ने हो । लैङ्गिक अध्ययनले समाजमा जनताको लैङ्गिक प्रतिनिधित्वको सन्दर्भमा प्रतिनिधित्वको खोजी गर्दछ । राजनीतिक अर्थमा यस शब्दले कुनै वर्ग, समाज वा स्थान विशेषका जनताको काम गर्ने जिम्मेवारी पाउनु वा लिनु भन्ने जनाउँछ भने साहित्यमा विभिन्न समुदाय वा वर्गका बारेमा लेख्दा भाषाका माध्यमबाट गरिने प्रतिनिधित्व भन्ने बुझिन्छ (गुरागाईं, २०७० : २५) । लैङ्गिक अध्ययनको क्षेत्रमा प्रतिनिधित्वले लैङ्गिक उपस्थिति र उसले प्राप्त गरेको जिम्मेवारीलाई बुझाउँछ ।

लैङ्गिक अध्ययनमा पहिचानको प्रयोग परम्पराले बनाइ दिएको पहिचान र त्यसैको निरन्तरता र परम्पराबाट भिन्न रहेर नवीन पहिचानको सन्दर्भमा गरिन्छ । पुरानो परम्पराको प्रयोगको सन्दर्भमा एकातर्फ पुरानै मूल्य मान्यतामा रहेर पहिचानलाई निरन्तरता दिन

सकिन्छ भने अर्कोतर्फ समय सापेक्षित रूपमा त्यसको पुन : परिभाषा गरेर पनि पहिचानलाई लिन सकिन्छ । नवीन पहिचानको आधार निर्माण गर्नको लागि सामाजिक र सांस्कृतिक सङ्घर्षको आवश्यकता पर्दछ । यसरी हेर्दा पहिचान परिवर्तनशील हुने देखिन्छ । लैङ्गिक अध्ययनको क्षेत्रमा लैङ्गिक पहिचानको सन्दर्भमा यसको उपयोग हुन्छ । जस्तै नारीत्व र पुरुषत्व नारी र पुरुषको पहिचानको रूपमा व्याख्या गरिन्छ । साहित्य समालोचनाको क्षेत्रमा लैङ्गिक अध्ययन अन्तर्गत पहिचानको उपयोग समाजले नारी वा पुरुषलाई प्रदान गरेको परम्परागत पहिचान र नवीन पहिचानको खोजीमा संलग्न पक्षको अध्ययन र विश्लेषणमा हुने गर्दछ । समग्रमा पहिचान र प्रतिनिधित्वको सांस्कृतिक मान्यताको अवधारणालाई लैङ्गिक पहिचान र लैङ्गिक प्रतिनिधित्वको सन्दर्भबाट लैङ्गिक अध्ययनमा व्याख्या र विश्लेषण गरिन्छ ।

## २.७ निष्कर्ष

लैङ्गिक अध्ययन नारीवाद निकट मानिए पनि यसले नारीवाद, पुरुषवाद र सन्दिग्धतावादको समान रूपमा अध्ययन र विश्लेषण गर्दछ । तसर्थ नारीवादी, पुरुषवादी र सन्दिग्धतावादी मान्यताको आधारमा लैङ्गिक अध्ययनले कुनै पनि कृतिको विश्लेषण गर्दछ । यसले कृतिमा पुरुष र महिला (पति र पत्नी) को सम्बन्ध, पुरुष र पुरुष (दाजु र भाइ)को सम्बन्ध महिला र महिला (सासू र बुहारी, देउरानी र जेठानी) को सम्बन्ध र त्यसका लैङ्गिक विश्लेषण तथा लैङ्गिक विषय र लैङ्गिकताको खोजी गर्ने कार्य गर्दछ । यसले पुरुष लेखकको कृतिमा महिलाको भूमिका र महिला लेखकको कृतिमा पुरुषको भूमिका मात्र नभएर तेस्रो लिङ्गीको उपस्थितिको चित्रण पनि गर्दछ । मुख्य रूपमा लैङ्गिक अध्ययनले कृतिमा उपस्थित पात्रहरूको भूमिका लैङ्गिक विभेद युक्त छ कि मुक्त छ, ति पात्रहरूको प्रतिनिधित्व र पहिचानको सवाललाई कसरी प्रस्तुत गरिएको छ ? विभेदको मुक्तिको लागि प्रतिरोधको प्रयास भएको छ कि छैन आदि विषयमा केन्द्रित रहन्छ । त्यसका लागि नारीवादी, पुरुषवादी र सन्दिग्धतावादी सिद्धान्तको उपयोग गरिन्छ । समाजमा विद्‌यमान लिङ्गका कारण हुने सबै प्रकारका विभेदकारी चिन्तन र विचारधाराको विरोध गरी समतामूलक समाज निर्माणको अपेक्षा लैङ्गिक अध्ययनले गर्दछ । यसले पितृसत्तात्मक सामन्ती सोच र उग्र नारीवादी धारणा दुवैको विरोध गर्दछ । यसले लैङ्गिक उत्पीडन र लैङ्गिक स्वतन्त्रताको खोजी गर्ने काम गर्दछ । लिङ्गका आधारमा समाज विभेदमुक्त हुनुपर्दछ र सामाजिक, आर्थिक, शैक्षिक, कानुनी कार्य क्षेत्रमा सवै प्रकारका अधिकारको

उपयोगमा समता कायम गर्नु पर्ने मान्यता लैङ्गिक अध्ययनको मुख्य विषय हो । लैङ्गिक विभेदबाट मुक्तिको खोजी गर्नु लैङ्गिक अध्ययनको मुख्य उद्देश्य हो ।

लैङ्गिक अध्ययनको स्वरूप अन्तर अनुशासनात्मक प्रकृतिको छ । यसमा एउटै सिद्धान्तको आधारमा कृतिको विश्लेषण गर्न सकिन्न । यसमा विविध पद्धतिको मिश्रण गरी कृतिको विश्लेषण गरिन्छ । यसमा सामाजिक प्रचलनहरू धर्म, संस्कृति, परम्पराद्वारा निर्मित विधानद्वारा नारी र पुरुष सम्बन्धी अवधारणाको र उनीहरूले भोगेका लैङ्गिक उत्पीडनका सन्दर्भ र शक्ति सम्बन्धको अवस्थाबारे विश्लेषण गरिन्छ । कृतिको विश्लेषणको निम्ति मार्क्सवाद, प्रभुत्व, शक्ति सम्बन्ध, नारीवाद, पुरुषवाद, सन्दिग्धतावाद जस्ता सिद्धान्त वा मान्यताको उपयोग गरिन्छ । पुरुषलाई शक्तिशाली निर्णायक, निडर, नेतृत्व लिन सक्ने, साहसी, वंशरक्षक, सम्पतिको उत्तराधिकारीको रूपमा र महिलालाई शक्तिहीन, डरपोक, कमजोर, पुरुषको सेवक, आर्थिक अधिकार दिनु नपर्ने सामाजिक मान्यताको विरोधमा लैङ्गिक अध्ययनले समानताको पक्षमा वकालत गर्दछ । समाजमा रहेका यस्ता मान्यताहरूको सामाजिक असमानताको पृष्ठपोषण गरेको पाइन्छ । यस्ता सामाजिक सांस्कृतिक परिवेशमा जन्मिएको साहित्यकारको सृजनामा समाजमा विद्यमान अवस्थाको प्रस्तुति कसरी भएको छ भन्ने कुराको खोजी लैङ्गिक अध्ययनमा गरिन्छ । **रूपमती** उपन्यास लेखनको अवधिमा रहेको सामाजिक सांस्कृतिक परिवेशलाई उपन्यासले कसरी प्रस्तुत गरेको छ । तत्कालीन समयमा पुरुष र महिलाका बिचको शक्ति सम्बन्धको अवस्था कस्तो छ ? पितृसत्तात्मक मानसिकताबाट शोषित महिलाको अवस्था कस्तो छ ? आदि विषयको अध्ययन यस शोधप्रबन्धमा गरिएको छ । उपन्यासमा उपस्थित पात्रहरूको लैङ्गिक उत्पीडनको अवस्था र पितृसत्तात्मक समाजको प्रभुत्व कसरी कायम भएको छ भन्ने कुराको खोजी यस शोधमा गरिएको छ । यहाँ लैङ्गिक समालोचनाको विविध मान्यतालाई उपन्यासका चरित्रहरूमा लागु गरी अध्ययन विश्लेषण गरिएको छ ।

# परिच्छेद : तिन

# रूपमती उपन्यासका पात्रहरूको लैङ्गिक चिनारी

## ३.१ विषय परिचय

**रूपमती** उपन्यास धेरै पात्रहरूको उपस्थित भएको सामाजिक उपन्यास हो । उपन्यासमा सीमित आयाम र सीमित परिवेशमा अधिक पात्रको उपस्थिति पाइन्छ । उपन्यासमा सासू बुहारीको द्वन्द्व, देउरानी जेठानी बिचको सम्बन्धमा अधिकांश समय खर्चिएको पाइन्छ । उपन्यासमा मञ्चीय र नेपथ्य गरी उनान्सय पात्रहरूको उपस्थिति रहेको छ । उपन्यासमा नारी पात्रहरूको तुलनामा पुरुष पात्रको उपस्थिति अधिक रहेको पाइन्छ । उपन्यासमा पात्रहरूका विचमा लैङ्गिक विभेदका सूचकहरू प्रशस्त मात्रामा रहेका छन् । यस परिच्छेदमा उपन्यासमा उपस्थित पात्रहरूको लिङ्ग, कार्य, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताको आधरमा चिनारी प्रस्तुत गरिएको छ ।

## ३.२ रूपमती उपन्यासका पात्रहरूको लैङ्गिक चिनारी

**रूपमती** नारी पात्र केन्द्रित उपन्यास हो । मोहन प्रसाद लुइटेल र लुइटेलनी बज्यैकी छोरी तथा हविलाल शर्माकी श्रीमती रूपमतीको चरित्रमा उपन्यास केन्द्रित छ । उपन्यासमा रूपमती, पण्डितनी बज्यै र बरालपुत्री सबैभन्दा बढी सक्रिय पात्रका रूपमा रहेका छन् । उपन्यासका पुरुष पात्रहरूमा रविलाल र हविलालको सक्रियता देखिन्छ अन्य पात्रहरूको उपस्थिति मात्र देखा पर्दछ । उपन्यासमा सासू-बुहारी, देउरानी-जेठानी, आमा-छोरा, दाजु-भाइ, पति-पत्नी, नोकर-मालिक, मित्र आदि सामाजिक सम्बन्धका पात्रहरू उपस्थित छन् । उपन्यासमा बाउन्न पुरुष पात्र र सैंतालिस नारी पात्र उपस्थित छन् । लैङ्गिक दृष्टिले उपन्यासमा पुरुष र महिला वर्गका पात्रहरूको उपस्थिति पाइन्छ । प्रस्तुत शोधकार्य लैङ्गिक अध्ययनसँग सम्बन्धित भएकाले उपन्यासमा उपस्थित पात्रहरूको लैङ्गिक चिनारी प्रस्तुत गर्नु आवश्यक देखिन्छ । त्यसैले यहाँ ती पात्रहरूको लैङ्गिक चिनारी प्रस्तुत गरिएको छ ।

### ३.२.१ नारी पात्रहरूको चिनारी

**रूपमती** उपन्यासका पात्रहरूलाई लैङ्गिक दृष्टिले वर्गीकरण गर्दा नारी र पुरुष पात्रको उपस्थिति देखिन्छ । उपन्यासमा सैंतिस नारी पात्रहरू उपस्थित छन् । उपन्यासमा प्रस्तुत उनीहरूको भूमिकाका आधारमा मुख्य, सहायक र गौणमा वर्गीकरण गरी तिनको चिनारी तल प्रस्तुत गरिएको छ ।

(क) **रूपमती**

रूपमती प्रस्तुत उपन्यासकी मुख्य नारी पात्र हो । उपन्यासको संरचना रूपमतीमा केन्द्रित रहेको छ । उपन्यासका सम्पूर्ण विषयवस्तु उसैको वरिपरि घुमेको छ । रूपमती पण्डित मोहन प्रसाद लुइँटेल र लुइँटेलनी बज्यैकी एक मात्र सन्तानको रूपमा उपन्यासमा प्रस्तुत भएकी छ । उनको जन्म मध्यम स्तरको परिवारमा भएको थियो । पितृसत्तात्मक मानसिकताबाट दीक्षित लुइँटेलनी बज्यैले उनमा आदर्श नारी बन्नु पर्ने धारणाको विकास भएको छ । रूपमती सुशील, धैर्यवान र नम्र स्वभावकी नारी हो । बहत्तर महिनामा अन्मिएकी उनमा अपार सहनशक्ति रहेको पाइन्छ । सासूको कठोर यातनालाई पनि उसले बिना प्रतिवाद सहेकी छ । उपन्यासमा सासू, देउरानी र पतिद्वारा उत्पीडित रूपमती लैङ्गिक उत्पीडनका कारण सबैभन्दा बढी यातना भोग्ने पात्रको रूपमा रूपमती देखा परेकी छ । "रूपमतीका प्रत्येक आचरणहरू आदर्शका अभेद्य किल्ला भएर अडेका छन् (सुवेदी, २०६४ : ७२) ।" सहनु पाप होइन, सहेर सफलता खोज्नु आदर्श हो भन्ने लुइँटेलनी बज्यैको अर्ती उपदेशलाई आत्मसात् गर्दै रूपमती सासू र पतिको सेवामा समर्पित हुन्छे । ऊ हिन्दू धर्मको आदर्शबाट प्रेरित छे । रातदिन सासूको घोचपेच, रविलाल र बरालपुत्रीको उपेक्षा, तिरस्कार सही-सुनी-भोगी घर समाल्ने र हेला गरी निस्केकी बरालपुत्रीलाई पछि निहोरा गरी घरमा भित्र्याउन लगाउने रूपमती तिनीहरूकै आदर्शबाट प्रेरित छ (प्रधान, २०६१ : २२०) । हिन्दू धर्मप्रतिको आस्था र लुइँटेलनी बज्यैको प्रेरणाले रूपमतीको व्यवहार आफ्नो आदर्शबाट डगमगाएको छैन । उपन्यासमा रूपमतीलाई सुन्दर स्त्रीको रूपमा उपस्थित गराइएको छ । हविलाल रूपमतीको सौन्दर्यको बयान गर्दै भन्छन्- "तिमी मृगका जस्ता ठूलाठूला आँखा पर्लक्क पल्टाएर, मधुर मुस्कुराहटका साथसाथै सेता चहकिला हस्ति-हाडजस्ता दाँतका पङक्ति अलिअलि देखाएर कोइलीको जस्तो मधुर बोली बोलेर जादू गरिहाल्छ्यौ नि रूपा (पाण्डे, २०६९ : ५२) ।" रूपमतीको व्यवहार र रूपरङ्ग सुन्दर रहेको

उपन्यासमा उल्लेख भएको छ । आरम्भमा सबैबाट उपेक्षित रूपमती अन्ततिर सबैको प्रशंसाको पात्र बनेकी छ । उपन्यासमा रूपमतीको उपस्थितिलाई हेर्दा सहनशील, त्यागी, संचेत, कर्मशील, सभ्य, शालीन, मृदुभाषी र सामाजिक आदर्शको पालकको रूपमा आफ्नो चिनारी प्रस्तुत गरेकी छ ।

(ख) **बरालपुत्री**

बरालपुत्री **रूपमती** उपन्यासको सहायक नारी पात्र हो । ऊ छेपेटार पण्डित मधुवन बरालकी छोरी, छविलाल नेपालकी कान्छी बुहारी र रविलालकी श्रीमती हो । बरालपुत्री तेह्र वर्षको उमेरमा रविलालसँग वैवाहिक बन्धनमा बाँधिन्छे । उपन्यासमा बरालपुत्री बाबु आमा तथा पतिबाट पढाइको र व्यावहारिकताको प्रेरणा नपाएकी निरक्षर र अव्यावहारिक देखिन्छे । बाबुआमाको सम्पतिले मात्तिएकी बरालपुत्री उपन्यासमा अशिष्टता र उदण्डताकी प्रतिमूर्तिका रूपमा देखा परेकी छ । माइतमा छँदा सम्पूर्ण परिवारलाई थर्काएर मनोमानी गर्ने र घरमा सासू र जेठानीलाई दबाएर राख्ने चाहना बरालपुत्रीमा देखिन्छ । उसमा माइतबाट ल्याएको सम्पतिको घमण्ड छ । उसले पनि रविलाललाई त्यही सम्पतिको रवाफले अधीनमा राखेकी छ । माइतबाट सम्पति ल्याएर धाक जमाउने बरालपुत्रीको आमाको निधन पछि सुन, चाँदी, हिराका गहनाहरू नभेट्दा मधुवन बराल ठूलो चिन्तामा पर्छ र परिवार छिन्न भिन्न हुन्छ । अशिष्ट र उदण्ड व्यवहारले विचल्नी भएको अवस्थामा रूपमतीले बरालपुत्रीलाई नयाँ जीवन दिन्छे । बरालपुत्रीको रूपरंगको बारेमा टिप्पणी गर्दै गाउँले आइमाइहरू भन्छन्- “दुलही भने अलि बाक्ला ओठ भएकी, दाँत एउटा अलि खडबडिएकी, लामो नाक भएकी ठिक्कैकी थिइन् । . . .‘काँठेकी छोरी के गतिली हुन्थी !’ आथ्यु ! निधार किन अध्यारो नि ! ‘हाँसेको कस्तो नराम्रो देखिने ।’ आँखा किन चिम्सो ? इत्यादि (पाण्डे, २०६९ : २३) ।” उपन्यासमा बरालपुत्रीको शृङ्गारिक प्रसाधनका अधिक प्रयोग गरे पनि त्यसले उसको सुन्दरता बढाउनुको सट्टा कुरूप भएको उल्लेख छ । बरालपुत्रीको स्वभाव हेर्दा उनी थिचोमिचो सहन नसक्ने तत्काल प्रतिकारमा उत्रिने खालको देखिन्छ । उपन्यासमा उसको उपस्थिति हेर्दा ऊ गतिशील, मञ्चीय, सहायक र बद्ध पात्रको रूपमा रहेकी छ ।

(ग) **पण्डितनी बज्यै**

कार्यका आधारमा पण्डितनी बज्यै **रूपमती** उपन्यासकी सहायक नारी पात्र हुन् । छविलाल नेपालकी पत्नी, हविलाल र रविलालकी आमा र रूपमती र बरालपुत्रीकी सासूको रूपमा उपन्यासमा यिनको उपस्थिति देखा पर्दछ । यिनी विवेक नभएकी कर्कशा र उदण्ड स्वभावकी छन् । परिवारमा झगडा मच्चाउने, अशान्ति फैलाउने प्रमुख कारकका रूपमा पण्डितनी बज्यै देखा पर्दछिन् । यिनमा बुहारीलाई सास्ती दिने, कुट्ने र बिग्रीएको सामानको मूल्य असुल गर्ने अमानवीय स्वभाव रहेको छ । पण्डितनी बज्यै पितृसत्तात्मक मानसिकताबाट दीक्षित नारी पात्र हुन् । यिनी दुष्ट स्वभावकी छन् । आफ्नो पतिलाई समेत यिनले सताएको पाइन्छ । उपन्यासको आरम्भदेखि नै रूपमतीलाई दिएको सास्तीले यिनलाई प्रतिकूल पात्रको रूपमा प्रस्तुत गरेको छ । नेपाल परिवारमा हुने हो-हल्ला, झै-झगडामा यिनको मुख्य भूमिका रहेको पाइन्छ । सासू मण्डलीको बैठकमा आफ्नो पुरुषार्थ प्रस्तुत गर्नका लागि यिनले रूपमतीलाई अमानवीय दुर्व्यवहार गरेकी छन् । उपन्यासमा यिनको भूमिका हेर्दा यिनी तत्कालीन समाजको अशिक्षित र दुष्ट सासूहरूको प्रतिनिधित्व गर्ने चरित्रको रूपमा देखा परेकी छन् ।

पण्डितनी बज्यैको बुहार्तन सहेर बस्ने रूपमतीलाई जस्तै व्यवहार गर्न खोज्दा कान्छी बुहारी बरालपुत्री आक्रोशित हुन्छिन् । रूपमतीले सहिरहँदा पण्डितनी बज्यैको मनोबल बढेको पाइन्छ भने बरालपुत्रीको प्रतिवादको घटनाले अझ आक्रमक बनाउँछ । दुवैजना आक्रमक भएपछि घरको गृहकलहले उत्कर्ष प्राप्त गर्छ र बरालपुत्री भिन्न भएर बस्छिन् । बरालपुत्रीको बहिर्गमन पछि पण्डितनी बज्यै केही शान्त देखिन्छिन् । कान्छी बुहारीको उग्र रूपको प्रदर्शन पछि पण्डितनी बज्यै रूपमतीप्रति सकारात्मक बन्छिन् । रूपमतीको व्यवहारले उनलाई प्रभाव पार्छ र शान्त भएर बस्न थाल्छिन् । कान्छो छोरा र बुहारीको उदण्ड व्यवहारले उनी परिवर्तन हुन्छिन् र गतिशील चरित्रको निर्माण हुन्छ । पण्डितनी बज्यै पितृसत्तात्मक समाजले निर्माण गरेको सामाजिक संरचनाको उत्पादन हुन् । उनले सोही मानसिकताकाप निर्वाह गरेकी छन् । उपन्यासको उनको उपस्थितिको आधारमा पण्डितनी बज्यै गतिशील स्वभावकी मञ्चीय, सहायक, बद्ध पात्र हुन् ।

(घ) **अन्य नारी पात्रहरू**

**रूपमती** उपन्यासमा रूपमती, बरालपुत्री र पण्डितनी बज्यैका अतिरिक्त अन्य धेरै नारी पात्रहरूको उपस्थिति रहेको छ । लुइँटेलनी बज्यै, बरालनी बज्यै, दहालनी बज्यै, कर्णेलनी बज्यै, चमेली, बाटुली, धाई बुढी, पाठकनी नानी, खुत्तेकी बहिनी, बुच्चेकी छोरी, गजधुम्मेकी जेठीसासू, गुइँठेकी साली आदि उपन्यासमा उपस्थित भई आफ्नो कार्य सम्पादन गरेका कारण मञ्चीय नारी पात्रको रूपमा देखा पर्दछ ।

लुइँटेलनी बज्यै मोहनप्रसाद लुइँटेलकी श्रीमती र रूपमतीकी आमा हुन् । यिनमा असल आमामा हुनुपर्ने गुण रहेको छ । छोरीलाई आदर्श बुहारी बनाउन यिनको सक्रिय भूमिका रहेको पाइन्छ । उपन्यासमा यिनको उपस्थिति कम तर अर्थपूर्ण रहेको छ । सासूको बुहार्तनले कठीन समय बिताइरहेकी छोरी रूपमतीलाई सहनशीलताको पाठ सिकाउने, निरन्तर आफ्नो कर्म गरिरहने, पतिको सेवामा दिनरात समर्पित हुने जस्ता गुण लुइँटेलनी बज्यैमा रहेको पाइन्छ । नातिको मुख हेर्न जाँदा मीठा-मीठा परिकार पकाएर लैजाने र छोरीलाई सदैव सत्मार्गमा उन्मुख गर्न लुइँटेलनी बज्यैको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ ।

चमेली नेपाल परिवारमा लामो समयदेखि बस्दै आएकी काम गर्ने स्त्री पात्रको नाम हो । उसको पारिवारिक पृष्ठभूमि बारे उपन्यासमा केही उल्लेख गरिएको छैन । पण्डितनी बज्यै बुहारीहरूका अगाडि निर्दयी देखिए पनि चमेलीलाई असाध्यै माया गर्छिन् । उपन्यासको नवौं परिच्छेदमा चमेलीलाई बरालपुत्रीले चार पैसाको सर्स्यु किन्न पठाउँछिन् । घरमा शर्माजी खाना खान लाग्दा पानी नभए पछि पण्डितनी बज्यैले भाँडभैलो मच्चाउँछिन् । पण्डितनी बज्यै र बरालपुत्रीको विवादले रविलाल पनि आमाप्रति आक्रोश पोख्छ । त्यसको केही दिन पछि रविलालले खाना खाए पछि हात धुने बेलामा ठाउँमा पानी नभएको निहुँमा लात हान्छ । बरालपुत्रीले पनि देखिसहन्नन् । त्यसपछि चमेली नेपाल परिवार छाडेर हिँड्छिन् । चमेली आफ्नो काममा निरन्तर लागिरहने नोकरको रूपमा उपन्यासमा प्रस्तुत भएकी छ । ऊ मञ्चीय पात्र हो ।

बाटुली बरालपुत्रीको माइतबाट पठाइएकी चाकरनी हो । बराल परिवारको आश्रयमा बाटुलीका आमाबुवा बसेका छन् । उपन्यासको आठौं परिच्छेदमा बाटुलीको उपस्थिति देखा पर्दछ । उपन्यासमा पण्डितनी बज्यैले बरालपुत्रीलाई नानाभाँती भनेपछि आफ्नी छोरी बज्यै (बरालपुत्री) को बचाउ गर्दै बाटुलीले रविलालका खराब आचरणको बखान गर्छे । आफ्नो

छोराको बारेमा अनेक तरहका कुरा सुन्दा असाध्य भएर पण्डितनी बज्यैले बाटुलीलाई जगल्ट्याउन थाल्छिन् । रविलालसँग बाटुलीको अनैतिक सम्बन्धको रहस्य खुल्छ । बराल परिवारको पनि आँखाको तारो बन्नु पर्ला भन्ने डरले बाटुली चुपचाप आफ्नो बुवासँगै घर फर्किन्छे । उपन्यासमा बाटुली मञ्चीय र मुक्त पात्रको रूपमा रहेकी छ ।

देउरानी बज्यै रविलाल र हविलालकी काकी हुन् । अर्काको घरको खोजीनीति गर्ने र कुरा काट्ने उनको दैनिकी बनेको पाइन्छ । पण्डितनी बज्यैको घरमा के-के हुन्छ र त्यसको नकारात्मक पक्षको चर्चा गर्न उनी सक्रिय हुन्छिन् । खुत्ते अर्यालकी बहिनी, बुच्चे पण्डितकी छोरी, गुइँठेकी साली, गजधुम्केकी जेठीसासू, चाँदेकी बज्यै आदि देउरानी बज्यैको घरमा भेला भएर समाजमा भएका विभिन्न क्रियाकलापका साथै पण्डितनी बज्यैको आनीबानीको चर्चा गर्ने मञ्चीय पात्र हुन् । नरहरिकी कान्छी आमा, रामेकी आमा, नन्दुकी आमा, घर्तिनी बुढी आदि सासू मण्डलीका सदस्य हुन् । पाठकनी नानी, दाहालनी बज्यै, धाई बुढी आदि पण्डितनी बज्यैका शुभ चिन्तक र मञ्चीय पात्र हुन् । नौनी, रविलालका चार छोरीहरू, बरालपुत्रीकी मितिनी, सत्यमान खर्दारकी छोरी, मुसे प्याकुरेलकी छोरी आदि उपन्यासमा सूच्य रूपमा प्रस्तुत भएका नारी पात्र हुन् । उपन्यासको आयामको तुलनामा नारी पात्रको अधिक प्रयोग भएको पाइन्छ । केही नारी पात्रहरू नेपथ्यमा आएका छन् भने अधिकांश पात्र मञ्चीय पात्रको रूपमा प्रस्तुत भएका छन् ।

### ३.२.२ पुरुष पात्रहरूको चिनारी

**रूपमती** उपन्यासमा संख्यात्मक रूपमा पुरुष पात्रको उपस्थिति बढी भएको पाइन्छ । कार्यको आधारमा हेर्दा हविलाल उपन्यासका प्रमुख पुरुष पात्र हुन् भने रविलाल सहायक पात्र हुन् । उपन्यासमा गौण पुरुष पात्र चौवन्न जना रहेका छन् । छविलाल नेपाल, मोहन प्रसाद लुइँटेल, मधुवन बराल, त्रिलोचन बराल, पं.जीवनहरि, रेवती विरूपाक्ष शास्त्री, प्यारेमोहन सक्सेना, राधेश्याम, रासविहारी, कर्णेल साहेव, मास्टर बाबु, छट्टु लम्साल, मुसलमान आदि गौण पात्रहरू उपन्यासमा मञ्चीय पात्रका रूपमा उपस्थित छन् । उपन्यासका पुरुष पात्रहरूको सामान्य चिनारी यहाँ प्रस्तुत गरिएको छ ।

(क) **हविलाल शर्मा**

हविलाल शर्मा (नेपाल) **रूपमती** उपन्यासको मुख्य पुरुष पात्र नायक हो । ऊ पण्डित छविलाल नेपाल र पण्डितनी बज्यैको मध्यम वर्गीय परिवारमा जन्मिएको हो । ऊ सानै उमेरदेखि पढाइमा मेहनती छ । एघार वर्षको उमेरमा बहत्तर महिनाकी रूपमतीसँग हविलालको विवाह हुन्छ । दरवार स्कुलमा शिक्षक प्यारेमोहन सक्सेनाको जोडमा हविलालले अङ्ग्रेजी शिक्षा लिने पक्का हुन्छ तर ससुरा मोहन प्रसाद लुइँटेल त्यसको विरोध गर्दछन् । मोहन प्रसाद लुइँटेल भन्छन्- “अब अङ्ग्रेजीबाज जुवाईँको चरण कसरी पुज्ने (पाण्डे, २०६९ : १३) ।” हविलाल अङ्ग्रेजी पढ्नको लागि बनारस जान्छ । अध्ययनशील स्वभाव र कडा परिश्रमको फल पाएरै छोड्छ । अङ्ग्रेजी शिक्षाको प्रभावले उनमा ठूलो परिवर्तन देखा पर्दछ । ऊ कृष्णलाई पूजा गर्नु अन्ध परम्परा हो भन्छ । आफूलाई एच.एल.शर्मा भन्न रुचाउँछन् । अशिक्षित नारीलाई उनी गँवार र मूर्ख ठान्दछ । पिताको देहावसानले उनमा पारिवारिक जिम्मेवारी आइपर्छ । रविलाल र बरालपुत्रीको व्यवहारले ऊ दिक्क छ । रूपमतीको कार्य दक्षता र ब्यवहारिक कुशलताले उनमा रूपमतीप्रति आकर्षण पैदा हुन्छ । रूपमतीको व्यावहारले उनलाई रूपमतीप्रति समर्पित तुल्याउँछ । ऊ गतिशील स्वभावका पात्र हो ।

हविलाल बहुविवाहको विरोध गर्दछ । आमाले अर्को विवाह गर्न प्रस्ताव गर्दा उसले ठाडै अस्वीकार गरेको छ । कुलतमा लागेर बिग्रिएको भाइ रविलाललाई संरक्षण प्रयास उसले गरेको पाइन्छ । भाइ बुहारी बरालपुत्रीलाई नम्र स्वरमा सम्झाउने प्रयास गर्छ । आफ्नो कुलको इज्जत धान्न ऊ निरन्तर प्रयत्नशील पात्र हो । आदर्श पुरुष बन्ने प्रयासमा लागेको पाइन्छ । भाइलाई पुलिसले पकडेर लग्दा नराम्रो महसूस गरी उसले संरक्षकको भूमिका खेलेको छ । प्रारम्भमा रूपमतीलाई हेला गरे पनि रूपमतीको सुन्दरता र कार्य कुशलताले उसलाई लठ्याएको पाइन्छ । उपन्यासको आदिदेखि अन्तसम्म कथावस्तुसँग आबद्ध र पञ्चीय पात्रको रूपमा उपस्थित भएको छ । भाइ बुहारीको गल्तीलाई माफ गरी बिग्रिएको परिवारलाई एकजुट बनाएर राख्न सक्ने आफ्नो क्षमतालाई उसले उपन्यासमा प्रस्तुत गरेको छ ।

(ख) **रविलाल**

रविलाल कार्यका आधारमा उपन्यासका सहायक पुरुष पात्र एवं खलनायक हो । ऊ पण्डित छविलाल नेपाल र पण्डितनी बज्यैको कान्छो छोराको रूपमा उपन्यासमा प्रस्तुत भएको छ । उसले स्रेस्ता पाठशालामा दुई पास जाँच दिइसकेको छ । आमाको मायामा पुल्पुलिएर रविलाल सानैदेखि मात्तिएको छ । छेपेटारका मधुवन बरालकी छोरीसँग उसको विवाह भएको छ । रविलाल गाँजा खाने, चोर्ने जुवा खेल्ने र परस्त्रीसँगको सम्बन्धमा रमाउने पात्र हो । ऊ पठन पाठनका कमजोर र टोल छिमेकको दादागिरीमा शक्तिशाली देखा पर्दछ । रविलाल तत्कालीन समाजका बरालिएका पात्रको रूपमा प्रस्तुत भएको छ । श्रीमती बरालपुत्रीले माइतबाट ल्याएको सम्पतिमा मोज गर्दै ऊ गुन्डागर्दीतर्फ लाग्दछ । उसका हरेक क्रियाकलापले खल पात्रको रूपमा परिचय प्रस्तुत गरेको छ ।

रविलाल आफ्नो दुर्व्यसनी चाहनाहरू पुरा गर्न बरालपुत्रीको कठपुतली बन्दछ । आमा र श्रीमतीको झगडा हुँदा श्रीमतीको पक्षतिर लाग्छ र परिवार सामु छुट्टिने प्रस्ताव राख्छ । त्यसपछि उसको खराब दिनको आरम्भ हुन्छ । कुलतको कारण सम्पूर्ण सम्पति सकेर बिजोक भएको अवस्थामा दाजु भाउजूले संरक्षण गर्दछ र नयाँ जीवन प्राप्त गर्दछ । उसले आफूले कुनै पेसा गरेर खान नसकेको कारण श्रीमतीबाट पनि अपहेलना सहेको छ । ऊ कमजोर र लाचार व्यक्तिको रूपमा उपन्यासमा प्रस्तुत छ । बाटुलीलाई यौन शोषण गरेको कारण ऊ समाजमा आलोचनाको पात्र बन्दछ । उपन्यासमा उसको उपस्थिति हेर्दा मोजमस्तीमा सम्पूर्ण धन खर्च गर्ने, उधारो खाएर ऋण नतिर्ने, यौन दुराचारमा रमाउने कुलतमा फसेको पतित र भ्रष्ट छवि बनाएको पात्र हो । रविलाल अन्तमा सम्पूर्ण दोष बरालपुत्रीलाई लगाएर आफूमा सकारात्मक परिवर्तनतर्फ उन्मुख पात्र हो ।

(ग) **अन्य पुरुष पात्रहरू**

**रूपमती** उपन्यासमा मुख्य र सहायक पात्रको अतिरिक्त छविलाल नेपाल, पण्डित मोहन प्रसाद लुइँटेल, मधुवन बराल, पण्डित जीवनहरि रासविहारी, रेवती, पण्डित विरूपाक्ष शास्त्री आदि पात्रहरूको उपस्थिति पाइन्छ । ती पात्रहरूको बारेमा सामान्य चिनारी प्रस्तुत गरिएको छ ।

पण्डित छविलाल नेपाल हविलाल र रविलालका पिता र पण्डितनी बज्यैका पति हो । ऊ कर्णेल साहेवको घरमा चाकरीदार गर्दछ । दिनभरि काममा गएर बेलुका फर्कदा

घरमा हुने सासू बुहारीको विवादले ऊ आजित छ । पण्डितनी बज्यैले छविलाल नेपाल माथि शासन गरेको देखिन्छ । पत्नीको दुष्ट र झगडालु स्वभाव उसलाई मन पर्दैन । ऊ छोरा हविलालको शैक्षिक प्रगतिमा खुसी देखिन्छ भने रविलालको पढाइ बिग्रिएकोमा चिन्तित देखिन्छ । ऊ धेरै बोल्न नरुचाउने सोझो र सरल चरित्रको देखिन्छ । कर्णेल साहेबको घरका नोकर चाकरहरूलाई गयल गराएर रकम काट्ने, काम ठग्यो भनी पैसा काट्ने कार्यले उसलाई श्रम शोषकको दर्जामा उभ्याएको छ । उपन्यासमा उसको उपस्थिति हेर्दा मञ्चीय र स्थीर चरित्रका अनुकूल पात्रका रूपमा देखा पर्दछ ।

पण्डित मोहन प्रसाद लुइँटेल रूपमतीको पिता हो । काठमाडौं धोबीधारामा उसको घर छ । उसको सन्तानको नाममा एक पात्र छोरी छे । ऊ बिहान दुई तिन घण्टा पूजा आजामा बिताउँने र हजार गायत्री नजपी भोजन गर्दैनथ्यो । वर्षमा दुई सय मुरी धान आउने खेत भएको र मधेसबाट वर्षको दुई चार सय आम्दानी आउने भएकाले उनी आर्थिक रूपमा सम्पन्न छ । ऊ प्राय : वाग्मतीमा जप र पाठ गरेर घर फर्कन्छ । ऊ कहिले बसुकीका ब्रह्मचारीको उपदेश सुन्न जान्छ भने कहिले पचलीमा रामनाम जप्न जान्छ । उनकी पत्नी सुशील, धर्मपरायण, समझदार र पतिको आशयमा चल्ने हुनाले कहिल्यै आफ्ना पतिको आज्ञा उल्लङ्घन गर्दिन । बहत्तर महिनामा छोरीको कन्यादान गरि दिएका मोहन प्रसाद लामो समयसम्म छोरीको सन्तान नहुँदा ठूलो चिन्तामा पर्दछ । एकदिन ऊ वाग्मतीको जलमा सन्ध्या स्नान गर्न लाग्दा एक महात्माको दर्शन पाउँछ । महात्माबाट रूपमती पुत्रवती हुने आशिर्वाद पाउँदा ऊ प्रसन्न भई फर्कन्छ । रूपमतीलाई पत्रलाभ हुँदा उनी हर्षले गदगद हुन्छ ।

मधुवन बराल बरालपुत्रीका पिता र रविलालका ससुरा हो । उसको घर छेपेटारको काँठमा छ । ऊ विद्याको कदर गर्न नजान्ने अनपढ छ । मधुबन बराल निकै रवाफ देखाउन खोज्छ । यिनको बोलीचालीमा मिजास छैन । यिनका पिता पण्डित शिशुपाल बराल बर्मामा गोठ राखेर पैसा कमाएका र ससुराको अपुताली भेट्टाएकाले गाउँ भरि पैसा ब्याज लगाएर खाने ठालू थिए । उसको गाउँभरि पैसा लगानी गरेर चर्को ब्याज असुल्ने र आसामीलाई नै जोतेर खेतमा बाली लाउने प्रवृत्तिले उनलाई सामन्ती र शोषकी चरित्रको रूपमा प्रस्तुत गरेको छ । ऊ तत्कालीन समयका सामन्ती वर्गको प्रतिनिधित्व वर्गीय चरित्रको रूपमा उपन्यासमा देखा परेको छ । बराल घर बाहिर शासक भए पनि घरभित्र शोषित छ । घरभित्र बरालनी बज्यैको शासन चल्छ । उसलाई पत्नीले उठ भने उठ्ने र बस भने बस्ने बनाएकी

छ । पत्नीको पुल्पुल्याइबाट मात्तिएकी छोरीले माइतको सारा सम्पति घर लैंजादा समेत थाहा पाउँदैन । ऊ पत्नीको निधन पछि सुन, चाँदी र हिराका गहनाहरू नभेट्दा स्तब्ध हुन्छ । ऊ लाचार र कमजोर अवस्थामा पुग्दछ । उसको परिवार भताभुङ्ग हुन्छ । ऊ प्रतिकूल स्वभावका मञ्चीय पात्र हो ।

रासविहारीको उपस्थिति उपन्यासमा कम भए पनि अर्थपूर्ण छ । उपन्यासको चुरो कुरो अभिव्यक्त गर्ने काम उसले गरेको छ । इन्द्रबहादुर राईले रासविहारीलाई शिक्षा प्रदायक पात्र भएको चर्चा गरेका छन् (राई, २०५८ : २४) । रासविहारीले उपन्यासमा समाजमा असल चरित्रको प्रशंसा र खराब चरित्रको निन्दा गर्नु पर्ने धारणा व्यक्ति गरेको छ । असल चरित्र निर्माणमा जोड दिदै रासविहारी भन्छ -"जुन बुहारी सासू खराब भइन् भन्दैमा आफू पनि खराब हुन्छन्, गृहगृहस्थी चलाउन सक्तैनन् त्यो बुहारी परन्तु बिग्रन्छे, यसमा के सन्देह (पाण्डे, २०६९ : ११४) ?" रासविहारी उपन्यासमा मुख पात्रको रूपमा प्रस्तुत भएको छ । उसले रूपमतीको बहादुरीताको प्रशंसा गरेको छ भने बरालपुत्रीको निन्दा गरेको छ ऊ अनुकूल स्वभावको मञ्चीय पात्र हो ।

पण्डित जीवनहरि पूर्वीय दर्शनमा आस्था राख्ने सरल चरित्र हो । उसले संस्कृत विद्याका साथै समय अनुसार हिन्दी पत्रपत्रिका पढेर आफ्नो ज्ञानको भण्डार विस्तार गरेको पाइन्छ । अङ्ग्रेजी शिक्षाको प्रभावमा मिस्टर शर्मा (हविलाल) देवताको पूजा गर्नु अन्ध परम्परा हो भन्ने धारणा राख्दछ । पण्डित जीवनहरि मिस्टर शर्माको त्यस भनाइको प्रतिवाद गर्दै आफ्नो बौद्धिकता प्रस्तुत गर्दछ । उपन्यासको चौथो परिच्छेदमा मात्र पण्डित जीवनहरिको उपस्थिति पाइन्छ । ऊ उपन्यासमा बौद्धिक पण्डितको रूपमा उपस्थित भएको छ । ऊ मञ्चीय र मुक्त पात्र हो । रेवती छविलाल नेपालको कान्छा बाको भदो हो । उपन्यासको दोस्रो परिच्छेदमा मात्र उसको उपस्थिति पाइन्छ । ऊ दशैंको पाठ भेट्टाएर काठमाण्डौं आएको थियो । कान्छाबाले पठाएपछि छविलाल नेपाल हार्न नसकेर घरमा राख्न बाध्य भए । रेवती पण्डितनी बज्यैको कठोर बचनले थाहै नदिई नेपाल परिवारबाट विदा हुन्छ । राधेश्याम हविलाल शर्माको साथी हो । बनारसमा होस्टलमा बसेर पढ्दाको मिल्ने साथी राधेश्याम उपन्यासको मञ्चीय र मुक्त पात्र हो ।

झिल्के, वीरे, दले, कुसिचा, ननिचा, वागविरे, धनमाने आदि रविलालका साथी हुन् । उनीहरू रविलालसँग गाँजा खान र रण्डिवाज गर्न पल्केका छन् । रविलालको पैसामा मोज गर्न पल्किएका उनीहरू प्रतिकूल स्वभावका मञ्चीय पात्र हुन् । गङ्गाराम मारवाडी र

मुसलमान व्यापारी हुन् । मिठाइको व्यापार गर्छ भने मुसलमान खसी व्यापार गर्छ । रविलालले यी दुवै जनाको उधारो खाएको हुन्छ । मुसलमानले रविलाललाई पैसा असुल्नका लागि पुलिस साम् पुऱ्याउँछ । यी दुवै उपन्यासका मञ्चीय पात्र हुन् । उपन्यासमा नेपथ्यमा छ्वाँके, ज्यामीहरू मुसे प्याकुरेल आदि पात्रको उपस्थिति पाइन्छ । उपन्यासमा मञ्चमा र नेपथ्यमा गरी अधिक पुरुष पात्रको उपस्थिति पाइन्छ । अधिकांश पात्रहरू मञ्चीय छन् भने केही पात्रहरू सूच्य रूपमा (नेपथ्यमा) रहेका छन् ।

## ३.३ निष्कर्ष

**रूपमती** सामाजिक उपन्यास हो । यस उपन्यासले वि.सं.१९९० को दशकको नेपाली समाजको अवस्थालाई प्रस्तुत गरेको छ । उपन्यासमा उपस्थित पात्रहरूको लैङ्गिक अवस्था हेर्दा नारी पात्रको तुलनामा पुरुष पात्रको उपस्थिति बढी रहेको छ । उपन्यासमा नारी पात्र बढी सक्रिय छन् । रूपमती, बरालपुत्री र पण्डितनी बज्यैको उपस्थिति र क्रियाशीलताले उपन्यासलाई नारी केन्द्रित तुल्याएको छ । उपन्यासको आकार सानो भए पनि अधिक पात्रको उपस्थिति पाइन्छ । रविलाल र हविलाल उपन्यासमा सक्रिय देखिन्छन् भने अन्य पुरुष पात्रको सक्रियता खासै देखा पर्दैन । उपन्यासमा मध्यम स्तरको परिवारमा घटित क्रियाकलापलाई प्रस्तुत गरिएको छ । पितृसत्तात्मक सामाजिक संरचनाको कारण उपन्यासमा उपस्थित नारी पात्रहरू लैङ्गिक उत्पीडनको सिकार बनेको पाइन्छ । उपन्यासमा पितृसत्तात्मक समाजको सञ्चालनमा नारी पात्रहरू सक्रिय देखा पर्दछन् । नारीहरूले नै पितृसत्तात्मक सोचलाई पृष्ठपोषण प्रदान गरेका छन् । तत्कालीन समाजले धर्म र परम्पराको नाममा एउटा यस्तो कानुन निर्माण गरेको छ त्यसमा नारीहरू विद्रो गर्नुको सट्टा त्यसलाई आदर्श सम्झिएर स्वीकार गरी रहेका छन् । यसरी उपन्यासमा उपस्थित पात्रहरूले तत्कालीन नेपाली समाजमा विद्यमान लैङ्गिक अवस्थाको प्रतिनिधित्व गरेका छन् ।

## परिच्छेद : चार

# रूपमती उपन्यासमा शक्ति सम्बन्ध

## ४.१ विषय प्रवेश

उपमती उपन्यासलाई लैङ्गिक शक्ति सम्बन्धका आधारमा विश्लेषण गर्न सकिन्छ । लैङ्गिक अध्ययन अन्तर्गत महिला र पुरुष (पति र पत्नी), महिला र महिला (सासू बुहारी, देउरानी र जेठानी) पुरुष र पुरुष (दाजु र भाइ) का बिचको शक्ति सम्बन्धको अध्ययन गर्न सकिने हुँदा यहाँ **रूपमती** उपन्यासमा चित्रित तत्कालीन समयको पारिवारिक सामाजिक संरचना भित्रको शक्ति सम्बन्धको अध्ययन गरिएको छ । परिवारमा महिला वा पुरुष को शक्ति केन्द्र बनेको छ, पारिवारिक निर्णयमा कसको भूमिका प्रभावकारी छ तथा परिवारको आर्थिक शक्ति कसमा सीमित छ भन्ने कुराको खोजी यस अध्ययनमा गरिन्छ । त्यस्तै परिधिमा रहेको र मूलधारमा रहेको व्यक्ति बिचमा शक्ति सम्बन्ध कसरी निर्माण भएको छ र परिधिको शक्ति केन्द्रमा कसरी आएको छ भन्ने कुराको विवेचना यस परिच्छेदमा गरिएको छ ।

## ४.२ पारिवारिक शक्ति सम्बन्ध

परिवार सामाजिक संरचनाको तल्लो एकाइ हो । परिवार भित्र, पति-पत्नी, दाजु-भाइ, आमा-बुबा, सासू-बुहारी, देउरानी-जेठानी, दिदी-भाइ आदि विविध किसिमको नाता सम्बन्ध रहन्छ । सामान्यतः नेपाली समाज पुरुष सत्तात्मक संरचनामा निर्माण भएको कारण परिवारको शक्ति केन्द्रको रूपमा पुरुषको प्रभुत्व रहेको देखिन्छ । शक्ति हस्तान्तरणको क्रम पनि पुरुषबाट पुरुषमै रहेको पाइन्छ तर सबै परिवारमा एकै किसिमको शक्ति सम्बन्ध हुन्छ भन्ने छैन । अध्ययनमा लैङ्गिक अध्ययन अन्तर्गत पारिवारिक शक्ति सम्बन्धको अध्ययन गर्दा परिवारका सदस्यहरू मध्ये को-कसरी शक्तिको केन्द्रमा छ र को कसरी शक्तिको परिधिमा छ भन्ने कुराको अध्ययन गरिन्छ । यस क्रममा यहाँ पति-पत्नी, सासू र बुहारी, देउरानी र जेठानी अनि दाजु र भाइ बिचको शक्ति सम्बन्धको अध्ययन गरिएको छ ।

### ४.२.१ पति र पत्नी बिचको शक्ति सम्बन्ध

परिवारमा पति र पत्नी बिचको सामाजिक सम्बन्ध स्थापित भएको हुन्छ । त्यस सामाजिक सम्बन्धको परिधिमा को शक्तिको केन्द्रमा रहन्छ भन्ने कुराको खोजी लैङ्गिक शक्ति सम्बन्धले गर्दछ । **रूपमती** उपन्यासमा पति र पत्नी बिचको शक्ति सम्बन्धको अध्ययन गर्ने क्रममा पण्डित छविलाल नेपाल र पण्डितनी बज्यै, हविलाल शर्मा र रूपमती, रविलाल र बरालपुत्री, मधुवन बराल र बरालकी बज्यै र मोहन प्रसाद लुइँटेल र लुइँटेलनी बज्यै बिचको शक्ति सम्बन्धको अध्ययन गरिन्छ ।

**रूपमती** उपन्यासको पहिलो र दोस्रो परिच्छेदमा छविलाल नेपाल र पण्डितनी बज्यैको बिचमा शक्ति सङ्घर्षको अवस्था देखा पर्दछ । छविलाल नेपाल सोझा र आफ्नो प्रतिष्ठा कायम राख्न सङ्घर्षरत छ । ऊ घरको मूल भए पनि शक्तिहीन देखिन्छ । तत्कालीन नेपाली समाजमा घरको निर्णय प्रक्रिया, आर्थिक स्रोत माथिको नियन्त्रण, स्वतन्त्रताजस्ता कुरामा पुरुषको प्रभाव र प्रभुत्व रहने भए पनि नेपाल परिवारमा त्यस्तो अवस्था देखा पर्दैन । छविलाल नेपाल कर्णेल साहेबको घरमा चाकरीमा जान्छ, चाकरीबाट प्राप्त आम्दानी घरमा दिन्छ । त्यस बाहेकको अन्य क्रियाकलापमा उनको सक्रियता देखा पर्दैन । घरमा हुने हरेक किसिमको निर्णय प्रक्रियामा पण्डितनी बज्यैको भूमिका निर्णायक देखिन्छ । रूपमती बिहान अलि अबेर उठिन् भन्ने बहानामा गाली गर्दा छविलालले समर्थन नगर्दा पण्डितनी बज्यै भन्छिन् “ए चमेली, चमेली ! आइज ए आइज ! यिनै बसून्, आऊन् मेरो त केही लागेन भन्दै कोठाबाट फतफताउँदै निस्किन् । पण्डित छविलाललाई खलखली पसिना आयो (पाण्डे, २०६९ : २) ।” पण्डितनी बज्यैको हरेक क्रियाकलापमा पण्डित छविलालले सहमती जनाउनै पर्दछ । असहमती जनाउन वा विरोध गर्न उनी सक्दैन । विवाद गर्दा सामाजिक प्रतिष्ठामा आँच आउने डरले उनी मौन रहन्छ । चुप लागेर बस्नु बाहेकका अन्य उपाय छविलाल नेपालसँग छैन । यसरी हेर्दा पण्डितनी बज्यैले पण्डित छविलाल नेपाललाई मानसिक तनाव प्रदान गरेको देखिन्छ । पण्डितनी बज्यैको उक्त क्रियाकलाप लैङ्गिक अधिकारका निम्ति गरिएको भने होइन । बज्यैमा लैङ्गिक चेतनाको अभाव देखा पर्दछ । बज्यैका विविध क्रियाकलाप हेर्दा उनले पितृसत्तात्मक सोचका/व्यवहारको परिचालन गरेकी छ । नारीवादीहरूले भनेका छन्- “पितृसत्तात्मक समाजको संरचना र त्यस समाजमा कानुनको तर्जुमा पुरुषहरूले मात्र गरेका छैनन्, त्यसमा नारीहरूको पनि सहभागिता छ । कैयौं नारीले पितृसत्ताका मान्यताहरूलाई आन्तरीकरण गरी त्यसै अनुरूप बाँच्दै र बोल्दै

आएका छन् (उप्रेती, २०६८ : १७३) ।" यस उपन्यासमा पण्डितनी बज्यैले पनि पितृसत्ताका मान्यताहरूलाई स्वीकार गरेकी छ । अझ ग्राम्चीको मान्यताका आधारमा भन्दा उनी पितृसत्तात्मक सोचबाट हेजेमोनाइज्ड छ । यहाँ पितृसत्तात्मक संरचनाको संरक्षणमा नारी अग्रसर भएको पाइन्छ । शक्तिको केन्द्रमा पण्डितनी बज्यै भए पनि वैचारिक रूपमा शक्तिको केन्द्रमा पितृसत्तावादी मानसिकता रहेको छ ।

हविलाल शर्मा र रूपमतीका बिचमा पनि शक्ति सङ्घर्षको अवस्था देखा पर्दछ । वैचारिक रूपमा पितृसत्तावादी मानसिकता केन्द्रमा रहेको छ भने त्यसलाई नेतृत्व कसले गर्ने भन्ने कुरामा विवाद देखा पर्दछ । हविलाल शर्मा अङ्ग्रेजी भाषाका उपन्यासहरू पढेर बढी महत्त्वाकाङ्क्षी देखा पर्दछ । ऊ नपढेका स्त्रीलाई गवाँर सम्झन्छ । आमाले अर्को विवाहको प्रस्ताव राख्दा ऊ भन्छ - "के कुरा गर्नुभएको आमा ? एउटी गवाँर मूर्खले पुगेन र अर्की ल्याउन आँट्नु भएको ? नदुखेको कपाल किन डोरी लाएर दुखाउने (पाण्डे, २०६९ : २५) ?" हविलालको प्रस्तुत भनाईबाट उनको महिला (रूपमती) प्रतिको धारणा बारे प्रस्ट हुन सकिन्छ । उपन्यासको मध्य भागसम्म पनि हविलालको रूपमतीसँग दोहोरो वार्ता भएको पाइँदैन किनभने ऊ आफूलाई पढेलेखेको ठान्दछ भने रूपमतीलाई गवाँर ठान्दछ । यस्तो अवस्थामा पनि रूपमती पतिदेवलाई खुसी पार्न निरन्तर लागिरहेकी छ । पतिदेव खुसी पार्न नसके आफ्नै कर्मलाई दोषी ठान्ने मानसिकतामा छ । पिताको/पितृसत्ताको कानुनलाई मान्दै त्याग र बलिदानको आइडियोलजी आत्मसात् गर्ने नारी देवी कहलाउँछिन् (उप्रेती, २०६८ : १७३) भन्ने पितृसत्तात्मक विचारबाट हेर्दा रूपमती पनि त्यही कानुन मान्दै अगाडि बढेको पाइन्छ । अझ बाह्र वर्षमा खोलो त फर्कन्छ भन्दछन्, पतिको दृष्टि कसो नफर्कला भन्दै आफ्नो कर्ममा लागि रहन्छे । उपन्यासको दसौं परिच्छेदमा पुग्दा हविलाललाई रूपमतीले रिझाएको पाइन्छ । व्यावहारिक कुशलताको कारण हविलाल रूपमतीप्रति आकर्षित हुन्छन् । ऊ रूपमतीको प्रशंसा गर्दै भन्छ- ". .तिमी मृगका जस्ता ठुला ठुला आँखा पर्लक्क पल्टाएर मधुर मुस्कुराहटका पङ्क्ति अलिअलि देखाएर, कोइलीको जस्तो मधुर बोली बोलेर जादू गरिहाल्छौं नि रूपा ! . .(पाण्डे, २०६९ : ५२) ।" निरन्तरको परिश्रम र सहनशील स्वभावको कारण रूपमतीले परिवारमा आफ्नो उपस्थितिलाई सार्थक बनाउँदै लागेको पाइन्छ । उपन्यासको मध्य भागपछि सासू पण्डितनी बज्यैले पनि रूपमतीप्रति सहानुभूति प्रकट गरेको पाइन्छ । निरन्तरको परिश्रमले रूपमती परिवारमा आफ्नो उपस्थितिलाई शक्तिशाली बनाउँछे । परिवारमा हुने निर्णय प्रक्रियामा उसको प्रत्यक्ष संलग्नता देखा पर्दछ । संकटमा

परेका देवर देउरानीको संकटमोचन गर्न र देवरका छोरीहरूको विवाह सम्पन्न गर्न रूपमतीको व्यावहारिक कुशलता र सहनशील स्वभावको कारण ऊ परिवारमा शक्तिशाली बनेकी छ ।

रविलाल र बरालपुत्रीका बिचको सम्बन्धमा शक्तिका लागि कडा सङ्घर्ष भएको देखिन्छ । दुवैजना एक अर्कालाई शक्तिशाली देखाउने प्रयासमा लागेको पाइन्छ । रविलाल र बरालपुत्री प्रतिकूल स्वभावका पात्र हुन् । रविलाल कुलतमा फसेको छ भने बरालपुत्रीमा माइतीको धनको घमण्ड छ । रविलाल र बरालपुत्रीको बिचको द्वन्द्व शारीरिक र मानसिक दुवै प्रकारको छ । दुवै जना आफैं शक्तिशाली हुँ भन्ने ठान्दछन् । बरालपुत्रीले माइतबाट ल्याएको सम्पतिको रवाफमा रविलाललाई अधीनमा लिएकी छ । रविलाल आफ्नो दैनिक गुजारा चलाउनको लागि बरालपुत्रीको पक्षमा लाग्छ र अन्तत : परिवारबाट छुट्टिने निर्णय गर्दछ । बरालपुत्रीले माइतबाट ल्याएर रविलाललाई साहुहरूको ऋणबाट मुक्त पार्छे । रविलालको बानी सुधिँदैन, निरन्तर मोजमस्ती, रण्डीवाजीमा लागिरहन्छ । घरखेत, गहनापात सबैथोक बन्धकमा राखेर रविलालले सम्पति सिध्याउँछ र बरालपुत्री माथि रन्कने र पिट्ने गर्छ । “कहिले भात खान बसेपछि तिहुनमा नुन चर्को भयो भनेर कचौरा नै हुर्र मिल्काइदिन्थ्यो, कहिले नलीमा जुठो लाइदिई भनेर सानी छोरीलाई पनि चड्कन चिउरा चखाउँथ्यो । कहिले लौं ए बजिनी ! पैसा निकाल्ने भए निकाल् होइन भने कालो कुकुरले नपाएको दु:ख पाउलिस् भन्दथ्यो (पाण्डे, २०६९ : ९८) ।” यसरी रविलाल बरालपुत्रीबाट पैसा पाउन छाडेपछि हिंसातर्फ उन्मुख भएको छ । बरालपुत्री भने लैङ्गिक हिंसाको सिकार भएकी छ । यहाँ रविलालले बरालपुत्रीलाई आर्थिक उत्पादनको स्रोत र सन्तान उत्पादनको साधनको रूपमा मात्र उपयोग गरेको पाइन्छ । बरालपुत्रीसँग प्रशस्त पैसा हुँदा उसको पक्षमा वकालत गर्ने र नहुँदा उसैमाथि घरेलु हिंसाको क्रियाकलापमा रविलाल उत्रिएको पाइन्छ । बरालपुत्रीको स्वभाव अन्याय अत्याचार र हिंसाजन्य क्रियाकलाप सहेर बस्ने नभए पनि रविलालको कुटाईको प्रतिवाद गरेकी छैन । पितृसत्तावादी मानसिकताबाट बरालपुत्री पूर्ण रूपमा मुक्त हुन नसके पनि केही हदसम्म त्यसको प्रतिवाद गरेकी छ तर त्यो प्रतिवाद लैङ्गिक संचेतनाको उपज भने होइन ।

उपन्यासको अठारौं परिच्छेदमा बरालपुत्री र रविलालको झगडाले उत्कर्ष प्राप्त गर्छ । उनीहरू बिच सामान्य विषयमा पनि विवाद हुन थाल्छ । खाना नमीठो पकाएको बहानामा रविलाल आक्रोशित हुँदा बरालपुत्री भन्छे- “यस्तो चोसे जिब्रो हुनेले गर्नुपर्छ

कमाइ । सधैँ स्वास्नीको धनमा मोज गरौँ भन्ने, अलि लाज शरम त हुनुपर्छ ? (पाण्डे, २०६९ : १०२) ?" यस भनाइमा बरालपुत्रीले आफ्नो आक्रोश व्यक्त गर्दछे । रोजगार बिना श्रीमतीले माइतबाट ल्याएको पैसामा मोज गर्न पल्किएको रविलाल बरालपुत्रीलाई आम्दानीको स्रोत ठान्दछ । आफू परिवारको मूली भएको र श्रीमतीले आफ्नो आकांक्षा पूरा गरिरहनु पर्छ भन्ने मानसिकताबाट ग्रस्त रविलाल हिंसामा उत्रन्छ । आर्थिक अवस्था कमजोर भए पछि बरालपुत्री निरीह देखिन्छे । रविलालमा आफूले केही गर्न नसकेको, इलम बिना बसेको कार्यप्रति हीनता रत्तिभर छैन । बरु पारिवारिक विघटनको कारण बरालपुत्रीमा थोपर्छ । तत्कालीन सामाजिक परिवेशले निर्माण गरेका कानुनका आधारमा बरालपुत्रीलाई सोमत नभएकी, कुलङ्गार आदि उपनाम दिएको छ । बोल्ने तरिका नजानेको, सहनशीलता नभएको, सबैको सामु पतिसँग छिल्लिएर हाँस्ने आदि कारण देखाई बरालपुत्रीलाई निकृष्ट साबित गर्न तत्कालीन पितृसत्तात्मक समाज लागेको पाइन्छ । रविलाल गुण्डागिरीमा विश्वास गर्ने भएको कारण हिंसामा उत्रन्छ । बरालपुत्रीलाई कुटेर आफू शक्तिशाली भएको देखाउन खोज्छ । तत्कालीन पितृसत्तावादी मानसिकताको कारण चरित्रहीन, स्त्रीलम्पट रविलाल नै बरालपुत्रीको तुलनामा शक्तिशाली देखा पर्दछ ।

**रूपमती** उपन्यासमा छेपेटारमा बस्ने बराल परिवारका मधुवन बराल र बराल्नी बज्यैका बिचको सम्बन्धमा पनि पति र पत्नी बिचको शक्ति सम्बन्ध बारे चर्चा गर्न सकिन्छ । मधुवन बरालका पिता शिशुपाल बरालले अपुतालीमा भेट्टाएका धनलाई सञ्चय गरेर बराल परिवारले आफ्नो रवाफ कायम गरेको थियो । छेपेटारमा निकै जग्गा जोडेर बसेको मधुवन बराल घरमा श्रीमतीका सामु निरिह देखिन्थे । कान्छो छोराको छोरो भएको अवसरमा मधुवन धुमधामले न्वारान गर्न चाहन्थे तर उनको केही चलेन । "मधुवनको के चल्दथ्यो ? उनकी बाहुनीको के लाग्दथ्यो ? छोरीदेखि आमा ठाडै छेर्दथिन्, आमादेखि बाबु डराउँथे (पाण्डे, २०६९ : ८८) ।" घर बाहिर मधुवन बरालको रवाफ रहे पनि घर भित्रको निर्णय प्रक्रिया र आर्थिक सञ्चालनमा उनी निस्क्रिय रहेको पाइन्छ । आफूले राख्न दिएको गहनापात थाहा नपाई सकिन्छ र मधुवन तनावमा पर्दछ । बराल परिवारमा आमा र छोरी परिवारमा राज गर्दथे । छोरी सबै गहनापात लगेर रविलाललाई पोस्छे तर उपलब्धी केही देखा पर्दैन । घरको निर्णय प्रक्रिया र आर्थिक सञ्चालनको प्रक्रियामा मधुवन बराल सक्रिय हुन सक्दैन । परिवार भित्र ऊ शक्तिहीन देखा पर्दछ ।

**रूपमती** उपन्यासमा लुइँटेल परिवारको पनि प्रशस्त चर्चा भएको पाइन्छ । उपन्यासमा यस परिवारको शालीन उपस्थिति देखा पर्दछ । मोहन प्रसाद लुइँटेल र लुइँटेलनी बज्यै दुवै शान्त देखिन्छन् । मोहन प्रसाद लुइँटेल पण्डित हुन् । उनी ज्योतिषमा पनि दखल राख्दछन् । “पण्डितनी बज्यै पनि सुशील, धर्मपरायण, समझदार, आफ्ना पतिको आशयमा चल्ने, उहाँको आज्ञा उल्लङ्घन नगर्ने यस्तै गजब प्रकृतिकी थिइन् (पाण्डे, २०६९ : ९) ।” पण्डितनी बज्यै तत्कालीन पितृसत्तावादी समाजले निर्माण गरेको नियम कानुनलाई पालना गर्ने स्वभावकी छ । पितृसत्तावादी सामाजिक संरचनामा पतिको आशयमा नचल्ने आज्ञाको उल्लङ्घन गर्ने नारीलाई विविध आरोप लगाइन्थ्यो । समाजले निर्मण गरेको कानुनलाई पालन गरेको कारण उनलाई गजब प्रकृतिकी थिइन् भनिएको छ । पण्डितनी बज्यैले आफू पूर्ण रूपमा पतिप्रति समर्पित भएकी छ । उनले पतिको दासता सहर्ष स्वीकार गरेकी छ । ग्राम्चीको प्रभुत्व सम्बन्धी मान्यताको आधारमा हेर्दा पण्डितनी बज्यै हेजेमोनाइज्ड पात्रका रूपमा रहेकी छ । उसले रूपमतीलाई पनि तत्कालीन समाजले निर्माण गरेको नियम कानुनलाई मान्दै आदर्श नारी बन्ने प्रेरणा प्रदान गरेकी छ । विभिन्न कथा र कहानी सुनाउँदै सहनशीलता नै नारीको धर्म हो भन्ने पाठ पढाउँछे र पितृसत्तावादी समाजको दारिद्रता स्वीकार गर्न प्रेरणा प्रदान गर्दछ । लुइँटेल परिवारमा मोहन प्रसाद लुइँटेल र पितृसत्तावादी सोच शक्तिको केन्द्रमा रहेको छ ।

### ४.२.२ सासू र बुहारी बिचको शक्ति सम्बन्ध

**रूपमती** उपन्यासलाई सासू र बुहारी बिचको शक्ति सम्बन्धका आधारमा पनि विश्लेषण गर्न सकिन्छ । शक्ति सम्बन्धको अध्ययन गर्दा केन्द्रमा रहेको शक्ति र परिधिमा रहेको शक्ति बिचको सम्बन्ध र प्रतिरोधको अवस्था बारे चर्चा गरिन्छ । यहाँ **रूपमती** उपन्यासमा रहेका रूपमती र पण्डितनी बज्यै र बरालपुत्री र पण्डितनी बज्यै बिचको शक्ति सम्बन्धको चर्चा गरिन्छ ।

**रूपमती** उपन्यासमा रूपमती र पण्डितनी बज्यैको सक्रिय भूमिका रहेको छ । रूपमती र पण्डितनी बज्यैका बिच बुहारी र सासूको सम्बन्ध स्थापित भएको छ । बहत्तर महिनामा अन्माइएकी रूपमती सानै उमेरदेखि बुहार्तन भोग्न विवश छ । पण्डितनी बज्यै कडा स्वभावकी छ । ऊ सबैलाई आफ्नो अधिनमा राख्न खोज्छे । अघिल्लो दिन तीजको निराहार ब्रत बसेकी रूपमती विहान उठ्न अबेर भएपछि पण्डितनी बज्यैको गनगनबाट उपन्यास आरम्भ भएको छ । बुहारीलाई कडा शासनमा राख्नु पर्छ भन्ने शासकीय

मानसिकताकी उपज पण्डितनी बज्यै सासू मण्डलीमा आफूलाई अग्र स्थानमा राख्न चाहन्छे र दिन प्रतिदिन रूपमतीलाई दमन गर्दै जान्छे । फुकोको विचारमा शक्ति शोषण र सिर्जना दुवैको इन्जेन हो (उप्रेती, २०६८ : ४०) । यहाँ पण्डितनी बज्यैले शक्तिलाई शोषणको इन्जेनको रूपमा उपयोग गर्दै निरन्तर शोषणको क्रियाकलापमा अग्रसर भएकी छ । पण्डितनी बज्यैका अतिरिक्त सासू मण्डलीका अन्य सदस्यको अवस्था पनि उस्तै देखा पर्दछ । आफूले भोगेको दमन र प्रभुत्व कायम गर्नको लागि सासूहरू शक्तिलाई शोषणको इन्जेनको रूपमा प्रयोग गरिरहेका हुन्छन् । तेल पोखेको र रविलाललाई कुटेको निहुँमा दमनमा उत्रिदै पण्डितनी बज्यै भन्छिन्- “कस्ती जालीसाजी ! पिट्न हात लम्काउँदा तेल पोखिएको होला नाइँ अब लौ ले बजिनी ! तेरो बाबुको सम्पति ल्याएको छैन यहाँ । मालिकले रगतको पसिना चुहाईकन कमाएको पैसा यसरी सक्न पाइँदैन । यी सब कुरा एकसाथमा भन्दै पनि थिइन, बिचरी रूपमतीको जगल्टा पनि केलाउँदै थिइन्, मुख पनि च्यात्दै थिइन् (पाण्डे, २०६९ : ६) ।” यस प्रसङ्गबाट पण्डितनी बज्यैको दमनात्मक प्रवृत्तिको मूल्याङ्कन गर्न सकिन्छ । मुख च्यात्ने, जगल्टा केलाउने जस्ता आक्रामक क्रियाकलापमा पण्डितनी बज्यै सक्रिय हुनुको मुख्य कारण नै आफ्नो शक्तिको प्रदर्शन गर्नु हो । रूपमती भने ती सम्पूर्ण क्रियाकलापलाई सहेर बसेकी छ । रूपमती आफ्नी आमाले दिएको सहनशीलता नै सबभन्दा ठूलो गुण हो भन्ने शिक्षाबाट शिक्षित भएकी छ । पितृसत्तावादी समाजले निर्माण गरेको सामाजिक मान्यता अनुसार रूपमती आदर्श नारी बन्ने होडमा चुपचाप सहेर बसेकी छ । रूपमतीको मानसिकतामा विद्‌यमान विचारले उसलाई प्रतिकारमा उत्रन दिँदैन । फलस्वरूप रूपमती निरन्तरको बुहार्तन खप्न विवश छे । कुलघरानकी छोरी बुहारी मुखमुखै लाग्नु हुँदैन भन्ने चेतनाले रूपमतीमा सहनशीलताको बाध्यात्मक परिस्थिति सृजना गरेको छ ।

नेपाल परिवारमा बरालपुत्रीको आगमन भएपछि रूपमतीलाई हेर्ने दृष्टिकोण परिवर्तन भएको छ । सहनशील स्वभावकी निरन्तर आफ्नो काम गरिरहने रूपमतीप्रति पण्डितनी बज्यैले सहानुभूति प्रकट गर्न थालेकी छ । रूपमतीप्रतिको सहानुभूतिको एउटा कारण बरालपुत्रीको स्वभाव पनि एक हो । रूपमतीले सासू र परिवारको निरन्तर सेवा गरिरहेको पाइन्छ । रूपमतीलाई अनपढ गवाँर ठान्ने हविलाल शर्माले पनि उनलाई माया गर्न थालेको छ । सासू पण्डितनी बज्यै पनि पहिले जस्तो गरी रूपमतीलाई गाली गर्न छाडेकी छ । रूपमतीको व्यावहारिक कुशलताको प्रतिफल सबै सामु प्रिय बनेकी छ । नेपाल

परिवारमा रूपमती नयाँ शक्तिको रूपमा स्थापित भएकी छ । परिवारको निर्णय प्रक्रियामा उसको प्रत्यक्ष सहभागिता हुनुले यसको पुष्टि गरेको छ । रूपमती नारी पात्र शक्तिको रूपमा आए पनि उसले पितृसत्तावादी विचारधाराको नेतृत्व गरेकी छ ।

**रूपमती** उपन्यासमा सासू बुहारीको रूपमा पण्डितनी बज्यै र बरालपुत्रीको पनि सक्रिय सहभागिता देखा पर्दछ । उपन्यासमा पण्डितनी बज्यै र बरालपुत्री दुवै आफूलाई शक्तिशाली देखाउने होडमा छन् । दुवैजना आफ्नो अस्तित्व स्थापित गर्न सक्रिय छन् । उपन्यासको आठौं परिच्छेदबाट पण्डितनी बज्यै र बरालपुत्रीको झगडाको क्रम आरम्भ हुन्छ । दिनहुँजसो हुने झगडाले परिवारमा अशान्ति र खैलाबैला हुन्छ । बरालपुत्री रूपमती जस्ती सहनशील छैन । कुनै पनि आरोपको तत्काल प्रतिवादमा उत्रन्छे । पण्डितनी बज्यैको पनि सानो सानो विषयमा निहुँ खोज्ने बानी छ । उनीहरूको झगडाले उपन्यासको पन्ध्रौं परिच्छेदमा उत्कर्ष प्राप्त गर्दछ । सासू बुहारीको झगडाको वर्णन गर्दै पाण्डे लेख्छन् :

> सर्किनी भन्नासाथ “कसलाई सर्किनी भनिस् ? भनेर के हात समातेकी थिइन् सासूले झड्कारिदिइन् । त्यसपछि बुहारीको हात सासूको कपालमा पुगिहाल्यो । लुछालुछ सुरु भयो । बुढीमाउ लौ मारी बाबा ।” भन्दै कराउन लागिन् । हल्लीखल्ली मच्चियो । शर्माजी दगुर्दै आए । हेर्छन् त त्यस्तो बिजोग देखे, उनको आवाज सुन्नासाथ बरालपुत्रीले हात झिकिसकेकी थिइन् तर कराउँदै थिइन- छेराउटीले लान नसकेकी बुढी ! देखिस् भए नभएको बदनाम गर्दाखेरी कस्तो स्वाद पाइने रहेछ । (पाण्डे, २०६९ : ७९)

दमनात्मक स्वभावकी पण्डितनी बज्यै र सम्पतिको रवाफमा बाँचेकी बरालपुत्रीको यस विवादलाई ज्ञान र सत्ताद्वारा शक्ति निर्माण हुन्छ भन्ने फुकोको मान्यताको आधारमा हेर्न सकिन्छ । पितृसत्तात्मक समाजको कानुनले बुहारीले सहनशील हुनुपर्ने, सासूले बुहारीलाई अधीनमा राख्नुपर्ने जस्ता नियमहरू निर्माण गरेको पाइन्छ । यहाँ पितृसत्तावादी संरचनाको नेतृत्व गरेकी पण्डितनी बज्यैलाई पराजित गरेको जस्तो देखिए पनि अन्तमा बरालपुत्री उसैको शरणमा पुग्नु पर्ने बाध्यता सृजना भएको छ । स्वभावगत दृष्टिले पण्डितनी बज्यै र बरालपुत्री दुवै उग्र स्वभावका छन् । उपन्यासको आरम्भ र मध्यसम्म यी दुवै पात्र शक्तिशाली देखिएका छन् । शक्ति सधैं एकै ठाउँमा रहँदैन परिवर्तनशील हुन्छ (उप्रेती, २०६८ : ४१) भन्ने फुकेको मान्यता झैं उपन्यासमा अन्तमा शक्तिको केन्द्रमा रूपमती रहेकी छ । पारिवारिक निर्णय प्रक्रियामा उसको अधिकार स्थापित भएको छ । व्यावहारिक ज्ञानले उनमा शक्तिको सृजना गरेको पाइन्छ । उपन्यासको अन्तमा बरालपुत्री र

पण्डितनी बज्यैले रूपमतीलाई प्रस्तुत गरेको भावबाट रूपमती केन्द्रीय र बरालपुत्री र पण्डितनी बज्यै परिधीय शक्ति भएको पुष्टि हुन्छ ।

### ४.२.३ देउरानी र जेठानी बिचको शक्ति सम्बन्ध

**रूपमती** उपन्यासलाई देउरानी र जेठानीका बिचको शक्ति सम्बन्धका आधारमा पनि विश्लेषण गर्न सकिन्छ । उपन्यासमा देउरानी र जेठानीको सम्बन्धमा रूपमती र बरालपुत्रीको उपस्थिति मुख्य रूपमा देखिन्छ । देउरानी र जेठानी बिचको शक्ति सम्बन्धको चर्चा गर्दा केन्द्रमा रहेको र परिधिमा रहेको शक्तिको चर्चा गरिन्छ ।

**रूपमती** उपन्यास देउरानी र जेठानीको कार्य क्षमता र स्वभावको तुलनात्मक प्रस्तुति पनि हो । उपन्यास लेखनको अभिप्राय बुहारीको स्वभाव सुधार्न पनि हो भन्ने देखिन्छ । उपन्यास लेखन अवधिको सामाजिक परिवेशमा लैङ्गिक चेतनाको विकास भएको पाइँदैन तर शक्ति सम्बन्धको अभ्यास प्रशस्त मात्रामा भएको पाइन्छ । उपन्यासमा देउरानी र जेठानीको सम्बन्धमा रहेका बरालपुत्री र रूपमतीको सशक्त उपस्थिति देखा पर्दछ । रूपमती र बरालपुत्रीको बिचमा धेरै भिन्नताहरू देखा पर्दछन् । रूपमती शालीन र शान्त परिवारमा जन्मिएर सहनशीलताको पाठ सिकेकी छ भने बरालपुत्री धनको घमण्डमा रहेका मधुवन र कर्कश स्वभावकी बरालनी बज्यैको अशान्त पारिवारिक वातावरणमा त्यही अनुरूपको आचरण सिकेकी छ । रूपमती र बरालपुत्री दुवैको विवाह पछिको आचरण हेर्दा रूपमती शान्त र शालीन देखा पर्दछे भने बरालपुत्री अशान्त र अशिष्ट देखा पर्दछे । यी दुई पात्रको नामाकरण हेर्दा उपन्यासकार तटस्थ रहन नसकेको देखिन्छ । बरालपुत्रीलाई प्रतिकूल पात्रका रूपमा देखाए पनि उनको बास्तविक नामबारे उपन्यासकार मौन छन् । रूपमतीलाई उनको नामले सम्बोधन गर्ने तर बरालपुत्रीलाई किन नाम दिइएन ? के उनको नाम नै थिएन त ? भन्ने जिज्ञासा उत्पन्न हुन सक्छ । यसरी हेर्दा उपन्यासकारले बरालपुत्रीलाई आग्रहपूर्ण व्यवहार प्रस्तुत गरेका छन् । उपन्यासकार यी पात्रको नामकरण र स्वभावको चर्चा गर्ने कार्यमा तटस्थ रहन सकेका छैनन् ।

**रूपमती** उपन्यासमा रूपमती र बरालपुत्रीको शक्ति सम्बन्धको चर्चा गर्दा बरालपुत्रीमा धनको घमण्ड छ । तत्कालीन सामाजिक परिवेश अनुकूलको उपयुक्त स्वभाव, आनीबानी बरालपुत्रीमा पाइन्न । घरमा ऊ शासन गर्न चाहन्छे । घरमा नोकर चाकर प्रति ऊ अशिष्ट व्यवहार गर्दछे । सासू पण्डितनी बज्यैलाई उनले जगल्ट्याउने काम सम्म गरेकी

छ । रूपमतीलाई ऊ काथर, बेकम्मा, लुली, यतिकालाई हेपेको हेप्यै हुन्छ (पाण्डे, २०६९ : ५५) भन्ने ठान्दछे । रूपमतीको सहनशीलतालाई उसले कमजोरी ठानेकी छ । घरमा काम गर्ने नोकरमाथि ऊ शासन गर्न खोज्छे । रविलालको पिटाइबाट घर छाडेकी चमेली पछि घरमा कोही कामदार टिक्न नसक्ने अवस्थाको सृजनामा बरालपुत्री सक्रिय देखिन्छे । ". . .घर लिप्न लागेको बेलामा उनले (बरालपुत्री) भन्नासाथ जिलेबी-स्वारी किन्न गइन भनेर 'उल्टी वेश्या सुल्टी वेश्या' भन्दै सानीले उड्केकी थिइन्, हिँडिहाली (पाण्डे, २०६९ : ५५) ।" बरालपुत्री आफू पनि काम नगर्ने र काम गर्ने मानिसलाई आफू अनुकूल उपयोग गर्न खोज्ने नमाने तथानाम गाली गरेर निस्कन बाध्य पार्ने कार्यमा निरन्तर सक्रिय देखिन्छे । रविलाललाई आफू अनुकूल बनाए पनि अन्य प्रतिकूल देखा पर्छ र दैनिक जसो घरमा झगडा हुन्छ । माइतीको धाक लगाएर आफूलाई शक्तिशाली ठान्ने यिनको स्वभाव छ । परिस्थितिले बरालपुत्रीलाई कमजोर पार्दै अन्तमा निरीह देखिन्छे र आफ्नो पापकर्मको प्रायश्चित्त गर्दै जेठानी र सासूसँग माफी माग्न पुग्छे ।

बरालपुत्रीकी जेठानी रूपमती उपन्यासको आरम्भदेखि नै शान्त र शालीन स्वभावकी देखिन्छे । रूपमती कहिल्यै पनि कसैसँग आक्रोशित रूपमा प्रस्तुत भएकी छैन । उनको शालीनता, सहनशीलता र व्यावहारिक कुशलताले उनलाई शक्तिशाली बनाएको छ । आफूलाई शक्तिशाली ठान्ने बराल पुत्रीलाई कहिल्यै नराम्रो व्यवहार नगरी आफ्नो अधीनमा राख्न सफल भएकी छ । शक्ति केन्द्र परिवर्तनशील हुन्छ भन्ने फुकोको मान्यता जस्तै आरम्भमा निरीह र शक्तिहीन देखिएकी रूपमती उपन्यासको अन्तसम्म आइपुग्दा शक्तिशाली बनेकी छ । उपन्यासमा पारिवारिक निर्णय प्रक्रियामा रूपमतीको सक्रिय सहभागिता देखा पर्दछ । उपन्यासको आरम्भमा रूपमती शक्तिहीन र बरालपुत्री शक्तिशाली देखिए पनि अन्तमा शक्ति केन्द्रमा रूपमती रहेकी छन् भने शक्तिको परिधिमा बरालपुत्री रहेकी छ ।

### ४.२.४ नोकर र मालिक बिचको शक्ति सम्बन्ध

**रूपमती** उपन्यासलाई नोकर र मालिक बिचको शक्ति सम्बन्धका आधारमा पनि विश्लेषण गर्न सकिन्छ । शक्ति सम्बन्धको आधारमा गर्दा केन्द्रमा रहेको शक्ति र परिधिमा रहेको शक्ति बिचको सम्बन्धको चर्चा गरिएको छ । **रूपमती** उपन्यासमा बाटुली, चमेली, भान्से, पण्डित छविलाल नेपाल विभिन्न प्रकारका काममा संलग्न नोकरहरू हुन् भने कर्णेल साहेव, नेपाल परिवार मालिकको रूपमा रहेको पाइन्छ । यहाँ यिनै नोकर र मालिकका बिचको शक्ति सम्बन्धको चर्चा गरिएको छ ।

पण्डित छविलाल नेपाल कर्णेल साहेवको घरमा चाकरीका लागि जान्थे । उपन्यासमा कर्णेल साहेव र पण्डित छविलाल नेपालको सम्बन्धको चर्चा प्रत्यक्ष रूपमा नगरिए पनि अप्रत्यक्ष रूपमा भने गरिएको छ । उपन्यासमा जयन्ती र हविलाल शर्माकी जेठी सासू बिचको संवादमा उल्लेख गरिए अनुसार पण्डित छविलाल नेपाल मालिकको हितको निम्ति ज्यामीहरूलाई शोषण गर्दथे । उनी कर्णेल साहेवको घरमा लेखनदासको रूपमा पनि काम गर्दथे तर उनको कार्यक्षमता माथि वेला-वेलामा प्रश्न उठेको पाइन्छ । उनले लेखेको तमसुकको कमजोरीका कारण कर्णेलको मुद्दा हारेको प्रसङ्गले उनको क्षमतामा प्रश्न चिन्ह खडा गरेको पाइन्छ । पण्डित छविलाल अन्य ज्यामीका सामु शक्तिशाली देखा परे पनि कर्णेल साहेवका सामु निरीह देखा पर्दछ । यी दुईको सम्बन्धमा शक्तिको केन्द्रमा कर्णेल साहेब रहेका छन् भने परिधीय शक्तिका रूपमा पण्डित छविलाल नेपाल रहेको पाइन्छ ।

**रूपमती** उपन्यासमा पण्डित छविलाल नेपालको घरमा पुरानो कामदार/नोकरको रूपमा चमेलीको उपस्थिति देखा पर्दछ । चमेली नेपाल परिवारमा हुर्किएकी नारी चरित्र हो । नेपालमा दास प्रथा भर्खर मात्र उन्मूलन भएको तत्कालीन परिवेशमा लेखिएको उपन्यासको अघोषित रूपमा दासको भूमिकामा चमेलीलाई प्रस्तुत गरेको छ । पण्डितनी बज्यै दुई बुहारीको सामु कठोर देखिए पनि चमेलीका सामु कोमल देखिन्छे । पण्डितनी बज्यैको मायामा चमेली पुल्पुलिएकी हुन्छे । नेपाल परिवारमा घरेलु विषयमा मतभेद सृजना हुँदा रविलाल र बरालपुत्रीले चमेली माथि आक्रमण गरी आफ्नो रिस शान्त पारेको देखिन्छ । “एक दिन उठ्ने बेलामा चमेलीले लोहोटामा पानी राख्न बिर्सिछ, बिचरीले त्यति सानो अपराधमा निर्घातसँग लात खाई (पाण्डे, २०६९ : ५४) ।” उपन्यासको यस प्रसङ्गले रविलाल दमनको प्रक्रियामा उत्रिएको छ । शक्ति अरूलाई दमन गर्ने साधन हो र यसलाई प्रभुत्वशाली वर्गले अरूमाथि दमन गर्ने हतियारका रूपमा प्रयोग गर्छ (हल, सन् १९९७ : ४८) भन्ने मार्क्सवादी विचार अनुसार रविलालले आफ्नो शक्तिलाई चमेली माथिको दमनमा प्रदर्शन गरेको छ । यस प्रसङ्गलाई लैङ्गिक हिंसाको रूपमा हेर्दा प्रभुत्वशाली वर्गको पुरुषले निम्न वर्गीय नारी पात्रमाथि गरेको हिंसाको रूपमा व्याख्या गर्न सकिन्छ । त्यसको केही समय नबित्दै बरालपुत्रीले घरमा राखिएकी अर्की नोकरलाई तथानाम गाली गरेपछि उसले पनि घर छोडेर हिंडेको पाइन्छ । त्यस्तै ससुराको बर्खी घरमै बार्ने निधो भएपछि बरालपुत्री बाटुली पनि अशिष्ट स्वभावकी देखिन्छे । उपन्यासको आठौं परिच्छेदमा पण्डितनी बज्यैले बरालपुत्रीलाई गाली गर्दा बाटुली रविलाल पनि गतिलो नभएको भन्दै रविलालका अनगिन्ती

कमजोरी बारे चर्चा गर्छे । त्यहाँ पण्डितनी बज्यै बाटुलीलाई गाला चडकाउँदै, जगल्ट्याउन थाल्छे । मार्क्सवादी विचारधारा झै प्रभुत्वशाली वर्गको भूमिकामा रहेकी पण्डितनी बज्यैले बाटुलीलाई दमन गर्न आफ्नो शक्तिको प्रदर्शन गरेको पाइन्छ । त्यस्तै रविलाल र बाटुलीको शारीरिक सम्बन्ध रहेको चर्चा यसैसँग प्रस्तुत हुन्छ । रविलालको डरले र बराल परिवारको डरले बाटुलीले त्यस यौन शोषणको घटनालाई दबाएर राखेकी छ । यस प्रसङ्गमा रविलाल आफ्नो शक्तिको प्रभावले यौन शोषणमा समेत उत्रिएको देखिन्छ । समग्रमा उपन्यासको शक्ति केन्द्रमा प्रभुत्वशाली वर्गलाई शोषण र दमनका लागि आफ्नो शक्तिको उपयोग गरेको देखिन्छ । नोकरहरू परिधीय शक्तिका रूपमा उपन्यासमा देखा परेका छन् । उनीहरूमा शोषणको विरोध गर्ने क्षमताको विकास भएको पाइँदैन ।

### ४.२.५ दाजु र भाइ बिचको शक्ति सम्बन्ध

**रूपमती** उपन्यासलाई दाजु र भाइ बिचको शक्ति सम्बन्धको आधारमा पनि विश्लेषण गर्न सकिन्छ । दाजु र भाइ बिचको शक्ति सम्बन्धको चर्चा गर्ने क्रममा हविलाल शर्मा र रविलालका बिचको शक्ति सम्बन्धको चर्चा गरिन्छ । यस क्रममा केन्द्रमा रहेको शक्ति र परिधिमा रहेको शक्तिको चर्चा गरिन्छ ।

**रूपमती** उपन्यासमा दाजु भाइको सम्बन्धमा बाँधिएका हविलाल शर्मा र रविलाल पण्डित छविलाल नेपालका छोरा हुन् । हविलाल सानैदेखि पढ्नमा सिपालु थियो । उसले दश वर्षको उमेरमा लघुकौमुदी समाप्त गरी सकेका थियो भने विद्यालयको प्रथम तहको परीक्षामा सर्वोत्कृष्ट भएको थियो । कर्णेल साहेबहरूलाई अङ्ग्रेजी पढाउने प्यारेमोहन सक्सेनाको कृपादृष्टि उनमा परेपछि ऊ अङ्ग्रेजी पढ्न बनारस गएको हो । बी.ए. को परीक्षा दिएर आएका हविलालमा अङ्ग्रेजी शिक्षाको प्रभाव देखा पर्दछ । यसै अवधिमा रविलालको विवाह सम्पन्न हुन्छ । हविलाल बी.ए. प्रथम श्रेणीमा उत्तीर्ण भएको खबरले नेपाल परिवारमा खुसी थपिन्छ । पिता छविलाल नेपालको निधनले हविलाल एम.ए. पढ्न जान पाउँदैन । ऊ पारिवारिक झमेलामा फस्दछ । यता रविलाल भने निरन्तर कुलतको कारण बिग्रदै जान्छ । गाँजा खाने, रण्डीवाज गर्ने क्रम नरोकिए पछि समाजमा रविलालप्रति नकारात्मक धारणा प्रकट भएको पाइन्छ । आर्थिक प्रलोभनका कारण बरालपुत्रीको अधीनमा रहेका रविलाल आफ्नो सम्पूर्ण सम्पति गुमाएर कङ्गाल हुन्छ । ऊ अर्काको ऋण तिर्न नसक्दा लुकेर डराई

डराई बस्छ र अन्तमा प्रहरीको फन्दामा पर्दछ । उसले भाउजूको मायादयाको कारण नयाँ जीवन प्राप्त गर्दछ ।

हविलाल शर्मा र रविलालका बिचको सम्बन्धलाई हेर्दा दुवै पात्र आरम्भमा घमण्डी देखिन्छ । हविलाल छिट्टै आफ्नो मानसिकता परिवर्तन गरी व्यावहारिक जीवनमा प्रवेश गर्दछ भने रविलाल बरालपुत्रीको हप्कीदप्कीमा फसी अझ अव्यावहारिक र असामाजिक बन्दै जान्छ । दाजुबाट नराम्रो व्यवहार केही भएको छैन भन्दै छुट्टिने कुरा गर्न डराउँछ तर विकसित घटनाक्रम बरालपुत्रीको ढिपीको कारण ऊ छुट्टिने प्रस्ताव अगाडि सार्दछ । रविलाल भन्छ -“अब दाजु ! आमाले हामी दुवैलाई देखि सहिनन् । धेरै दिनदेखि विचार गरिरहेछु । म कमाइ गर्न नसक्ने छोरो, ऊ उनको गोडा मिच्न नसक्ने बुहारी । अब हाम्रो यो घरमा गुजारा चल्दैन । म त छुट्टिन्छु (पाण्डे, २०६९ : ७९) ।” रविलाल आफूलाई यस घरमा शक्तिहीन भएको ठान्दछ र भिन्न भएर बस्न पाए त शक्तिशाली हुने चाहना पनि पालेको पाइन्छ । रविलालमा यस किसिमको मानसिकताको विकासमा बरालपुत्रीको मह□वपूर्ण भूमिका रहेको पाइन्छ । भिन्न भएर बसेपछि रविलाल आफूलाई शक्तिशाली ठान्दछ । शक्ति अरूलाई दमन गर्ने साधन हो (हल, सन् १९९७ : ४८) भन्ने शास्त्रीय मार्क्सवादी विचारधारा अनुसार रविलालले बरालपुत्रीलाई दमनका लागि आफ्नो शक्तिको प्रयोग गरेको छ । दाजु भाइको सम्बन्धमा भने दमनात्मक स्वरूपको घटनाक्रम नघटे पनि पारिवारिक निर्णय पक्रियामा सहभागितादेखि अन्य विभिन्न क्रियाकलापलाई हेर्दा शक्तिको केन्द्रमा हविलाल शर्मा रहेको छ भने परिधीय शक्तिको रूपमा रविलाल रहेको छ ।

## ४.३ अन्तर पारिवारिक शक्ति सम्बन्ध

**रूपमती** उपन्यासलाई अन्तर पारिवारिक शक्ति सम्बन्धका आधारमा विश्लेषण गर्न सकिन्छ । एउटा परिवार र अर्को परिवारका बिचमा भएको शक्ति सम्बन्धको अध्ययन र विश्लेषण गर्ने काम अन्तर पारिवारिक शक्ति सम्बन्ध अन्तर्गत गरिन्छ । यस उपन्यासमा मुख्य रूपमा नेपाल परिवार, लुइँटेल परिवार र बराल परिवारका बिचमा भएका विविध क्रियाकलापका आधारमा केन्द्रमा रहेको शक्ति र परिधिमा रहेको शक्तिको बारेमा चर्चा गरिन्छ । यस क्रममा यहाँ नेपाल परिवार र लुइँटेल परिवारका बिचको शक्ति सम्बन्ध र नेपाल परिवार र बराल परिवारका बिचको शक्ति सम्बन्धको चर्चा गरिन्छ ।

### ४.३.१ नेपाल परिवार र लुइँटेल परिवारका बिचको शक्ति सम्बन्ध

**रूपमती** उपन्यास नेपाल परिवारका क्रियाकलापमा केन्द्रित रहेको पाइन्छ । नेपाल परिवारको पुर्ख्यौली थलो पाँचमानेमा निकै रोबरवाफ थियो । पण्डित छविलाल नेपाल कर्णेल साहेब कहाँ चाकरीका लागि दैनिक जान्थे । तत्कालीन समयमा कर्णेल साहेबको घरमा चाकरीमा जान पाउनु निकै गर्वको कुरा मानिन्थ्यो । यिनका पुर्खाले नेपालका एक सौखिनलाई च्याखुरा लडाएर खुब रिझाएका हुनाले गोकर्णमा बिर्ता पनि पाएका थिए । त्यसैले हाम्रो ढोका बलियो छ भन्ने यिनको घमण्ड थियो । पण्डित छविलाल आफूलाई उच्च खान्दानको ब्राह्मण ठान्दथे । पछिल्लो समयमा नेपाल परिवारमा घटेका विविध घटनाक्रमले यस परिवारको प्रतिष्ठामा केही दखल पुऱ्याएको थियो । रविलालको गुण्डागर्दी र बरालपुत्री र पण्डितनी बज्यैको अशिष्ट र उग्र स्वभावले पारिवारिक विचलनको अवस्था सिर्जना भएको पाइन्छ । उपन्यासमा फुटेको परिवारलाई जोड्ने काम रूपमतीले गरेकी छ । उता लुइँटेल परिवार भने शालीन र शान्त देखिन्छ । पण्डित मोहन प्रसाद लुइँटेल ज्योतिषमा पनि दखल राख्दथे । उनको बाबुबाजेले आर्जन गरेको वर्षको दुई सय मुरी धान आउने अब्बल खेतहरू मनोहरा डोलमा थियो । सन्तानको नाममा रहेकी एउटी छोरी रूपमतीको विवाहपछि ऊ अझ सुन्तुष्ट छ । त्यस्तै लुईंटेलनी बज्यै सुशील, धर्मपरायण थिइन् । लुइँटेल परिवारको दैनिकी धर्मकर्ममा बितेको पाइन्छ । लुइँटेल परिवार र नेपाल परिवारको सुमधुर सम्बन्ध रहेको पाइन्छ । लुइँटेलनी बज्यैको शान्त स्वभावले यी दुई परिवारको सम्बन्ध शालीन र सुमधुर रहेको पाइन्छ । बुहार्तन सहन कठिन भएको रूपमतीको अवस्थालाई सहनशीलताको पाठ सिकाएर अन्तर पारिवारिक सम्बन्धलाई सुमधुर बनाएकी छ । पण्डितनी बज्यै उग्र (आगो) छिन् भने लुइँटेलनी बज्यै शान्त (पानी) छिन् । पण्डित छविलाल नेपाल र पण्डित मोहन प्रसाद लुइँटेल दुवै शान्त स्वभावका देखिन्छ । यी दुई परिवारका बिचमा दमानात्म प्रवृत्तिको शक्ति सम्बन्ध देखा नपरे पनि आफ्नो पारिवारिक प्रतिष्ठालाई उँचो देखाउने प्रयासहरू भएको पाइन्छ ।

**रूपमती**ले छोरो पाएपछि दुवै परिवारमा हर्ष उल्लासमय वातावरणको सिर्जना हुन्छ । नेपाल परिवारमा इष्टमित्रहरूको भीड थियो । न्वारानको दिन घर गाउँले, इष्टमित्र सबैको उपस्थिति भएको थियो । लुइँटेल परिवार पनि त्यस अवस्थामा आफ्नो उपस्थितिलाई ओजपूर्ण तवरले प्रस्तुत गर्दछ ।

> बाह्र-पन्ध्र जना ज्यामीलाई बोलाएर ज्वाइँको घरै रमाइलो तुल्याइ दिए । लुइँटेलनी बज्यैको रेखदेखमा तयार भएका मालतालहरू किन कमसल हुन्थे । खानेकुराको किन कमी हुन्थ्यो । अरू कुरा परै जाओस, छोरीले खाने पाक औषधी मात्र तीन-चार थरीका थिए । पण्डितनी बज्यै यो सबै देखेर नाक फुलाउँथिन् । छैटी पनि धुमधामसँग भयो । रूपमतीका माइती सबै बोलाएका थिए, उनका बाबुआमाले पाँच-पाँच रूपैयाँ दिएर नातिको मुख हेरे र पहिले पहिलो छोरीका घरमा खानपिन गर्ने मौका थियो, शर्माजीले स्वागत सत्कारमा कुनै किसिमको त्रुटि हुन दिएनन् । तीनवटा त खसी नै काटेका थिए । दस परिकारहरूको त मासु मात्र बनेका थिए (पाण्डे, २०६९ : ७७) ।

नातिको न्वारानमा आउँदा बाह्र-पन्ध्र जना ज्यामीलाई बोकाएर खानेकुरा लगायतका अन्य मालसामान लिएर आउनु लुइँटेल परिवारले आफ्नो शक्ति प्रदर्शन गर्नु हो । शर्माजीको परिवार, इष्टमित्रको सामु हामी खानदानी हौं भन्ने कुराको पुष्टिको लागि र आफ्नो रवाफको लागि लुइँटेल परिवारले त्यसो गरेको देखिन्छ । नातिको मुख हेर्दा पाँच-पाँच रूपैयाँ दिनुले पनि लुइँटेल परिवारले आफ्नो शक्ति प्रदर्शन गरेको देखिन्छ । त्यसो त शर्माजीले पनि आफ्नो शक्ति प्रदर्शन गरेको छ । तिनवटा खसी काट्नु, दस परिकारको मासु पकाउनुले शर्माको शक्ति प्रदर्शनको अवस्था प्रस्तुत गरेको छ । यी दुई परिवारको अवस्था हेर्दा दुवै परिवार र समान स्तरका देखा पर्दछन् । शक्तिको केन्द्रको रूपमा दुवै परिवार स्थापित भएका छन् । यी दुईले एक अर्कालाई कमजोर वा शक्तिशाली देखाउन भन्दा पनि एक अर्कालाई शक्तिशाली बनाउन सहयोगीको भूमिका खेलेको पाइन्छ ।

### ४.३.२ नेपाल परिवार र बराल परिवारका बिचको शक्ति सम्बन्ध

**रूपमती** उपन्यासलाई नेपाल परिवार र बराल परिवारका बिचको शक्ति सम्बन्धको आधारमा पनि अध्ययन विश्लेषण गर्न सकिन्छ । यी दुई परिवारको क्रियाकलापलाई आधार मानी केन्द्रीय र परिधीय शक्तिको चर्चा गरिन्छ ।

बराल परिवार काँठ क्षेत्रको छेपेटारमा बस्दै आएका छन् । बराल परिवारको छेपेटारमा निकै रवाफ थियो । पण्डित शिशुपाल बरालले बर्मामा गोठ राखेर पैसा कुम्ल्याएका ससुराको अपुताली भेट्टाएकाले गाउँभरि खुब पैसा फिँजाएका थिए । पिताको सम्पत्तिमा मधुवन बराल खुबै धाक लगाउँथे ।

> मधुवन बराल भन्थे- हामी पढेर जजमानी गरेर खाने होइनौं भन्ने गर्दथे । कालो जुत्तामा रातो मोजा बाहिर निकालेर, अलपक्काको बुट्टे लुगा लगाएर, घडीको सिक्री बाहिर झुण्ड्याएर, कार्चोपी टोपी कर्के पारेर ओठले चुरोट च्यापेर; हातमा एउटा सानो छडी समातेर निकै रवाफ

देखाउन खोज्दथे किन्तु बोलीचालीमा कत्ति मिजास थिएन . . .कुरा गर्न लाग्दा मुखबाट थुकको वर्षा हुन्थ्यो (पाण्डे, २०६९ : २०) ।

उपन्यासमा बराल परिवारलाई नकारात्मक रूपमा प्रस्तुत गरिएको छ । मधुवन बराल, बरालनी बज्यै र बरालपुत्रीका नकारात्मक पक्षको मात्र चित्रण उपन्यासमा गरिएको छ । यसरी हेर्दा उपन्यासकार तटस्थ रूपमा प्रस्तुत हुन नसकेको देखिन्छ । बराल परिवारप्रतिको उपन्यासकारको दृष्टिकोण आग्रहपूर्ण देखिन्छ । उपन्यासकार पाण्डेले हविलाल शर्मा अन्धविश्वासी पात्र भए पनि आदर्श व्यक्तिको रूपमा प्रस्तुत गरेको र बराल परिवारका राम्रा पक्षलाई प्रस्तुत नगरी आग्रहपूर्ण व्यवहार प्रस्तुत गरेका छन् (बराल, २०४६ : ४१) । बरालपुत्री नामकरणमा पनि उपन्यासकारको भूमिकामा शङ्का गर्न सकिन्छ । रूपमतीलाई नाम दिन सक्ने उपन्यासकार किन बरालपुत्री भनेर सम्बोधन गर्दछन् । उनलाई किन नामले सम्बोधन गर्न नमिल्ने भन्ने धारणाले उपन्यासकार तटस्थ हुन नसेको पुष्टि गर्दछ । उपन्यासमा विभिन्न तवरले बराल परिवारलाई कमजोर पार्ने प्रयास भएको छ । पारिवारिक विचलनको अवस्थाले अन्तमा बराल परिवारलाई शक्तिहीन देखाएको छ ।

उपन्यासमा नेपाल परिवारको भूमिका हेर्दा मध्यम स्तरको परिवारको रूपमा देखिएका छ । रविलाल, बरालपुत्री र पण्डितनी बज्यैको व्यवहारले परिवार विखण्डनतर्फ उन्मुख भए पनि रूपमतीको व्यवहारले पुनः पारिवारिक एकीकरण सम्भव देखाउने प्रयास बरालपुत्रीबाट भएको छ । बरालपुत्री भन्छे-

> "क्या दिदी ! हाम्रो माइतमा त केही कुरा होओइन भन्नु पर्दैन, गाईभैँसी दुहुना बाह्रै काल हुन्छन्, गिबुवाभरि दूध हुन्छ, कसले खाइदेओस् ! दूधमही त त्यसै मिल्कन्छ, घिउ तपतप चुहुने भात नभईकन हाम्रो बुबाको मुखमा जाँदै जाँदैन । असामीहरू उत्तिकै छन्, ओखलपात डोकोभरि ल्याउँछन्, कहाँ राखूँ भने जस्तो हुन्छ । केरा, अम्बा, कटहर कसले खाइदेओस्" (पाण्डे, २०६९ : ३८) !

बरालपुत्रीको यस भनाइले बराल परिवारलाई शक्तिशाली देखाएको छ । तत्कालीन समयमा घरभरि काम गर्ने ज्यामीहरू हुनु, खानामा घिउ प्रशस्त हुनु, फलफूल प्रशस्त हुनु, कुलघरान र सभ्रान्त परिवारको सङ्केत हो । बरालपुत्रीले बराल परिवार शक्तिशाली छ भन्ने देखाउन यस्तो अभिव्यक्ति दिएको पाइन्छ । बरालपुत्रीले बराल परिवारलाई शक्तिशाली देखाउन नेपाल परिवारको विगतबारे उल्लेख गरेकी छ । ऊ भन्छे - "कसको जिजुबाजे रे कालपुरुष दान लिएर कोशी लखेटिनु परेको ?... । कसका बाजेले सँगुरको पाठो झुन्ड्याएर

शहरभरि घुम्नु परेको रे” (पाण्डे, २०६९:४८) ? बरालपुत्रीले नेपाल परिवारको विगतको कमजोरीको चर्चा गर्दै नेपाल परिवारभन्दा बराल परिवार कुलीन परिवार हो भन्ने उल्लेख गरेकी छ । उपन्यासमा दुवै परिवारको विगत र वर्तमान हेर्दा बराल परिवार क्षयोन्मुख छ । परिवार विघटन भएको छ । नेपाल परिवार भने एकीकरणतर्फ लागेको छ । रूपमतीको व्यावहारिक कुशलताले नेपाल परिवारलाई सभ्रान्त परिवारको रूपमा स्थापित गरेको छ । उपन्यासको सम्पूर्ण वृत्तान्त केलाउँदा नेपाल परिवार नै केन्द्रीय शक्तिको रूपमा रहेको पाइन्छ ।

## ४.४ निष्कर्ष

**रूपमती** उपन्यासको शक्ति सम्बन्धबारे अध्ययन गर्दा पारिवारिक शक्ति सम्बन्ध र अन्तर पारिवारिक शक्ति सम्बन्धमा विभाजन गरी अध्ययन विश्लेषण गरिएको छ । उपन्यासको पारिवारिक शक्ति सम्बन्धको अध्ययन गर्दा पति र पत्नी बिचको शक्ति सम्बन्ध, सासू र बुहारी बिचको शक्ति सम्बन्ध, देउरानी र जेठानी बिचको शक्ति सम्बन्ध, दाजु र भाइ बिचको शक्ति सम्बन्ध नोकर र मालिकको बिचको शक्ति सम्बन्धको चर्चा गरिएको छ । पति र पत्नी बिचको शक्ति सम्बन्ध अन्तर्गत पाँच दम्पतिको शक्ति सम्बन्ध बारे अध्ययन गरिएको छ रविलाल र मोहनप्रसाद लुइँटेल दुई पुरुष पात्र केन्द्रीय शक्तिका रूपमा रहेका छन् भने हविलाल शर्मा पण्डित छविलाल नेपाल र मधुवन बराल परिधीय शक्तिका रूपमा रहेका छन् । त्यस्तै नारी पात्र अन्तर्गत रूपमती, पण्डितनी बज्यै र बरालनी बज्यै केन्द्रीय शक्तिका रूपमा र बरालपुत्री र लुइँटेलनी बज्यै परिधीय शक्तिका रूपमा रहेका छन् । सासू र बुहारीका बिचको शक्ति सम्बन्ध अन्तर्गत नेपाल परिवारका सासू बुहारीको चर्चा गरिएको छ । जसमा शक्तिको केन्द्रमा रूपमती रहेकी छ भने बरालपुत्री र पण्डितनी बज्यै परिधिमा रहेका छन् । देउरानी र जेठानीका बिचको शक्ति सम्बन्धको चर्चा गर्दा आरम्भमा देउरानी बरालपुत्री शक्तिशाली देखिए पनि अन्तमा जेठानी शक्ति केन्द्रमा रहेकी छ । दाजु र भाइका बिचको सम्बन्ध हेर्दा दाजु र मालिक र नोकरका बिचको सम्बन्ध हेर्दा मालिक नै शक्तिको केन्द्रमा रहेको देखिन्छ । उपन्यासमा केही पुरुष र केही महिला पात्र परिधीय शक्तिको रूपमा प्रस्तुत भएका छन् । लैङ्गिक चेतनाका दृष्टिले भन्दा तत्कालीन लैङ्गिक अवस्थाको अध्ययन यहाँ गरिएको छ । तत्कालीन पितृसत्तात्मक समाजका पनि पुरुष पात्रहरू महिलाद्वारा पीडित थिए भन्ने कुराको सङ्केत उपन्यासमा गरिएको छ । उपन्यासमा नारी पात्रहरूले पनि पितृसत्तावादी विचारको नेतृत्त्व गरेको पाइन्छ । नारी पात्र

नै नारीप्रति सहयोगी वा सकारात्मक बन्न नसकेको विचारलाई उपन्यासले प्रस्तुत गरेको छ ।

परिच्छेद : पाँच

# रूपमती उपन्यासमा लैङ्गिक उत्पीडन

## ५.१ विषय प्रवेश

**रूपमती** उपन्यासलाई लैङ्गिक उत्पीडनका आधारमा विश्लेषण गर्न सकिन्छ । व्यक्तिको इच्छा विपरीत उसलाई शारीरिक वा मानसिक आघात पुग्ने गरी गरिएका जस्ता सुकै हिंसालाई उत्पीडन भनिन्छ । लैङ्गिक उत्पीडन भन्नाले नारी/पुरुष भएकै कारण पुरुष/नारीद्वारा गरिने उत्पीडनपूर्ण व्यवहार भन्ने बुझिन्छ । नेपाली समाजमा समान्यतयाः नारीहरू लैङ्गिक उत्पीडनका सिकार हुने गरेको पाइन्छ भने पुरुषहरू समेत लैङ्गिक उत्पीडनको सिकार भएको पाइन्छ । चेतनाको वर्तमान युगमा पुरुषमाथि हुने लैङ्गिक उत्पीडनका घटनाहरू बढ्दो क्रममा छ र नारी लैङ्गिक उत्पीडनका घटनाले निरन्तरता पाइरहेको छ । **रूपमती** उपन्यासमा वि.सं. १९९० को दशकको नेपाली समाजको वास्तविकता प्रस्तुत गरिएको छ । तत्कालीन समाजको लैङ्गिक उत्पीडनको अवस्था बारे बुझ्न **रूपमती** उपन्यासको अध्ययन गर्न सकिन्छ । उपन्यासमा लैङ्गिक उत्पीडनको सिकार नारी मात्र नभएर पुरुष पनि भएका छन् भन्ने कुराको चर्चा पाइन्छ । यहाँ लैङ्गिक उत्पीडनको अध्ययन विश्लेषण गर्दा विसमलैङ्गिक उत्पीडन र समलैङ्गिक उत्पीडन दुवैको चर्चा गरिन्छ । सासुद्वारा बुहारीप्रति गरेको उत्पीडनलाई समलैङ्गिक उत्पीडन र पतिद्वारा पत्नीप्रति र पत्नीद्वारा पतिप्रति गरिएको उत्पीडन विसमलैङ्गिक उत्पीडन हो । यस उपन्यासमा उपस्थित पात्रहरूले लैङ्गिक उत्पीडनको के-कस्तो पीडा भोगिरहेका छन् र तत्कालीन समाजमा लैङ्गिक उत्पीडनको अवस्था के-कस्तो रहेको छ भन्ने विषयको अध्ययन र विश्लेषण यहाँ गरिएको छ ।

## ५.२ रूपमती उपन्यासमा लैङ्गिक उत्पीडन

**रूपमती** उपन्यासमा वि.सं. १९९० को दशकको नेपाली समाजको यथार्थ चित्र प्रस्तुत गरिएको छ । उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनामा नारीहरू कसरी लैङ्गिक उत्पीडनको सिकार भएका छन् भन्ने कुरा देखाइएको छ । पितृसत्तात्मक सामाजिक संरचनामा पनि पुरुषहरू कसरी लैङ्गिक उत्पीडनको सिकार भएका छन् भन्ने विषयको अध्ययन पनि यस उपन्यासमा गर्न सकिन्छ । उपन्यासमा उपस्थित पात्रहरूका बिचको

सम्बन्धबाट को-कसरी उत्पीडनमा परेको छ भन्ने विषयमा अध्ययन र विश्लेषण गरिन्छ । यस क्रममा पतिद्वारा पत्नीप्रति गरिएको लैङ्गिक उत्पीडन, पत्नीद्वारा पतिप्रति गरिएको लैङ्गिक उत्पीडन, सासूद्वारा बुहारीप्रति गरिएको लैङ्गिक उत्पीडन र नोकरप्रति गरिएको उत्पीडन बारे यहाँ मुख्य रूपमा चर्चा गरिएको छ ।

### ५.२.१ पतिद्वारा पत्नीप्रति गरिएको लैङ्गिक उत्पीडन

**रूपमती** उपन्यासको लैङ्गिक अध्ययन गर्दा लैङ्गिक उत्पीडनको अध्ययन गर्नु आवश्यक देखिन्छ । लैङ्गिक उत्पीडनको अध्ययन गर्दा पतिद्वारा पत्नीप्रति गरिएको लैङ्गिक उत्पीडन बारे चर्चा गर्नु आवश्यक देखिन्छ । उपन्यासमा लैङ्गिक उत्पीडनको सिकार भएका बरालपुत्री र रूपमतीको अवस्थाबारे यहाँ चर्चा गरिन्छ ।

**रूपमती** उपन्यासमा पण्डित छविलाल नेपालको कान्छो छोरो रविलालको विवाह मधुवन बरालकी छोरी बरालपुत्रीसँग भएको छ । रविलाल सानै उमेरदेखि पुलपुलिएको हुन्छ । ऊ बिस्तारै कुलतमा फस्ने क्रम बढेको पाइन्छ । रविलालमा हिंसात्मक स्वभावको विकास भएको छ । गुण्डागर्दी, रण्डीबाजी गर्न पल्किएको रविलाल आफ्नी श्रीमतीमाथि हिंसात्मक क्रियाकलापमा उत्रन्छ । बरालपुत्रीले माइतबाट ल्याएको सम्पत्तिमा मोजमस्ती गर्ने अनि उनैमाथि हिंसाजन्य क्रियाकलापमा रविलालको संलग्नता पाइन्छ । बरालपुत्री आफ्नो श्रीमान्लाई खुसी पार्न माइतबाट सम्पत्ति ल्याउँछे । त्यही सम्पत्तिको भरमा रविलाल गाउँ समाजमा आफ्नो रवाफ प्रदर्शन गर्दछ । बरालपुत्रीले ल्याउने सम्पत्तिको आडमा परिवारबाट छुट्टिने निर्णय गर्दछ र भिन्न भएर बस्छ । भिन्न भएर बसेपछि बरालपुत्री केही इलम गर्न आग्रह गर्छे तर रविलाल वास्ता गर्दैन । बरालपुत्रीको माइतको स्थिति कमजोर हुँदै जान्छ, रविलाल आक्रोशित हुँदै जान्छ । रविलालको व्यवहारको कारण बरालपुत्री समेत मुखमुखै लाग्न थाल्छे । रविलालले ". . .मेरो हुर्मत लिन खोज्ने ? हेला गरेर बोल्ने ? भन्दै भान्सामा पुग्यो र चुल्ठो समातेर चोटाभरि फन्न घुमाएर दुई लात भकुरि दियो" (पाण्डे, २०६९ : १०३) । यसरी रविलाल बरालपुत्रीलाई शारीरिक यातना दिन अग्रसर रहन्छ । लामो समयदेखि माइतबाट ल्याएको सम्पत्ति रविलालले उडाउँदा मानसिक तनावमा बाँचेकी बरालपुत्रीमा शारीरिक र मानसिक यातना बढेको पाइन्छ । रविलाल दाजु-भाउजू र आमासँग छुट्टिनु पर्नाको दोष उसैमाथि थोपार्छ । छुट्टिएर बसेपछि बरालपुत्री घरको काममा व्यस्त रहन्थि तर रविलाल भने उनलाई अवहेलना, कुटपिट जस्ता महिला विरुद्धको हिंसामा संलग्न रहन्छ । रविलालले बरालपुत्रीलाई आफ्नो रिस शान्त पार्न दुई चार लात हान्नु

नियमित प्रक्रिया बनेको हुन्छ । उपन्यासको आठौं परिच्छेदमा बाटुलीले रविलालको बारेमा नानाभाँती भनेपछि उत्पन्न पारिवारिक विवादको क्रममा ऊ बाटुलीमाथिको रिस पोख्न बरालपुत्रीलाई दुई-तीन लात भकुर्छ । यहाँ रविलाल बारे अनेक थरी भन्ने बाटुली तर कुटाइ खाने बरालपुत्री हुन्छे । यसले के देखाउँछ भने अन्य प्रसङ्गका आफ्ना रिसलाई शान्त पार्न पनि पत्नीलाई दमन गर्ने तत्कालीन पितृसत्तावादी संरचनाले महिला हिंसालाई प्रश्रय दिएको पाइन्छ । उपन्यासमा निकै उग्र स्वभावकी बरालपुत्री पनि पितृसत्तावादी सामाजिक संरचनाको कारण पतिको प्रतिकारमा उत्रन सकेकी छैन । उपन्यासमा बरालपुत्री पतिद्वारा पीडित पात्र हो । ऊ शारीरिक र मानसिक दुवै रूपमा उत्पीडनको सिकार भएकी छ । पुरुष पात्रद्वारा उत्पीडित नारी पात्रको रूपमा बरालपुत्री उपन्यासमा प्रस्तुत भएकी छ । ऊ घरेलु हिंसाको कारण उत्पीडित छे ।

उपन्यासमा आदर्श दम्पत्तिको रूपमा प्रस्तुत गरिएको हविलाल र रूपमतीको सम्बन्धमा पनि लैङ्गिक उत्पीडनको अवस्था देखा पर्दछ । अङ्ग्रेजी पढेर आफूलाई बुज्रुक ठान्ने हविलाले रूपमतीलाई मानसिक रूपमा यातना दिएको पाइन्छ । पण्डितनी बज्यैले अर्को विवाह बारे प्रस्ताव राख्दा हविलाल शर्मा भन्छ- “एउटी गँवार मूर्खले पुगेन र अर्की ल्याउन आँट्नु भएको ? . . .यस्ता कुजातको सङ्गत गरेर आज यस्तो धोका पर्न गएको” (पाण्डे, २०६९ : २५) । हविलाल शर्माको यस भनाइ सुनिरहेकी रूपमतीले सामान्य रूपमा लिने प्रयास गरेको देखिन्छ । हविलालको यस भनाइले नारी जातिमाथि गम्भीर आरोप लगाएको पाइन्छ । गँवार, मूर्ख, कुजात जस्ता अपमानजनक शब्दहरूको प्रयोग गरी हविलाल शर्माले रूपमतीको मात्र नभई सम्पूर्ण नारी जातिको अपमान गरको छ । तत्कालीन सामाजिक संरचना र चेतनाको अवस्था हेर्दा रूपमतीले त्यसलाई सामान्य रूपमा लिनु स्वाभाविक देखा पर्दछ तर तात्कालिक समयमा अङ्ग्रेजी शिक्षा पढेका मिस्टर हविलाल शर्माले त्यसो भन्नु अस्वाभाविक नै मान्नु पर्छ । दिनभर काममा घोटिएर पनि सासू र पतिबाट रूपमती पीडित छे । रूपमतीले गरेको श्रमको कुनै महत्त्व छैन ; निरन्तर अवहेलना सहेर बसेकी छ । पत्नी भएको कारण ऊ विनाप्रतिकार बस्न विवश छे । प्रतिकारमा उत्रँदा भोग्नु पर्ने विविध सामाजिक समस्याको डरमा रूपमती बाँचेकी छे । आरम्भमा रूपमती लैङ्गिक उत्पीडनको सिकार भए पनि पारिवारिक शक्तिको रूपमा उनको उदय भएपछि पीडा भोग्नु परेको छैन ।

उपन्यासमा शक्तिको केन्द्रमा रहने व्यक्ति वा पात्रले परिधिमा रहेको शक्तिमाथि दमनात्मक नीति अँगाल्दा परिधीय शक्तिहरू लैङ्गिक उत्पीडनको सिकार भएको पाइन्छ । समग्रमा रूपमती र बरालपुत्री पत्नी भएको कारण लैङ्गिक उत्पीडनमा परेका छन् । पितृसत्तावादी मानसिकताका पतिहरू हविलाल र रविलाल मानसिक र शारीरिक रूपमा यातना दिने कार्यमा संलग्न देखिन्छन् ।

### ५.२.२ पत्नीद्वारा पतिप्रति गरिएको लैङ्गिक उत्पीडन

**रूपमती** उपन्यासको लैङ्गिक विश्लेषण गर्दा पत्नीद्वारा पतिप्रति गरिएको लैङ्गिक उत्पीडन पनि अर्को महत्वपूर्ण पक्षका रूपमा देखा पर्छ । पुरुषवादी लैङ्गिक अध्ययन सम्बन्धी मान्यताको आधारमा हेर्दा **रूपमती** उपन्यासका पण्डित छविलाल नेपाल र मधुबन बराल आ-आफ्ना पत्नीबाट पीडित भएको पाइन्छ । घर परिवारमा पतिलाई अपमान गर्ने, आफ्नो भनाइ पतिले नमानेमा परिवारमा कोलाहल मच्चाउने, पारिवारिक निर्णय प्रक्रियामा सहभागी नगराउने जस्ता क्रियाकलाप गरी पतिलाई पीडा दिने काम उपन्यासको कथावस्तुमा प्रस्तुत भएको पाइन्छ ।

**रूपमती** उपन्यासमा बराल परिवारको बारेमा सामान्य रूपमा चर्चा गरिएको छ । परिवारको विस्तृत विवरण कम भए पनि मधुवन बराल र बरालनी बज्यैको बारेमा केही जानकारी प्रस्तुत गरिएको छ । मधुवन बरालले पूर्खाले जम्मा गरेको सम्पत्ति गाउँभरि गरेका थिए । उनको परिवारमा तिन  छोरा र एक छोरी सहित छ जना थिए । गाउँभरि आफ्नो लगानी छरेका थिए । गाउँका असामीलाई नै खेतमा बाली लगाउन लाउँथे । पैसा सापट दिएर व्याज बढाउँदै लैजान्थे र असामीका घर खेत आफ्नो बनाउँथे । मधुवन बरालको गाउँमा रवाफ चल्दथ्यो । कुनै असामीमा उसको कुरा काट्ने र प्रतिकार गर्ने सामर्थ्य हुन्नथ्यो । यस्ता शासकको पनि घरभित्रको अवस्था कमजोर थियो । उपन्याकार लेख्छन् - "बाहिर उनको खुब दबदबा थियो । परन्तु जब घरभित्र खुट्टो पनि हाले उनको सातोपुत्लो हिँड्थ्यो, बरालनी बज्यैले उठ भने उठ, बस भने बस, चुँ गरेर बोल्न सक्तैनथे । उनकी धर्म पत्नीमा के छ र त्यसरी उनलाई मुसो बनाएर राख्न सकेको होला" (पाण्डे, २०६९ : ४६) ? गाउँमा शासकका रूपमा रहेका मधुबन बराल आफ्नै घरमा मुसो बनेर बस्नु पर्ने अवस्था छ । घरभित्र खुट्टा हाल्ने बित्तिकै उनको सातोपुत्लो जान्थ्यो भने पछि मधुवन बराल पत्नी पीडित थिए भन्ने पुष्टि हुन्छ । गाउँका शासक भएका मानिने मधुबन माथि शासन गर्ने काम बरालनी बज्यैले गरेको पाइन्छ । मधुवन बराल घरमा चुँ गरेर बोल्न सक्तैनथे ।

उनको स्वतन्त्रतामाथि बन्देज लगाइएको थियो । गाउँलेलाई शोषण गरेर कमाएको धनमाथि उनको अधीन थिएन । बरालनी बज्यैले उठ भने उठ्नु पर्ने बस् भने बस्नु पर्ने अवस्थामा मधुवन बराल रहेका थिए । मधुवन बरालमा आफ्नो कमाइको उपयोग गर्ने अधिकार समेत रहेको पाइन्न । आफ्नो सम्पूर्ण सम्पत्ति गायब हुँदा समेत ऊ अनभिज्ञ छ । पण्डितनी बज्यैको निधनपछि सम्पत्तिको सन्दुक खोल्दा केही नभेटे पछि उसमा मानसिक आघातको अवस्था देखा पर्दछ । बरालनी बज्यैको निधनपछि मधुवन बरालले जनैमा राखेको साँचोले सन्दुक खोल्दाको अवस्थाबारे वर्णन गर्दै उपन्यासकार लेख्छन् -

> किरिया समाप्त भएको केहीपछि लट्टेको बन्दक राखेको नत्थ फिकि दिनुपर्‍या, निखन्न आयो भनेर सन्दुक खोले, भेट्टाएनन् । हीराको औंठी, टप, यार्लिङ, इत्यादि जुहाराताहरू खोजे केइन् एक से एक कीमत रत्न जडेका झलमलाउँदा चीजमालहरू गायब ! उनको होशहवासै गुम भयो । कपाल चक्कर खान लाग्यो, सन्न भए, ओठतालु सुके, चटचटी पसिना निक्लन लाग्यो, मुटु भट्याक भट्याक चल्न लाग्यो । जीउ कुँडिएर आयो, वाक्य फुटेन, कपालमा हात राखेर थुचुक्क बसे, चित्ता खाए, उनलाई सरा जगतै अँध्यारो लाग्यो । अब के गर्ने हो (पाण्डे, २०६९ : ९६) ?

**रूपमती** उपन्यासको यस प्रसङ्गबाट मधुबन बराल उत्पीडनमा परेको पुष्टि हुन्छ । उनी यही धनको पीरले कहाँ जान्छन् कसैलाई थाहा हुन्न । बरालनी बज्यैले मधुवन बराललाई आफ्नो अधीनमा राखेर, उसको स्वतन्त्रताको हरण गरेको पाइन्छ । तसर्थ मधुवन बराल पत्नी बरालनी बज्यैबाट पीडित पात्र हो । उसले पत्नीको कारण मानसिक पीडामा बाँच्नु परेको छ र समाजमा आफ्नो रवाफ गुमाएर निर्धो बन्नु परेको छ ।

**रूपमती** उपन्यासमा नेपाल परिवारमा पनि पत्नीद्वारा पतिप्रति गरिएको लैङ्गिक उत्पीडनको अवस्था देखा पर्दछ । पण्डितनी बज्यै उग्र स्वभावकी छ भने पण्डित छविलाल नेपाल शान्त स्वभावका छन् । पण्डितनी बज्यै सबै जनालाई आफ्नो अधीनमा राख्न चाहिन्छ । ऊ सबैमाथि शासन गर्न चाहन्छे । उपन्यासको पहिलो परिच्छेदमै रूपमती भालेको डाँकमा नउठेको निहुँमा रूपमतीलाई पण्डितनी बज्यैले गाली गर्न थाल्छे । पण्डितनी बज्यैको गाली गराई छविलाल नेपाल (पण्डितजी) लाई कत्ति नै मन परेको थिएन । पण्डितनी बज्यै आफ्नो आक्रोश पोख्दै भन्छे- “यसरी ससुराले सिङ्गारिराखेर पो त दुलही बज्यै आकाशमा पुगेकी त्यसै हो र ? ए चमेली, चमेली ! आइज ए, आइज ! यिनै बसून्, खाऊन्, मेरो त केही लागेन भन्दै कोठाबाट फतफताउँदै निस्किन् । पण्डित छविलाललाई खलखली पसिना आयो” (पाण्डे, २०६९ : २) । छविलाल नेपाललाई अनाहकको

कचकच मन पर्दैन तर पण्डितनी बज्यै भने सानो निहुँमा पनि कचकच गरेर उसलाई मानसिक तनाव दिन्छे । पण्डितनी बज्यैको किचकिचको कारण छविलालले नेपाललाई खलखली पसिना आउँछ । शान्त स्वभावका कारण त्यसलाई सहेर बस्छन् । पण्डितनी बज्यैको उग्र स्वभावको कारण छविलाल नेपालको प्रतिष्ठामाथि प्रश्न चिन्ह खडा भएको छ । दुई-चार दिन बस्न आएको कान्छाबाको भदो रेवती साम् पारिवारिक प्रतिष्ठा छविलालले गुमाउनु परेको छ । छविलाल नेपाललाई मानसिक तनाव दिने र उसको सामाजिक प्रतिष्ठामाथि आँच पुऱ्याउने विभिन्न क्रियाकलापबाट उनी पीडित छ । पारिवारिक निर्णय प्रक्रियामा छविलाल नेपाललाई बेवास्ता गर्ने पण्डितनी बज्यैबाट ऊ उत्पीडित छन् । यहाँ विपरीत लिङ्गप्रतिको उत्पीडन प्रस्तुत भएको कारण विसमलैङ्गिक लैङ्गिक उत्पीडनको अवस्था देखा पर्दछ ।

### ५.२.३ सासूद्वारा बुहारीप्रति गरिएको लैङ्गिक उत्पीडन

**रूपमती** उपन्यासमा सासू र बुहारी बिचको सम्बन्ध हेर्दा बुहारीहरू पीडित भएको पाइन्छ । नेपाल परिवारमा देखिएको सासू र बुहारीको कलहले उपन्यासको आन्तरिक संरचना निर्माण गरेको छ । यहाँ पण्डितनी बज्यै र रूपमती तथा पण्डितनी बज्यै र बरालपुत्रीको सम्बन्धमा आधारित भएर सासूद्वारा बुहारीप्रति गरिएको लैङ्गिक उत्पीडनको विश्लेषण गरिन्छ ।

रूपमती र पण्डितनी बज्यैको सम्बन्धमा रूपमतीले सासूको बुहार्तन सहनु परेको छ । पण्डितनी बज्यै पितृसत्तावादी मानसिकता भएको शासक सासूको रूपमा उपन्यासमा प्रस्तुत भएकी छन् । उपन्यासको आरम्भ नै पण्डितनी बज्यैको रूपमतीप्रतिको आक्रोशबाट भएको छ । अघिल्लो दिन तीजको निराहार व्रत सबेकी रूपमती बिहान उठ्न केही ढिलो भए पछि सासू पण्डितनी बज्यै बखराउन थाल्छिन् । नेपाल परिवारमा यो नियमित क्रियाकलाप नै भएको पाइन्छ । सानैदेखि खराब स्वभावको रविलालले तेल पोखाउँछ र भाउजूले पोखेको आरोप लगाउँछ । त्यति मात्र नभएर भाउजूले पिटेको कुरा आमालाई सुनाएपछि पण्डितनी बज्यैको पारो तातिन्छ । पण्डितनी बज्यै “गर्जन थालिन्, ‘को देखेर हात छोडेकी ए डङ्किनी ! कसको बाबुको एक पैसा खाएको छ र पिटाइ खानलाई . . .यी सब कुरा एक सासमा भन्दै पनि थिइन्, बिचरी रूपमतीको जगल्टा पनि केलाउँदै थिइन्, मुख पनि च्यात्दै थिइन्” (पाण्डे, २०६९ : ६) । उपन्यासको यस घटनाले सासूको रूपमतीमाथिको उत्पीडनको नमुना प्रस्तुत गरेको छ । पण्डितनी बज्यै आफ्नो शक्तिको

उपयोग गर्दै रूपमतीप्रति दमनको क्रियाकलापमा संलग्न छिन् । ऊ बुहारीलाई कडा भन्दा कडा सजाय दिएर सासू मण्डलीको बैठकमा आफ्नो पुरुषार्थ प्रस्तुत गर्न र आफू कडा सासूको रूपमा दर्जिन चाहन्छे । बुहारीलाई कडा यातना दिएर आफू सर्वश्रेष्ठ बन्ने ध्याउन्नमा पण्डितनी बज्यै लागेकी छ । पण्डितनी बज्यैको मानसिकतामा बसेको गलत सामाजिक संस्कारको फल रूपमतीले भोग्नु परेको छ । नकचरी, डङ्किनी जस्ता भोग्नु परेको छ । नकचरी, डङ्किनी जस्ता शब्दले पार्ने मानसिक आघातका अतिरिक्त जगल्ट्याउनु, मुख च्यात्नु जस्ता क्रियाकलापले शारीरिक यातना समेत प्रचुर मात्रामा दिएको पुष्टि हुन्छ । सहनशीलता नै नारीको धर्म हो, कुल घरानकी छोरीले कहिल्यै मुख, हात छोड्नु हुँदैन भन्ने चेतनाले रूपमतीलाई प्रतिकारमा उत्रन दिँदैन । ऊ निरन्तर बुहार्तन खेप्न बाध्य भएकी छ ।

**रूपमती** उपन्यासमा रूपमतीले शारीरिक र मानसिक यातना प्रशस्त भोग्नु परेको छ । रूपमतीको माइतबाट खानेकुरा लिएर आएकी सन्तेकी बहिनी आएकी थिई । उसलाई सुनाउने उद्देश्यले पण्डितनी बज्यै भन्छिन् - "बिहान-बेलुकी अर्काले पकाइदिइराखेको भात ढाडियो, स्वाँठियो, पुगिहाल्यो । यस्तो बुहार्तन कसले सहन सक्तछ, खोइ ? म त साह्रै नै अघाएँ । बिहान-बेलुका आएर कसरी घिच्न सकेको नि ! खाने बेलामा भने तीन मानाले पुग्दैन । फेरि चोसेजिब्रो कस्तो छ ? तर्कारी नभई गाँस जाँदैन" (पाण्डे, २०६९:१८) । दिनभरि मेसिन सरह काम गर्दा पनि माइतबाट मान्छे आएको बेलामा यस्तो वचन सुन्दा रूपमती मानसिक तनावमा पर्छे । रूपमती माइतमा सन्तेकी बहिनीले यो खबर सुनाउँदा आमाको हात के होला भन्ने सोच्न थाल्छे । रूपमती निरन्तर सहन बाहेक केही प्रतिक्रिया जनाउँदिन । प्रतिक्रिया जनाउँदाको प्रतिफल कल्पना गर्दै ऊ मौन रहन्छे । यहाँ रूपमती पण्डितनी बज्यैको अवहेलना सहेर बस्छे । उसको श्रमको अवमूल्यनमा पनि मौन छे । रूपमती सहनशीलताको मन्त्र जपेर बसेकी छ । ऊ निरन्तर मानसिक र शारीरिक यातनाले पीडित छ ।

नेपाल परिवारकै कान्छी बुहारी बरालपुत्री र पण्डितनी बज्यैका बिचको सङ्घर्षपूर्ण सम्बन्ध उपन्यासमा देख्न सकिन्छ । बरालपुत्री आठौं परिच्छेददेखि उपन्यासमा प्रत्यक्ष रूपमा उपस्थित भएकी छ । ऊ आक्रमक र उग्र स्वभावकी छ । जेठी बुहारीको जस्तो सहनशीलता उसमा देखिन्न । उसमा धनको घमण्ड छ । माइतबाट ल्याएको सम्पत्तिको भरमा परिवारमा रवाफ देखाउन खोज्छे । माइतको प्रशंसा गरी कहिल्यै अघाउँदिन । पण्डितनी बज्यै (सासू) र बरालपुत्री (बुहारी दुवै उग्र भएको कारण यी दुईको विवादले

उत्कर्ष प्राप्त गर्छ र भिन्न भएर बस्ने निर्णय गर्दछन् । छविलाल नेपालको पैंतालिस दिनको कामको तयारीमा भएको विवाद रूपमतीले शान्त पार्छिन् । पैंतालिसको काम अघि सघाउन आएका मान्छेलाई भुल्याएको आरोपमा पण्डितनी बज्यै बुरालपुत्रीलाई गाली गर्दै भन्छिन् - "हेर यसको मुख, तँलाई पूजा गरेर राख्न ल्याएको हो भने कोठैमा अन्मरिरहँदी होस्, यहाँ सवारी होस् भनेर कसले बिन्ती गरेको थियो र ? काम गर्न पनि दिँदिरहिनछ । उल्टो फूर्ति पनि लाउँदी रहछि" (पाण्डे, २०६९:३९) । पण्डितनी बज्यै काम धमाधम भइरहेको बेला बरालपुत्रीले काम गर्ने मान्छेलाई अल्मल्याउँदा रिसले चुर हुन्छिन् र बुहारी (बरालपुत्री) माथि जाइलाग्छिन् । बरालपुत्री पनि चुप लागेर बस्दिनन् । उनी भन्छिन् - "कसैको काम बिगार्न भनी आएको होइन, कोठामा बस्यो भने कोठैमा बसिरहन्छे नाक-मुख देखिँदैन भन्ने गनगन सुन्नुपर्छ, के दशा लागेर यस्तो घरमा पर्न गइछु" (पाण्डे, २०६९:३९) । यस घटनाबाट उपन्यासमा बरालपुत्री र पण्डितनी बज्यैका बिचको विवाद आरम्भ भएको पाइन्छ । त्यस्तै उपन्यासको नवौं परिच्छेदमा चमेलीले खाना खाने बेलामा पानी ठाउँमा नराखेको र घरमा एक थोपा पनि पानी नभएपछि शर्माजी रिसाउँछन् । त्यसको कारण खोज्दै जाँदा बरालपुत्रीले चमेलीलाई आफ्नो काममा पठाएकी रैछ । यस क्रममा पनि सासू र बुहारीको जुहारी चल्छ । पण्डितनी बज्यै भन्छिन्- "हेर हेर यो कुजातको मुख ! मुखमुखै लाग्दिरहिछ ए' राँडीकी छोरी हाँडीमा परी, उम्लेर मरी" (पाण्डे, २०६९:४९) । यस प्रसङ्गमा बुहारीलाई गाली गर्ने क्रममा सासूले अनेक लाञ्छना लगाएकी छन् । सासूले कुजात, राँडी जस्ता अपशब्दले बुहारीलाई सम्बोधन गरी अपमान गरेकी छन् ।

उपन्यासको पन्ध्रौं परिच्छेदमा पण्डितनी बज्यै र बरालपुत्रीका बिचको झगडाले चरम रूप लिएको छ । रूपमतीको छोराको छैंटी (न्वारान) मा पकाएका मीठा-मीठा परिकारहरू धेरै भएपछि बिहानको लागि राखिन्छ । राति नै बरालपुत्रीले चोरेर खाई दिएपछि नेपाल परिवारमा पुनः झगडा हुन्छ । पण्डितनी बज्यैले सर्किनी भनेर सम्बोधन गरेपछि बरालपुत्री आक्रामक हुन्छे र सासूलाई जगल्ट्याउन पुग्छे । हरेक वचनमा बुहारीलाई नानाभाँती आरोप लगाउने उसको चरित्रमाथि जातमाथि केन्द्रित भएर समाजमा अपमान गर्ने सासू बुहारीलाई आफ्नो दास बनाउन चाहन्छिन् तर बरालपुत्री चुपचाप नबसी प्रतिकारमा उत्रन्छिन् । अन्ततः परिवार भिन्न हुन्छ । सासू र बुहारीका बिचको विवाद अन्त हुन्छ ।

उपान्यासमा सासू मण्डलीको बैठकमा सबै सासूहरू आफ्नो पुरुषार्थ सुनाउन तम्तयार देखिन्छन् । नरहरिकी कान्छी आमा, कप्तान्नी बज्यै, रामेकी आमा सासूहरू हुन् । यिनीहरूले सासू मण्डलीको बैठकमा आफूलो बुहारीलाई दिएको सास्तीको चर्चा गर्दछन् । उपन्यासकालीन समयमा बुहारीलाई आफ्नो अधीनमा राख्ने विषयमा सासूहरूको एकमत देखा पर्दछ । एउटी नारीले अर्की नारीलाई शोषण र दमन गर्ने समलैङ्गिक उत्पीडनका घटनाहरू नेपाली समाजमा परम्पराको रूपमा स्थापित भएको पाइन्छ । उपन्यासमा बरालपुत्री बाहेकका अन्य बुहारीहरू त्यसको प्रतिकार गर्न सक्दैनन् । उपन्यासका पाण्डे पनि प्रतिकार गर्ने नारीलाई नकारात्मक रूपमा प्रस्तुत गर्दछन् । यसबाट उपन्यासकार पनि निरन्तर सहनु पर्छ यही नै आदर्श नारीको पहिचान हो भनी प्रतिकारको विरुद्धमा देखा परेको पाइन्छ ।

### ५.२.४ मालिक/मालिक्नीद्वारा नोकर/नोकर्नीहरूप्रति गरिएको लैङ्गिक उत्पीडन

**रूपमती** उपन्यासमा नोकरहरूप्रति गरिएको लैङ्गिक उत्पीडनको घटनालाई हेर्दा समलैङ्गिक उत्पीडन र विसमलैङ्गिक उत्पीडनको स्थिति घटित भएको पाइन्छ । रविलालले बाटुली र चमेलीप्रति गरेको उत्पीडनको घटनालाई विसमलैङ्गिक र बरालपुत्रीले बेनामी नोकरलाई गरेको उत्पीडन समलैङ्गिक उत्पीडनको रूपमा चर्चा गरिन्छ । उपन्यास लेखनको समयमा चाकरी गर्ने, भान्से र अन्य कामदार राख्ने प्रचलन रहेकाले तिनीहरूलाई यहाँ नोकरको रूपमा चर्चा गरिएको छ ।

**रूपमती** उपन्यासको आठौं परिच्छेदमा मधुवन बरालले छोरीलाई घर पठाउँदा छोरीसँगै छोरीको सहयोगीको रूपमा बाटुलीलाई पठाएको पाइन्छ । बाटुली बरालपुत्री भन्दा चटपरचण्ड छे भनी उपन्यासमा उल्लेख गरिएको छ । पण्डित छविलाल नेपालको पैंतालिसको काम नजिकिँदै थियो । नेपालको घरमा सघाउने गाउँले इष्टमित्रको उपस्थिति थियो । त्यस बखत बरालपुत्री बारे टीका टिप्पणी हुन थालेपछि बाटुलीलाई असहय भयो र उसले पनि रविलालको कमी कमजोरी वा नकारात्मक पक्षको चर्चा गर्न थालीन् । बुहारीका माइतकी चाकरनीले त्यसो भन्दा पण्डितनी बज्यैलाई

> ". . .जुरूक्क उठेर उसका जगल्टामा हात पुऱ्याइहालिन् र निर्घातसँग चुट्न लागिन् । तेरीमा वेश्या ! आज मेरो छोराको हुर्मत लिने भएकी । भएका नभएका कुरा जोडेर बकवदा गर्ने भएकी ! बोसो लागेको बजिनीलाई ! फू : गर्दा ढल्लीजस्ती थी, अहिले त मेरो घरको अन्नले

स्वाँट्ठिनसम्म स्वाँट्ठी, किन मुखमुखै नलागोस् ! भन्दै गाला चड्काउँदै झर्कन लागिन्" (पाण्डे, २०६९ : ४१) ।

प्रस्तुत सन्दर्भमा पण्डितनी बज्यै बाटुलीलाई जगल्ट्याउन र गाला चड्काउन पुगेकी छ । एउटी आश्रित नारीप्रतिको यस्तो व्यवहारले उसको शोषकीय प्रवृत्ति प्रस्ट रूपमा देखा पर्दछ । पण्डितनी बज्यै चाकरनीको अतिरिक्त बुहारीहरूप्रति पनि निकै आक्रमक देखिन्छे । नेपाल परिवारमा बाटुली दोहोरो उत्पीडनको सिकार बनेकी छ । एकातिर पण्डितजी बज्यैको कुटाई खान्छे भने अर्कातिर रविलालाको यौन सन्तुष्टिको साधन बन्छे । बाटुली रविलालको क्रियाकलाप विरुद्ध बोले पनि आफूमाथि भएको यौन हिंसाको विरुद्ध बोल्न सक्दिन । समाख्याता भन्छन्- "बाटुलीले पनि गोलमाल उठाऊँ भने आफ्नै बरालबाजेहरूको पनि गिद्धिनी हुने भयो भन्ने सम्झेर चुपचाप घर गई" (पाण्डे, २०६९ : ४३) । बाटुलीमा यौन हिंसाको विरुद्धमा बोल्ने सामर्थ्य छैन । बोलेको खण्डमा बराल परिवारको समेत आँखाको तारो बन्नु पर्ने डरले ऊ बोल्दिन । तत्कालीन समाज नारीमैत्री नभएको कारण ऊ पीडा लुकाउन विवश छे । तत्कालीन समाजले त्यो घटना थाहा पाएमा बाटुलीलाई चरित्रहीन ठान्दछ । उसैलाई तिरस्कारको नजरले हेर्दछ । त्यही कारण बाटुली मौन रहेकी छ । यसरी बाटुली रविलाल र पण्डितनी बज्यैको दोहोरो उत्पीडनमा परेकी छ ।

**रूपमती** उपन्यासमा रविलाल गुण्डागिरी गर्ने, रण्डीवाजी गर्ने, धम्क्याउने, समाजमा नराम्रो छवि भएको पात्र हो । ऊ गाँजा, रक्सी खानेदेखि जुवा तासमा रमाउने गर्दछ । घरमा लामो समयदेखि चाकरनीको रूपमा रहेकी चमेलीलाई एउटा सानो निहुँमा लात हान्छ । समाख्याता भन्छन्- "एक दिन चुठ्ने बेलामा चमेलीले लोहोटामा पानी राख्न बिर्सिछु, बिचरीले त्यति सानो अपराधमा निर्घातसँग लात खाई" (पाण्डे, २०६९:५४) ।

रविलाल नोकर्नीको रूपमा घरमा काम गर्दै आएकी चमेलीलाई आफ्नो शक्ति देखाउँदै लात हान्छ । एउटा काम गर्ने मान्छे माथिको गरिएको हातपातले तत्कालीन समाजमा हुने नोकरमाथिको शारीरिक दमनको अवस्थालाई स्पस्ट गरेको छ । बालक कालदेखि बस्दै आएको घर रविलाल र बरालपुत्रीको पीरले चमेलीले छाडेकी छे । चमेलीको बहिर्गमनसँगै त्यस घरमा कुनै कामदार टिक्न सक्ने वातावरण सिर्जना भएको पाइँदैन । शारीरिक र मानसिक यातनाको सिकार बनेर कोही पनि बस्न सक्दैनन् । "अर्को नामकरण पनि हुन पाएको थिएन, घर लिप्ने लागेका बेलामा उनले भन्नासाथ जिलेबी-स्वारी किन्न गइन् भनेर 'उल्टी वेश्या सुल्टी वेश्या' भन्दै सानी (बरालपुत्री) ले उड्केकी थिइन्,

हिंडिहाली" (पाण्डे, २०६९ : ५५) । बरालपुत्री उग्र स्वभावकी थिई । उसले भनेको काम समयमा नहुँदा आफ्नो आक्रोश पोख्न चाकरलाई अनेक तरहका गाली गर्दछे । जसको कारण चाकरलाई मानसिक रूपमा तनाव हुन्छ । बरालपुत्री दवाव दिएरभए पनि आफ्नो काम लगाउन चाहन्छे तर चाकरहरू असहय भएपछि घर छोडेर हिँड्छन् । यसरी बरालपुत्रीको क्रियाकलापले नोकरलाई पीडा दिएको छ ।

नोकरप्रति गरिएको लैङ्गिक उत्पीडनको घटनाक्रमलाई हेर्दा रविलाल शारीरिक र मानसिक यातना प्रदान गर्ने पात्रका रूपमा देखा पर्दछ । उसले बाटुलीलाई गरेको यौन शोषण र चमेलीलाई गरेको शारीरिक शोषणको उसको शोषक व्यक्तित्त्वको निर्माण गरेको छ । एउटा पुरुष पात्रले नारी पात्रलाई गरेको शोषणले विसमलैङ्गिक उत्पीडनको तथ्य प्रस्तुत गरेको छ । त्यस्तै पण्डितनी बज्यैले बाटुलीलाई र बरालपुत्रीले नाम नखुलेको चाकरनीलाई गरेको शोषणले समलैङ्गिक उत्पीडनको तथ्य प्रस्तुत गरेको छ ।

## ५.३ निष्कर्ष

**रूपमती** उपन्यासलाई लैङ्गिक उत्पीडनका आधारमा विश्लेषण गर्दा समलैङ्गिक उत्पीडन र विसमलैङ्गिक उत्पीडनको अवस्थाबारे चर्चा गरिएको छ । पतिद्वारा पत्नीप्रति गरिएको लैङ्गिक उत्पीडन विसमलैङ्गिक उत्पीडन हो भने सासूद्वारा बुहारीप्रति गरिएको लैङ्गिक उत्पीडन समलैङ्गिक उत्पीडन हो । नोकरप्रति गरिएको लैङ्गिक उत्पीडनमा भने समलैङ्गिक र विसमलैङ्गिक दुवै उत्पीडनको स्थिति देखा पर्दछ । उपन्यासलाई लैङ्गिक उत्पीडन सम्बन्धी मान्यताको आधारमा विश्लेषण गर्दाको कसरी उत्पीडित भएको छ भन्ने कुराको खोजी गरिएको छ । त्यस क्रममा नेपाल परिवारका दुई छोराहरू हविलाल शर्मा र रविलाल पत्नीहरूलाई दमन गर्ने पतिको रूपमा प्रस्तुत भएका छन् । हविलाल शर्माले रूपमतीलाई मानसिक रूपमा पीडा प्रदान गरेको छ भने रविलालले बरालपुत्रीलाई शारीरिक र मानसिक दुवै तवरमा पीडा प्रदान गरेको छ । बरालपुत्रीले माइतबाट ल्याएको सम्पत्तिमा मोज मस्ती गर्न पील्कएका रविलाल बरालपुत्रीबाट पैसा पाउन छाडेपछि आक्रमणमा उत्रन्छ । विभिन्न बाहनामा बरालपुत्रीलाई थर्काउने र कुट्ने कार्यमा रविलाल सक्रिय छन् । बरालपुत्री र रूपमती पत्नी भएको कारण उत्पीडनको सिकार भएको उल्लेख गरिएको छ । पण्डित छविलाल नेपाल र मधुवन बराल पत्नी पीडित पतिको रूपमा उपस्थित भएका छन् । परिवारमा सम्पत्तिमाथिको अधिकार नहुनु, स्वतन्त्र रूपमा बाँच्न नपाउनु, पारिवारिक

निर्णयमा सहभागिता नहुनु जस्ता कारणले छविलाल नेपाल र मधुवन बराल लैङ्गिक उत्पीडनमा परेका छन् । छविलाल नेपाल र मधुवन बराल पत्नीका क्रियाकलापबाट आजित देखिन्छन् । पण्डितजी बज्यै बुहारीलाई शोषण गर्ने सासूको रूपमा उपस्थित छन् । रूपमती र बरालपुत्रीलाई शारीरिक र मानसिक यातना दिन पण्डितनी बज्यै सक्रिय भएकी छन् । उपन्यासमा रविलाल नोकरलाई शोषण गर्ने मुख्य पात्रको रूपमा देखा परेको छ । बाटुलीलाई यौन शोषण गरेको र चमेलीलाई अनाहकमा लात हान्ने शोषण गर्ने खराब प्रवृत्ति हो । त्यस्तै गरी पण्डितनी बज्यै र बरालपुत्री पनि नोकरलाई शोषण गर्ने पात्र हुन् । समग्रमा हेर्दा उपन्यासमा लैङ्गिक उत्पीडनमा पर्ने अधिकांश पात्रहरू नारी छन् । पितृसत्तात्मक समाजबाट नारीहरू उत्पीडनमा परेको देखिन्छ । छविलाल नेपाल र मधुवन बराल पत्नीहरूबाट पीडित भएको पाइन्छ । उपन्यासमा पीडा प्रदान गर्ने मुख्य कारकका रूपमा पितृसत्तावादी सामाजिक संरचना नै रहेको छ भने केही पुरुष पात्रहरू पनि लैङ्गिक उत्पीडनमा परेका छन् ।

परिच्छेद : छ

# सारांश र निष्कर्ष

**रूपमती** उपन्यासको लैङ्गिक अध्ययन शीर्षकको यस शोध प्रबन्धका अघिल्ला परिच्छेदमा उल्लेख गरिएका मुख्य कुराहरूको साराशं र निष्कर्ष यस परिच्छेदमा प्रस्तुत गरिएको छ । शोध प्रबन्धको सारांश खण्डमा हरेक परिच्छेदको मुख्य विवेच्य विषयको चर्चा गरिएको छ भने निष्कर्ष खण्डमा शोधको मुख्य प्राप्तिहरूको चर्चा गरिएको छ ।

## ६.१ सारांश

प्रस्तुत शोध प्रबन्ध छ परिच्छेदमा विभाजन गरिएको छ । प्रत्येक परिच्छेदको सारांश यहाँ प्रस्तुत गरिएको छ । **रूपमती** उपन्यासको लैङ्गिक अध्ययन शीर्षक शोध प्रबन्धको पहिलो परिच्छेदमा शोधको परिचय प्रस्तुत गरिएको छ । शोधको परिचय अन्तर्गत शोधको समस्या र उद्देश्यका निर्धारण, पूर्वकार्यको समीक्षा गरिएको छ । त्यस्तै शोधको सीमा निर्धारण र शोधकार्यका लागि आवश्यक सामग्री सङ्कलन विधि र विश्लेषणको ढाँचाको निर्धारण गरिएको छ ।

प्रस्तुत शोध प्रबन्धको दोस्रो परिच्छेदमा लैङ्गिक अध्ययनको सैद्धान्तिक परम्परा र कृति विश्लेषणको आधार प्रस्तुत गरिएको छ । यस परिच्छेदमा लैङ्गिक अध्ययनको परिचय, प्रारम्भ र विकास परम्पराबारे चर्चा गरिएको छ । सांस्कृतिक अध्ययनको एक पाटोको रूपमा विकसित लैङ्गिक अध्ययनको विकास क्रमको चर्चा गर्दा सन् १९६०-१९९० सम्मको अवधिलाई मुख्य केन्द्र बनाई चर्चा गरिएको छ । त्यस क्रममा नारीवादी लैङ्गिक अध्ययन, पुरुषवादी लैङ्गिक अध्ययन र सन्दिग्धतावादी लैङ्गिक अध्ययनको इतिहासलाई अध्ययनको मुख्य विषय बनाइएको छ । त्यस्तै लैङ्गिक अध्ययनको मूलभूत मान्यताको चर्चा गरिएको छ । नारीवाद, पुरुषवाद र सन्दिग्धतावादका आधारमा लैङ्गिक अध्ययनको मूलभूत मान्यताको चर्चा गरिएको छ । लैङ्गिक अध्ययन र संस्कृति अध्ययनका बिचको सम्बन्धको चर्चा गर्ने कार्य र उपन्यास विश्लेषणको सैद्धान्तिक आधारको निरूपण पनि यसै परिच्छेदमा गरिएको छ । उपन्यास विश्लेषणका लागि शक्ति सम्बन्ध, लैङ्गिक उत्पीडन, प्रभुत्त्व, पहिचान र प्रतिनिधित्त्वलाई मुख्य आधारको रूपमा चर्चा गरिएको छ र यी तत्त्वहरूको बारेमा सामान्य परिचय प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोध प्रबन्धको तेस्रो परिच्छेदमा **रूपमती** उपन्यासका पात्रहरूको लैङ्गिक चिनारी दिएको छ । उपन्यासका पात्रहरूलाई पुरुष पात्र र महिला पात्रमा वर्गीकरण गरी ती पात्रलाई कार्य, लिङ्ग, जीवन, चेतना, प्रवृत्ति, स्वभाव आदिका आधारमा परिचित गराइएको छ । उपन्यासका मुख्य र सहायक पात्रलाई भिन्न-भिन्न रूपमा र गौण पात्रहरूलाई एउटै उपशीर्षक अन्तर्गत राखी चर्चा गरिएको छ ।

शोध प्रबन्धको चौथो परिच्छेदको शीर्षक **रूपमती** उपन्यासमा शक्ति सम्बन्ध रहेको छ । यस परिच्छेदमा मार्क्स र फुकोको शक्ति सम्बन्धी मान्यताका आधारमा उपन्यासको शक्ति सम्बन्धको अवस्थाबारे चर्चा गरिएको छ । आर्थिक उत्पादन, पारिवारिक निर्णय प्रक्रिया र सामाजिक संरचनाको आधारमा को शक्तिको केन्द्रमा रहेको छ ? र को शक्तिको परिधिमा रहेको छ भन्ने बारेमा यहाँ उल्लेख गरिएको छ । यस क्रममा पारिवारिक शक्ति सम्बन्ध अन्तर्गत पति र पत्नी बिचको, सासू र बुहारी बिचको, देउरानी र जेठानी बिचको, नोकर र मालिक बिचको शक्ति सम्बन्ध र अन्तर पारिवारिक शक्ति सम्बन्ध अन्तर्गत नेपाल परिवार र लुइँटेल परिवार तथा नेपाल परिवार र बराल परिवार बिचको शक्ति सम्बन्ध बारे अध्ययन विश्लेषण गरिएको छ ।

प्रस्तुत शोध प्रबन्धको पाँचौ परिच्छेदमा **रूपमती** उपन्यासमा लैङ्गिक उत्पीडनको विश्लेषण गरिएको छ । यस परिच्छेदमा पुरुषसत्तात्मक समाजमा नारीले भोग्नु परेको शारीरिक र मानसिक पीडा र पुरुषले भोग्नु परेको मानसिक पीडा बारे चर्चा गरिएको छ । यस क्रममा समलैङ्गिक उत्पीडन र विसमलैङ्गिक उत्पीडनका अवस्थाको अध्ययन गरिएको छ । यहाँ लैङ्गिक उत्पीडन सम्बन्धी अध्ययन विश्लेषण गर्दा पतिद्वारा पत्नीप्रति सासूद्वारा बुहारीप्रति गरिएको र मालिकद्वारा नोकरप्रति गरिएको लैङ्गिक उत्पीडनको विषयमा चर्चा गरिएको छ ।

## ६.२ निष्कर्ष

**रूपमती** उपन्यासको लैङ्गिक अध्ययन शीर्षक शोध प्रबन्धको पहिलो परिच्छेदमा निर्धारण गरिएको दुईवटा समस्याहरूको शोधपूर्ण समाधान यस शोधकार्यमा गरिएको छ । शोध प्रबन्धमा उल्लिखित शोधपूर्ण समस्याको समाधानार्थ पाश्चात्य साहित्य समालोचनाको क्षेत्रमा पछिल्लो समयमा विकसित लैङ्गिक अध्ययन सम्बन्धी सैद्धान्तिक मान्यताको उपयोग गरिएको छ । लैङ्गिक अध्ययन सांस्कृतिक अध्ययन पद्धतिको एक पाटोको रूपमा विकसित

सैद्धान्तिक मान्यता हो । यसभित्र नारीवादी लैङ्गिक अध्ययन पुरुषवादी लैङ्गिक अध्ययन र सन्दिग्धतावादी  लैङ्गिक अध्ययनको चर्चा गरिन्छ । त्यस्तै सांस्कृतिक अध्ययनको एक अङ्ग भएको कारण यसले शक्ति सम्बन्ध, प्रभुत्त्व, प्रतिनिधित्व र पहिचान लगायत अन्य पक्षलाई पनि अध्ययनको क्षेत्र बनाएको पाइन्छ । लैङ्गिक अध्ययनले फुकोको शक्ति, आल्थुसरको विचारधारा, ग्राम्चीको प्रभुत्त्व र मार्क्सवादी मान्यतालाई कृति विश्लेषणको निम्ति उपयोग गरेको पाइन्छ । यस शोधकार्यमा पनि तिनैलाई आधार मानी कृतिको विश्लेषण गरिएको छ । यस सैद्धान्तिक मान्यतालाई आधार मानी समस्या कथनमा प्रस्तुत दुईवटा समस्याको शोधपूर्ण समाधान खोज्दा प्राप्त तथ्यलाई निष्कर्षको रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोध प्रबन्धको समस्या कथनमा दिइएको पहिलो शोध प्रश्नको समाधानको लागि परिच्छेद चारमा **रूपमती** उपन्यासमा शक्ति सम्बन्धको विश्लेषण गरिएको छ । शक्ति सम्बन्धको खोजी गर्ने क्रममा एउटै परिवारका बिचको शक्ति सम्बन्धको चर्चा पारिवारिक शक्ति सम्बन्ध अन्तर्गत र दुई परिवारका बिचको शक्ति सम्बन्धको चर्चा अन्तर पारिवारिक शक्ति सम्बन्ध अन्तर्गत गरिएको छ । पारिवारिक शक्ति सम्बन्ध अन्तर्गत पति र पत्नी बिचको शक्ति सम्बन्धमा कतै नारी शक्ति केन्द्रमा रहेका छन् भने कतै पुरुष शक्तिको केन्द्रमा रहेका छन् । पण्डितनी बज्यै र बरालनी बज्यै दुई नारी पात्र शक्तिको केन्द्रमा रहेका छन् । पितृसत्तात्मक समाजमा पनि पण्डितनी बज्यै र बरालनी बज्यै आफ्नो रवाफको कारण शक्तिको केन्द्रमा रहेका छन् तर तत्कालीन समाजमा यी दुई नारी पात्रलाई प्रतिकूल चरित्रको रूपमा चित्रण गरिएको छ । यसलाई पितृसत्तात्मक मानसिकताको उपज मान्न सकिन्छ । त्यस्तै हविलाल शर्मा, रविलाल र मोहनप्रसाद लुइँटेल तीन पुरुष पात्रहरू पनि पुरुष भएको आधारमा शक्ति केन्द्रमा रहेका छन् । यी तिन पुरुष पात्रहरूमध्ये हविलाल र मोहनप्रसाद लुइँटेलका पत्नीहरू हेजेमोनाइज्ड छन् भने रविलालकी पत्नीले प्रतिरोध गर्न खोजे पनि रविलाल दमनमा उत्रन्छ र शक्तिशाली बन्दछ । सासू र बुहारीका बिचको शक्ति सम्बन्धबारे अध्ययन विश्लेषण गर्दा आरम्भमा निरीह र कमजोर देखिएकी रूपमती अन्तमा शक्तिको नयाँ केन्द्रको रूपमा स्थापित भएको पाइन्छ । पितृसत्तावादी मान्यताले निर्धारण गरेको आदर्श नारीका गुणहरूको आधारमा रूपमतीलाई शक्तिको केन्द्रको रूपमा स्थापित गरिएको छ । देउरानी र जेठानी बिचको शक्ति सम्बन्धलाई हेर्दा जेठानी रूपमा केन्द्रीय शक्तिको रूपमा र देवारनी बरालपुत्री परिधीय शक्तिको रूपमा स्थापित भएका छन् । उपन्यासमा उपस्थित मालिक र नोकरका बिचको शक्ति सम्बन्धबारे अध्ययन गर्दा

मालिकहरू नै शक्तिको केन्द्रमा रहेको देखिन्छ । मालिकहरूले नोकरलाई दमन गरेर आफूलाई केन्द्रीय शक्तिको रूपमा स्थापित गरेको पाइन्छ । चमेली र बाटुली जस्ता कामदारहरूलाई रविलालले गरेको शोषणले तत्कालीन समाजमा हुने महिला हिंसाको घटनालाई प्रस्तुत गरेको छ । घरको न घाटनको हुने डरले बाटुली जस्ता महिला कामदारहरू यौन हिंसालाई चुपचाप सहन बाध्य छन् भन्ने कुरालाई देखाइएको छ । अन्तर पारिवारिक शक्ति सम्बन्ध अन्तर्गत नेपाल परिवार, बराल परिवार र लुइँटेल परिवारको शक्ति सम्बन्धको चर्चा गरिएको छ । बराल परिवार विघटन भई छिन्नभिन्न भएको छ र लुइँटेल परिवार उत्तराधिकारी विहीन भएको छ भने विघटन भएको नेपाल परिवार पुनः एकीकृत भएर शक्तिशाली बन्दै गएको छ । तसर्थ अन्तर पारिवारिक शक्ति सम्बन्धमा नेपाल परिवार शक्तिशाली भएको निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोध प्रबन्धको समस्या कथनमा उल्लिखित दोस्रो शोध प्रश्नका रूपमा **रूपमती** उपन्यासमा लैङ्गिक उत्पीडनको अवस्था रहेको छ । यस समस्याको प्राज्ञिक समाधान शोध प्रबन्धको पाँचौं परिच्छेदमा गरिएको छ । उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनाको कारण अधिकांश नारीहरू लैङ्गिक उत्पीडनमा परेको पाइन्छ । यस परिच्छेदमा पतिद्वारा पत्नीप्रति गरिएको, पत्नीद्वारा पतिप्रति गरिएको, सासूद्वारा बुहारीप्रति गरिएको र मालिकद्वारा नोकरप्रति गरिएको लैङ्गिक उत्पीडनको चर्चा गरिएको छ । उपन्यासमा पत्नीलाई शोषण गर्ने पतिका रूपमा रविलाल र हविलाल शर्मा रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । हविलाल शर्माले रूपमतीलाई मानसिक रूपमा उत्पीडनमा पारेको र रविलालको बरालपुत्रीलाई शारीरिक र मानसिक रूपमा उत्पीडनमा पारेको तथ्य प्रस्तुत गरिएको छ । त्यस्तै पत्नीद्वारा पतिप्रति गरिएको लैङ्गिक उत्पीडन अन्तर्गत पण्डित छविलाल नेपाल र मधुवन बराल पत्नी पीडित पतिका रूपमा रहेको उल्लेख गरिएको छ । नेपाल र बराल पत्नीका विभिन्न क्रियाकलापद्वारा मानसिक रूपमा तनावमा परेका छन् । मधुवन बराल आफ्नो कमाइको उपयोग गर्नबाट वञ्चित हुनु परेको छ र अन्तमा समाजमा अपमानित हुनु परेको छ । मधुवन बराल र पण्डित छविलाल नेपाल पत्नीद्वारा पीडित पति हुन् भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

**रूपमती** उपन्यासलाई लैङ्गिक उत्पीडनका आधारमा विश्लेषण गर्ने क्रममा सासूद्वारा बुहारीप्रति गरिएको लैङ्गिक उत्पीडन र नोकरप्रति गरिएको लैङ्गिक उत्पीडनको समेत चर्चा गरिएको छ । पण्डितनी बज्यै पितृसत्तात्मक मानसिकताको नेतृत्व गर्ने नारी

पात्र हुन् । उनी आफ्ना दुई बुहारीलाई अधीनमा राख्न चाहन्छिन् । बुहारीलाई कडा शासनमा राख्नुपर्छ भन्ने उनको मानसिकता रहेको छ । रूपमती सहनशील नारी भएको कारण बढी पीडा भोग्न विवश छिन् भने बरालपुत्रीमा प्रतिरोधी चेतना विकास भएको पाइन्छ । आरम्भमा दुवै बुहारीलाई शासन गर्न खोजे पनि अन्तमा रूपमतीप्रति सकारात्मक भावना पण्डितनी बज्यैले राखेको पाइन्छ । झट्ट हेर्दा एउटा नारीले अर्को नारीलाई गरेको शोषण देखिए पनि पितृसत्तावादी मानसिकताबाट दुई बुहारी पीडित भएको देखिन्छ । नोकरप्रति गरिएको लैङ्गिक उत्पीडनमा रविलालले बाटुली र चमेलीलाई गरेको शोषणको मुख्य रूपमा चर्चा गरिएको छ । चमेलीलाई लात्तीले हानेर महिला हिंसामा उत्रिएको रविलाल बाटुलीलाई यौन शोषणको क्रियाकलापमा समेत क्रियाशील भएको छ । तसर्थ रविलाल नोकरप्रति लैङ्गिक उत्पीडनमा सक्रिय देखिन्छ । उपन्यासमा समलैङ्गिक उत्पीडन र विसमलैङ्गिक उत्पीडनका घटनाहरू प्रशस्त घटेका छन् । यहाँ पितृसत्तात्मक सामाजिक संरचना लैङ्गिक उत्पीडनको मुख्य कारकको रूपमा रहेको छ ।

**रूपमती** उपन्यासको लैङ्गिक अध्ययन शीर्षकको यस शोधप्रबन्धमा उपन्यासका चरित्रका आधारमा कृतिको विश्लेषण गरिएको छ । उपन्यासकार रुद्रराज पाण्डेले आफू बाँचेको परिवेशको चित्रलाई यस उपन्यासमा प्रस्तुत गरेका छन् । बराल परिवारको चित्रणका सम्बन्धमा भने लेखकीय तटस्थता प्रस्तुत गर्न उपन्यासकार चुकेका छन् । आयाममा सानो देखिए पनि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा एक सय भन्दा बढी पात्रको उपस्थिति उपन्यासमा देख्न सकिन्छ । नेपालको तत्कालीन सामाजिक संरचनामा रहेको पितृसत्तात्मक सोचलाई उपन्यासमा प्रस्तुत गरिएको छ । तत्लकालीन नेपाली समाजमा रहेको महिला हिंसाको घटनालाई जस्ताको तस्तै प्रस्तुत गर्नु उपन्यासको सबल पक्ष हो । तत्कालीन नेपाली परिवेशमा चाकर, चाकरनी, भान्से राख्ने र उनीहरूप्रति गरिने उत्पीडनकारी संस्कृतिलाई उपन्यासले यथार्थ रूपमा प्रस्तुत गरेको छ । लैङ्गिक हिंसाको सन्दर्भमा नारी मात्र नभएर पुरुष पनि लैङ्गिक हिंसाको सिकार बन्दछन् भन्ने विचारको प्रक्षेपणलाई उपन्यासकारको दूर दृष्टि हो भन्न सकिन्छ । उपन्यासकार तत्कालीन सामाजिक आवश्यकता अनुरूप मुख्य पात्र रूपमतीको निर्माण गरको छन् भने नारी र पुरुष पात्रमा रहेको कमजोरीको चर्चा गर्दै अर्ती र उपदेश दिनको लागि रासविहारी जस्तो पात्रको निर्माण गरेका छन् । समग्रमा भन्नुपर्दा रूपमती उपन्यासको केन्द्रंमा नारीपात्र भए पनि उनीहरूले पितृसत्तावादी विचारलाई आफ्नो ठानी स्वीकार गरेका छन् । औपन्यासिक समाजमा

पितृसत्ताद्वारा निर्मित विभिन्न नियमलाई सहर्ष स्वीकार गरी आदर्श नारी बन्ने उत्प्रेरणा भएकी रूपमती तत्कालीन समाजमा विद्यमान पुरुषवादी विचारको परिचालकको रूपमा समेत देखा परेकी छ । उपन्यासका सम्पूर्ण नारी पात्रहरू पुरुषवादी विचारबाट हेजेमोनाइज्ड भएका छन् । उनीहरूमा लैङिगक सचेतनाको अभाव देखिन्छ । उपन्यासका पुरुष पात्रहरूमा शासकीय मानसिकता प्रबल रूपमा देखिन्छ भने नारी पात्रहरूमा पनि त्यसप्रतिको आशक्ति देखा पर्दछ । उपन्यासमा सक्रियताको आधारमा नारी पात्रहरू केन्द्रमा रहे पनि वैचारिक रूपमा पुरुषपात्रहरू सबल रहेका छन् । उपन्यासका नारी पात्रहरूले पितृसत्तावादी विचारलाई अगाडि बढाएका छन । उपन्यासकार पुरुष भएको कारण उपन्यासमा नारीहरूको मनोविज्ञानलाई प्रस्तुत गर्ने क्रममा कतै कतै चुकेका छन् । रविलाल अन्य स्त्रीसँग लाग्दा पनि बरालपुत्रीमा ईर्ष्याको भाव देखा नपार्नाले यसको पुष्टि गर्दछ । उपन्यासको लैङ्गिक अध्ययन गर्दा तत्कालीन सामाजिक संरचनामा नारी पुरुषको अवस्था, पितृसत्तात्मक सोचको कारण नारीले भोग्नु परेको पीडा, महिला हिंसा, नोकरले भोग्नु पर्ने हिंसात्मक क्रियाकलाप आदिलाई समेटी तत्कालीन नेपाली समाजको यथार्थ चित्र प्रस्तुत गर्नु **रूपमती** उपन्यासको मुख्य प्राप्ति हो ।

# सन्दर्भ सामग्री सूची


इरेनवम, अरूण.

सन्, २०११. **जेन्डर स्टडिज**. न्यू दिल्ली : म्याक्सफोर्ड बुक्स ।

उप्रेती, सञ्जीव.

२०६८ **सिद्धान्तका कुरा**. काठमाडौँ : अक्षर क्रियसन नेपाल ।

गुरागाईं, राधिका.

२०७०. "प्रेमपिण्ड नाटकको लैङ्गिक अध्ययन" अप्रकाशित शोधप्रबन्ध, दशनाचार्य तह, कीर्तिपुर : त्रि.वि. ।

गौतम, कृष्ण.

२०५९. **आधुनिक आलोचना : अनेक रूप अनेक पठन**. (दो.सं.) ललितपुर : साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद.

२०६६. **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना**. काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

चापागाईं, निनु.

२०५९. **सन्दर्भ संस्कृति र सांस्कृतिक रूपान्तरण**. (दो.सं.) काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

चापागाईं, विष्णुप्रसाद.

२०६१ "रूपमती उपन्यासको कृतिपरक अध्ययन". स्नातकोत्तर शोधपत्र. अप्र. त्रि.वि कीर्तिपुर ।

टोलान, फियनो.

सन् २००७. **फेमिनिज्मस् लिटरेचर थ्यौरी एन्ड क्रिटिसिज्म.** लन्डन : अक्सफोर्ड युनिभर्सिटि प्रेस ।

ढकाल, मनहरि.

२०६७. **शक्ति र राजनीति**. काठमाडौँ : दीक्षान्त प्रकाशन ।

ढकाल, रजनी.

२०६९ 'नेपाली नारी उपन्यासमा लैङ्गिकता' ***जुही.*** सम्पा. चूडामणि रेग्मी, पूर्णाङ्क ६०, झापा, पृ. ४८-५८ ।

नायर, प्रमोद के.

सन् २००८. **एन. इन्ट्रोडक्सन टु कल्चरल स्टडिज**. दिल्ली : भिभाबुक्स ।

त्रिपाठी, सुधा.

सन् २०१२. **नारीवादी सौन्दर्य चिन्तन**. काठमाडौँ : भृकुटी एकेडेमी पब्लिकेसन ।

पाण्डे, ज्ञानु.

२०६९. **नेपाली उपन्यासमा लैङ्गिकता**. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डे, रुद्रराज.

२०६९. **रूपमती**. (पच्चिसौं संस्क.) काठमाडौँ : साझा प्रकाशन ।

पाण्डेय, खुमराज.

२०४०. ''साहित्यकार रुद्रराज पाण्डेको जीवनी व्यक्तित्व र कृति□वको अध्ययन'' अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

पोखेल, विन्दु र मिरा मिश्र.

२०६७. 'परिवार तथा लैङ्गिकता'. **लैङ्गिक अध्ययन**. सम्पा. चन्द्रा भद्रा, काठमाडौँ ।

....................

२०६७. 'समाजीकरण तथा लैङ्गिकता'. **लैङ्गिक अध्ययन**. सम्पा. चन्द्रा भद्रा, काठमाडौँ ।

प्रधान, कृष्णचन्द्रसिंह.

२०४३. **नेपाली उपन्यास र उपन्यासकार (दो.संस्क.)**, काठमाडौँ : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र.

२०३९-२०४०. 'आधुनिक नेपाली उपन्यासको प्रतिष्ठापन र रूपमती उपन्यास' ***वाङ्मय,*** पूर्णाङ्क ३, पृ. ३४ ।

बराल, ऋषिराज.

२०६४. **साहित्य र समाज**. काठमाडौँ : र ान ।

बराल, कृष्णहरि.

२०४६. असोज. 'रूपमती उपन्यास : आधुनिकताको प्रश्न'. सम्पा. कृष्णभक्त श्रेष्ठ, *मधुपर्क,* पूर्णाङ्क २४४, वर्ष २२, अंक ५, पृ. ४६-४७।

बराल, कृष्णहरि र नेत्र एटम.

२०६६. **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**. (ते.सं.) ललितपुर : साझा प्रकाशन ।

भट्टराई. रमेशप्रसाद.

२०६५. 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू' ***भृकुटी*** (सम्पा. मोदनाथ प्रश्रित) पूर्णाङ्क-८ काठमाडौँ, पृ. ४८-७७।

भट्टराई, रमेशप्रसाद.

२०६८ 'लैङ्गिक समालोचना' **रत्न वृहत् नेपाली समालोचना ग्रन्थ**. सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मण प्रसाद गौतम. काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भसिन, कमला.

सन् १९९३. **ह्वाट इज् प्याट्रियार्सी**. न्यू दिल्ली : काली फर वमन प्रेस

मिश्र, चैतन्य.

२०६७. **बदलिदो नेपाली समाज**. (अनु: राजेन्द्र महर्जन) ललितपुर : फाइनप्रिन्ट ।

मोसी, जुलिया क्लेम्स.

सन् १९९३. **हाफ द वर्ल्ड हाफ अ चान्स**. लण्डन : अक्सफाम पब्लिकेसन ।

राई, इन्द्रबहादुर.

२०५९. **नेपाली उपन्यासका आधारहरू**. (तेस्रो.सं.) काठमाडौँ : साझा प्रकाशन ।

वार्कर, क्रिस.

सन् २०००. **कल्चरल स्टडिज थ्यौरी एण्ड प्राक्टिस**. (तेस्रो सं.) लन्डन, सेज पब्लिकेसन ।

शर्मा, मोहनराज.

२०६६. **आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना**. काठमाडौँ : क्वेस्ट पब्लिकेसन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल.

२०६१. **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, तारालाल.

२०६८. **शक्ति, स्रष्टा र सवाल्टर्न**. काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

सुवेदी, राजेन्द्र.

२०६४. **नेपाली उपन्यास परम्परा प्रवृत्ति**. (दो.सं.) ललितपुर : साझा प्रकाशन ।

हल, स्टुवार्ट.

सन् १९९७. **कल्चरल रिप्रिजेन्टेसन एण्ड सिग्नीफाइङ्ग प्राक्टिस**. लन्डन : सेज पब्लिकेसन ।